<u>परिच्छेद -१</u>

# शोध-परिचय

## १.१. विषयपरिचय

कवि भुवनहरि सिग्देल नेपाली साहित्यको विशेषतः पद्य कविताको फाँटमा चर्चित नाम हो । आफ्नो जीवनको विद्यार्थी कालदेखि नै नेपाली साहित्यमा विशेष अभिरुचि राख्ने सिग्देलले साहित्यलेखनको अभ्यास पनि जीवनका पूर्वार्धबाट नै गरेको पाइन्छ । औपचारिक रूपमा वि.स. २०२२ मा नेपाली साहित्य जगतको सुपरिचित पत्रिका **"प्रभात"** मा 'तर्साउने परम्परा र शिशुहरू' शीर्षकको निबन्ध लिएर सिग्देल नेपाली साहित्यका पाठकहरूमाझ देखापरेको हुन् । जीवनयापनका क्रममा स्थायी पेशा नोकरीलाई छाने पनि सिग्देलले साहित्यसाधनामा पनि कम्ती समय दिएको देखिँदैन । उनी झण्डै चार दशकदेखि नेपाली साहित्यको वाटिकामा रम्दै/रमाउदै आएको पाइन्छ ।

वर्तमान समयमा नेपाली साहित्यको कविता र काव्यको फाँटमा लहलह झुलेका देखिने सिग्देलभित्रका अन्य प्रतिभाहरूमा कथाकारिता, निबन्धकारिता, सम्पादन रहेका छन् । नोकरीको क्षेत्रमा व्यस्त हुँदाहुँदै पनि बिहानबेलुका र अन्य फुर्सदका समयमा साहित्यिक रचनाहरू गर्न रुचाउने भुवनहरि सिग्देलका हालसम्ममा कविता विधासङ्ग सम्बन्धित झण्डै एक दर्जन कृतिहरू बाहिर आइसकेका छन् । ती कृतिहरूमा **'आर्तनाद'** (खण्डकाव्य)- वि.सं.२०५४, **'खाते'** (नव्यकाव्य) - वि.सं.२०५५, **'धरणीधर'** (महाकाव्य)- वि.सं.२०५५, **'मेनुका'** (महाकाव्य)- वि.सं.२०५६, **'कुलबहादुर'** (खण्डाकाव्य)- वि.सं.२०५८, **'डल्ले'** (खण्डकाव्य)- वि.सं.२०५९, **'विभुधारा'** (महाकाव्य)- वि.सं.२०६१, **'रो कविता'** (कवितासङ्ग्रह)- वि.सं.२०६१ **'समयचक्र'** (खण्डकाव्य)- वि.सं.२०६४ रहेका छन् । यीबाहेक उनका कथाहरू सङ्कलित एउटा कथासङ्ग्रह प्रकाशनको अन्तिम तयारीमा पुगेको छ । यसरी नेपाली कविताका क्षेत्रमा वर्णमात्रिक छन्दको प्रयोग गरी कविता र काव्यकृति तयार पार्ने सिग्देलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यसअघि नै अध्ययन भइसके पनि उनको खण्डकाव्यकारिताका बारेमा कहीँ कतै खोजविन/लेखाजोखा भएको पाइँदैन । त्यसैले सिग्देलको खण्डकाव्यकारिताको अध्ययन र विश्लेषण नै यस शोध पत्रको क्षेत्र रहनेछ ।

## १.२. समस्याकथन

नेपाली साहित्यमा मुख्य रूपले कवितालेखनको क्षेत्रमा सक्रिय भुवनहरि सिग्देलको औपचारिक रूपमा प्रथमपटक प्रकाशित साहित्यिक कृति **'तर्साउने परम्परा र शिशुहरू'** शीर्षक निबन्ध हो । विद्यार्थीकालदेखिनै नेपाली साहित्यमा रुचि देखाउदै आएका सिग्देलको पद्य कवितालेखनमा विशेष

दख्खल छ । प्रस्तावित शोधपत्र सिग्देलको कवितालेखनको पनि खण्डकाव्यकारितको निम्न समस्यामा केन्द्रित भएर तयार पारिएको छ :

क) कवि भुवहरि सिग्देलको परिचय के कस्तो छ ?

ख) खण्डकाव्यलेखनको क्षेत्रमा उनी कसरी आकर्षित भए ?

ग) उनका खण्डकाव्यहरूको संरचना के कस्तो छ ?

घ) नेपाली खण्डकाव्य परम्परामा सिग्देलको खण्डकाव्यगत प्रवृति के कस्तो छ ?

ङ) नेपाली खण्डकाव्य परम्परामा सिग्देलको योगदान के कस्तो रहेको छ ?

## १.३. शोधकार्यको उद्देश्य

वि.स. २०२२ मा **'तर्साउने परम्परा र शिशुहरू'** शीर्षकको निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा विधिवत् रूपमा देखापरेका सिग्देलले नेपाली साहित्यमा दिएको योगदान विशिष्ट छ । नेपाली साहित्यका कथा, निबन्ध, कविता, काव्य आदि विधामा कलम चलाउदै आएका सिग्देलको कवि व्यक्तित्व र खण्डकाव्यकारितासङ्ग सम्बन्धित यस शोधपत्रको उद्देश्य देहायअनुसार रहेको छ :

(क) कवि भुवनहरि सिग्देलको परिचय दिनु ।

(ख) उनी कवितालेखनमा आकर्षित हुनुको रहस्य खोतल्नु,

(ग) उनका खण्डकाव्यहरूको संरचनाको निरुपण गर्नु,

(घ) नेपाली खण्डकाव्य परम्परामा सिग्देलको खण्डकाव्यगत प्रवृत्तिहरू खोतल्नु,

(ङ) नेपाली खण्डकाव्य परम्परामा सिग्देलको योगदानको लेखाजोखा गर्नु

## १.४. पूर्वकार्यको समीक्षा

भुवनहरि सिग्देल नेपाली साहित्यको कथा, निबन्ध, कविता जस्ता विविध विधामा संलग्न व्यक्तित्व हुन् । यी विविध विधाहरूमा संलग्नता हुादाहुादै पनि कविता विधासङ्ग सिग्देलको सान्निध्यता बढी देखिन्छ । भुवनहरि सिग्देलको साहित्यिक जीवनी, उनका कविताकारिता, उनका कृतिहरूका बारेमा विभिन्न विद्वान्, समीक्षक, समालोचकहरूले परिचय, चर्चा, विश्लेषण र समालोचना गरिसकेको पाइन्छ । तर पनि उनको काव्यकारिताको बारेमा गहन तरिकाले अध्ययन र विश्लेषण गरेर कुनै खास कृति प्रकाशनमा ल्याएको पाइादैन । यहाा उनका बारेमा हालसम्म भएगरेका अध्ययनसम्बन्धी सन्दर्भलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

हेमराज ज्ञवालीले **'खाते'** खण्डकाव्यमाथि समीक्षात्मक लेख लेखेका छन् । उक्त लेखमा ज्ञवालीले भुवनहरि सिग्देलले रचेको खातेलाई विषय बनाई लोप हुादै जानलागेको वर्णमात्रिक छन्दलाई केही

हदसम्म भए पनि जीवित राख्ने उद्देश्य लिएर रचित समसामयिक विषयको **'खाते'** काव्यले नेपाली कवितासाहित्यको फाँटलाई उर्वरा पार्ने पक्का छ भनी आफ्नो विचार प्रकट गरेका छन् ।[१]

कृष्णप्रसाद भण्डारीले **'कुलबहादुर'** खण्डकाव्यको पुस्तकसमीक्षामा 'शास्त्रीय छन्दमा कविता लेख्न सिपालु खण्डकाव्यकार, विभिन्न छन्द र अलङ्कारको प्रयोगका साथै राष्ट्रप्रेम, प्रकृतिचित्रण, नैतिकता, सच्चरित्रता र आदर्शको सेरोफेरोमा कुलबहादुर खण्डकाव्य फन्को मारेको छ । ' वर्तमान नेपाली जनजीवलाई छर्लङ्ग पार्ने तथा नैतिक आदर्श र चरित्रमा ह्रास आई विकृति र विसङ्गतिले जन्म लिादा हुने भयावह स्थितिको वर्णन गरिएको सफल छन्दोबद्ध खण्डकाव्य भनी आफ्ना धारणा राखेका छन् ।[२]

हेमराज ज्ञवालीले **'कानी'** खण्डकाव्यमाथिको समीक्षात्मक लेखमा साहित्यजगत्को दायित्व निर्वाह गर्ने कवि भुवनहरि सिग्देलले नेपालका जल्दोबल्दो समस्याका बारेमा काव्यरचना गरी साहित्य जगतलाई तिरी नसक्नुको गुण लगाएका छन् भनी  सिग्देलको काव्यकारिताको एक विशेषतलाई कोट्याएका छन् ।[३]

कृष्णप्रसाद पराजुलीले **'खाते'** नव्यकाव्यको भूमिकामा '**खाते**' नव्यकाव्यको चर्चा गर्दै छन्दमा कुद्न सक्नु कविको सिर्जनशैलित्वको विशेषता हो भनेका छन् । साथै कवि भुवनहरि सिग्देलले आफ्नो काव्यिक अभ्यासलाई खारेर छन्दलाई कज्याउन सिकेका छन् । छन्दलाई कज्याउनु साधारण कुरो होइन । छन्दलाई कज्याउन सके आधुनिक भाव मजासङ्ग दिन सकिन्छ भन्ने एउटा दृष्टान्त पनि यो काव्य भएको छ भन्ने विचार राखेका छन् ।[४]

त्रिनेत्र शर्माले **'कानी'** खण्डकाव्यको पुस्तकचर्चामा छन्दमा कविता रचना गर्न रुचाउने स्रष्टा भनी उल्लेख गरेका छन् ।[५]

---

१. हेमराज ज्ञवाली, 'मार्मिक खण्डकाव्य- खाते' (कान्तिपुर राष्ट्रिय दैनिक, वर्ष : ६, २०५५, जेठ ३० गते शनिवार) पृ. ६
२. कृष्णप्रसाद भण्डारी, 'कुलबहादुर खण्डकाव्य' (गोरखापत्र राष्ट्रिय दैनिक, शनिवारीय २०५८-८-३-७) पृ. ख
३. हेमराज ज्ञवाली, 'मर्मस्पर्शी खण्डकाव्य- कानी'(कान्तिपुर राष्ट्रिय दैनिक वर्ष ६, २०५५ चैत्र २७) पृ. ४
४. कृष्णप्रसाद पराजुली, 'खाते नव्यकाव्य-अनुभूतिका झिल्कामा' (भूमिका- 'खाते' खण्डकाव्य-२०५५)
५. त्रिनेत्र शर्मा- 'कानीको कथामा उनिएको व्यथा' (प्रकाश साप्ताहिक २०५६ जेठ २४ सोमबार) पृ. ६

दैवज्ञराज न्यैपानले **‘ धरणीधर महाकाव्य’** को चर्चा गर्दै समालोचकीय लेखमा आधुनिक नेपाली महाकाव्य परम्परामा देवकोटापश्चात् यति छोटो समयअवधिमा प्रायः पूर्ण सङ्गठित, उत्कृष्ट महाकाव्य लेख्ने सिग्देललाई नेपाली काव्ययात्राका एक कुशल शिल्पी, उत्कृष्ट प्रतिभा एवं आशुकवि भन्नै पर्छ भनी ठोकुवा गरेका छन् ।[६]

शैलेन्दुप्रकाश नेपालले **‘कानी’** खण्डकाव्यमाथि समीक्षात्मक लेख लेखी छन्दोवद्ध कविताहरू लेख्ने असङ्ख्य स्रष्टाहरूका बीचमा क्रियाशील प्रतिभा भुवहरिबाट नेपाली साहित्यको भविष्यलाई विशेष खुराक र ओज मिल्ने कुराको झलक देखा परिसकेको छ भन्ने मन्तव्य प्रकट गरेका छन् ।[७]

अच्युतम भट्टराईले सिग्देलको कवितालेखनमाथि चर्चा गर्दै सिग्देलको लेखनीका बारेमा जब राज्यका बहुप्रचारित चारै अङ्ग ‘ऐ, यस्तो पो भएछ !’ को शाब्दिक प्रक्रियामा संवेदनाको मृतप्रायः अवस्थाको नैराश्यजनक चित्र कोरी संवेदनाको अन्त्येष्टि गर्न उद्यत हुन्छ तब एउटा कोही संवेदनाको कोरामीन बोकी देखापर्छ । त्यो कोही कवि भुवनहरि सिग्देल हाम्रा सामू देखापर्छ भनी प्रशंसा गरेका छन् ।[८]

भरतराज पन्तले भुवनहरि सिग्देलको काव्यकारितामाथिको एक लेखमा भन्ने लेखमा भुवनहरि सिग्देललाई शास्त्रीय छन्दका सिद्धहस्त साधक भनी उल्लेख गरेका छन् ।[९]

हेमराज ज्ञवालीले **‘कुलबहादुर’** खण्डकाव्यको भूमिकालेखनमा सो खण्डकाव्यको चर्चा गर्दै यौटै सर्गमा पनि छन्द फेरीफेरी मधुर शब्दहरूको संयोजनका साथै अनुप्रास त्यो पनि यमकसहित हिमालयबाट बगेकी पवित्र गङ्गाजस्तै निर्मल, पावन र आल्हादकारी भाव बोकेकी कविता पढ्दा सिग्देलज्यूका लेखनी किशोरावस्थाबाट मध्य यौवनावस्थामा पुगेको प्रतीत हुन्छ’ भनेका छन् ।[१०]

विष्णु विपश्वीले सिग्देलको लेखनीमाथि चर्चा गर्दै उनको कलम अभाव, गरिबी, पीडा, दुःख र समस्यामा जेलिएका वास्तविक पात्रका विषयमा घुमेको छ भन्ने कुरा औल्याएका छन् ।[११]

---

६. दैवज्ञराज न्यौपाने, ‘आधुनिक नेपाली महाकाव्य परम्परामा धरणीधर महाकाव्य’ (‘रजहाँस’ वर्ष : ६, २०५६) पृष्ठ. ५
७. शैलेन्दुप्रकाश नेपाल, ‘भुवनहरि सिग्देल र कानीको कुरा (‘नेपाल समाचार पत्र’ राष्ट्रिय दैनिक, २०५६ असार ४) पृ. ख
८.अच्युतम भट्टराई, ‘हराउँदै गएको संवेदना र नेपाली साहित्य’ (‘आवाज’ साप्ताहिक २०५९ भदौ २०) पृ. ५
९. भरतराज पन्त, ‘काव्यकारितामा मनयाँ अन्मेष’ (भीमका- ‘मेनुका’ महाकाव्य, २०५६ भाद्र १७ गते) पृ. १४
१०. हेमराज ज्ञवाली, ‘भावकुसुम’ (भूमिका- ‘कुलवहादुर’ खण्डकाव्य : २०५६-८-९) पृ. ग-घ
११. विष्णु विपश्वी, ‘यथार्थ जीवनको सुन्दर सिर्जना’ (नेपालसमाचार पत्र राष्ट्रिय दैनिक, वर्ष २, अङ्क : २६० २०५९ साउन ५) पृ. ७

हरि खनालले **'डल्ले'** खण्डकाव्यमाथि समीक्षात्मक टिप्पणी गर्दै शास्त्रीय छन्दमा निपुण कवि भुवनहरि सिग्देल अन्य कृतिमाभैं **'डल्ले'** खण्डकाव्यमा पनि आफ्नो तिलस्मी शिल्प देखाउन सफल छन् । छन्दका कवितालाई छायामा राखेर अघि बढेको वर्तमान काव्य बहुलट्ठीपनलाई उदाङ्गो पार्दै **'डल्ले'** खण्डकाव्यले एउटा चुनौति दिएको छ भन्ने विचार अगाडि सारेका छन् ।[१२]

डा. कृष्णप्रसाद दाहालले **'डल्ले'** खण्डकाव्यको समीक्षात्मक लेखमा छन्दको मर्यादामा अत्यन्त सचेत रही पिछडिएको आम नेपालीहरूको गाथालाई काव्यात्मक रूपबाट सार्वजनिक गराएका छन् भनी उल्लेख गरेका छन् ।[१३]

डिल्लीरमण शर्मा अर्ज्यालले भुवनहरि सिग्देलको जीवनीपरक लेखमा निरन्तर काव्यसाधनलाई आफ्नो तपश्चर्याको विषय बनाउने नेपाली भाषाका कविहरूमा लक्ष्मीप्रसाद देवकोटा पछि यति छिटो गतिमा काव्यको रचना गर्ने कवि भुवनहरि सिग्देलनै हुनुहुन्छ भनी सिग्देलको कवितालेखनको प्रशंसा गरेका छन् ।[१४]

रमेश खकुरेलले सिग्देलको कवित्वमाथि मन्तव्य लेख्तै भुवनहरि सिग्देलको कवितालेखनका बारेमा अरूको पीडा देखेर द्रवित हुने र त्यो पीडालाई काव्यमा पोख्ने नेपाली कवितामा आजको युगका सर्वाधिक सशक्त कवि भन्ने मन्तव्य प्रकट गरेका छन् ।[१५]

सुधाकर ढुङ्गानाले सिग्देलको जीवनी व्यक्तित्व र कृतित्वसम्बन्धी शोधग्रन्थमा सिग्देलको लेखन द्रुत गतिमा बगेको छ । उनको सिर्जनामा देवकोटेली शैलीको काव्य निर्माण भएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।[१६] ‡

अनन्त वाग्लेले भुवनहरिको कवितालेखनमाथि टिप्पणीपरक लेख लेख्तै सिग्देल पद्यका पारखी हुन् भनी उनको पद्यकारिताको तारिफ गरेका छन् ।[१७]

---

१२. हरि खनाल, 'काव्य शिल्पको उत्कृष्ट नमुना : डल्ले' ('सत्याग्रह' साप्ताहिक, वर्ष : ४, अङ्क : २, पूर्णाङ्क : १४५, २०५९ भदौ १०) पृ. ७

१३. डा. कृष्डाप्रसाद दाहाल, 'डल्ले' (गोरखापत्र राष्ट्रिय दैनिक, वर्ष १०२, अङ्क : १९४, २०५९ मङ्सिर-७ गते शनिवार) पृ. ख

१४ डिल्लीरमण शर्मा अर्ज्याल, 'वरिष्ठ कवि भुवनहरि सिग्देल' ("युवामञ्च" मासिक, वर्ष : १५, अङ्क : ७, २०५९ पुस) पृ. ५६

१४. डिल्लीरमण शर्मा अर्ज्याल, 'वरिष्ठ कवि भुवनहरि सिग्देल' ("युवामञ्च" मासिक, वर्ष : १५, अङ्कः७, २०५९ पुस) पृ. ५६

१५. रमेश खकुरेल, 'जब कविको मुटु दुख्छ' (भूमिका - 'डल्ले' खण्डकाव्य २०५९-१-३०) पृ. ट

१६. सुधाकर ढुङ्गाना, 'भुवनहरि सिग्देलको[५] जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्ष, दसौं पत्र, त्रि.वि., त्रि.ब. क्याम्पस, घण्टाघर) पृ. ६६

१७. अनन्त वाग्ले, 'पात्र र परिवेश' (कान्तिपुर राष्ट्रिय दैनिक, २०६१, मङ्सिर - ५) पृ. ७

दैवज्ञराज न्यौपानेले **'विभुधारा'** महाकाव्य को चर्चाको प्रसङ्गमा नामधारी महाकविका रूपमा मात्र होइन कामधारी महाकविका रूपमा पनि भुवनहरि सिग्देललाई भेट्न पाएकोमा आनन्दित र खुसी छु भनेका छन् ।[१८]

ठाकुर शर्माले सिग्देलको छन्दप्रतिको प्रेमबाट प्रभावित भई वर्णमात्रिक छन्दमा सरस र सरल कविता लेख्ने कवि भनेका छन् ।[१९]

हेमराज पाण्डे 'अभागी'ले उनको फुटकर कवितासङ्ग्रह **'रो कविता'** ङ्ग्रहको समीक्षामा कालजयी कविताका सफल स्रष्टा कवि वर्णमात्रिक छन्दका वर्तमान धरोहर हुन् भन्ने विशेषणद्वारा विभूषित गर्दछन् ।[२०]

## १.५ शोधकार्यको औचित्य र महत्त्व

साहित्यकार भुवनहरि सिग्देलको खण्डकाव्यकारिताको मूल्याङ्कन गर्ने, उनका काव्यहरूले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको लेखाजोखा गर्ने, उनका कविता र खण्डकाव्यहरूको अध्ययनबाट प्राप्त सत्यतथ्य जानकारीको आधारमा उनको खण्डकाव्यकारिताको विश्लेषणात्मक निरुपण गर्ने कार्य आजसम्म नभएको सन्दर्भमा यस शोधपत्रको औचित्य र महत्व स्वतः सार्थक बन्न पुग्दछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यको पद्य र गद्य दुवै विधामा कलम चलाउने कथाकार, निबन्धकार एवं कवि व्यक्तित्व भुवनहरि सिग्देल समकालीन कविहरूको पङ्क्तिमा बेग्लै पहिचान बनाउन सफल भइसकेका छन् । नेपाली कविता लेखनकार्यका माध्यमबाट विस्तारै छायामा पर्दै जान थालेको शास्त्रीय छन्दको जगेर्ना गर्ने कार्यमा समर्पित सिग्देलले निबन्ध र कथाका अतिरिक्त फुटकर कविता, खण्डकाव्य र महाकाव्यसमेत लेखिसकेका छन् । यस शोधपत्रमा सिग्देलका कथा र निबन्धकारिताको चर्चा गरिने छैन । यो शोधपत्र भने सिग्देलको फुटकर कविता र महाकाव्यहरू माथि सामान्य दृष्टिगोचर गर्दै उनको खण्डकाव्यकारिताको (छन्द, अलङ्कार, रस, विषयवस्तु, शैली, शिल्प आदि) अध्ययनमा विशेष रूपले केन्द्रित रहेको छ ।

## १.७ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि कविता सिद्धान्तका साथै खण्डकाव्यीय मान्यताको आधारसमेत लिइएको छ । पूर्वीय काव्यशास्त्रमा उल्लिखित काव्यसिद्धान्तका साथै प्राप्त भएसम्म नवीन मान्यताहरूको समेत पर्यवेक्षण गरी शोधपत्र लेखनको सिद्धान्त तयार पारिएको छ ।

---

१८. दैवज्ञराज न्यौपाने, "प्रसङ्ग विभुधारा महाकाव्यको " (भूमिका - विभुधारा महाकाव्य - २०६१) पृ. घ
१९. ठाकुर शर्मा, 'विभुधारा महाकाव्य र भुवनहरि' ('रोडम्याप' साप्ताहिक वर्ष : २, अङ्क :२, २०६२ असार २ विहीबार पृ. ५
२०. हेमराज पाण्डे 'अभागी', 'रो कविता' (गोरखापत्र राष्ट्रिय दैनिक, २०६२ साउन १५ शनिवार) पृ. ख

शोधपत्र तयारीका सिलसिलामा पुस्तकालयीय अध्ययन विधिका आधारमा विषयसङ्ग सम्बन्धित विभिन्न पुस्तक पत्रपत्रिकाहरूको अध्ययन गरी सामग्रीहरू सङ्कलन गरिएको छ ।

शोधनायक सिग्देलसङ्ग प्रत्यक्ष भेटघाट, उनका परिवारका सदस्यहरूको साथै विभिन्न विद्वान्हरूसङ्ग सम्पर्क गरी मौखिक अन्तर्वार्ताका माध्यमबाट पनि आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरेर सिग्देलको खण्डकाव्यकारिताको अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्न शोधपत्रको सम्भावित रूपरेखा तयार पार्न आवश्यक देखिन्छ । अतः प्रस्तुत शोधपत्रको सम्भावित रूपरेखा निम्न बमोजिम रहेको छ :

**परिच्छेद १:-** शोधपरिचय

**परिच्छेद २:-** कवि भुवनहरि सिग्देलको जीवनी र व्यक्तित्व

**परिच्छेद ३:-** खण्डकाव्यको सैद्धान्तिक चर्चा

**परिच्छेद ४:-** कवि भुवनहरि सिग्देलको खण्डकाव्यकृतिहरूको अध्ययन

**परिच्छेद ५:-** कवि भुवनहरि सिग्देलको खण्डकाव्यकारिताको मूल्याङ्कन तथा निष्कर्ष

–O–

# परिच्छेद - २

# भुवनहरि सिग्देलको जीवनी र व्यक्तित्व

## २.१. भुवनहरि सिग्देलको जीवनी

### २.१.१. जन्म

कवि भुवनहरि सिग्देलको जन्म सौरमानअनुसार वि.सं. २००७ जेठ ५ गते बिहान १० बजे भएको हो ।[१] चन्द्रमानअनुसार उनी रोहिणी नक्षत्रमा जन्मिएका हुन् । रोहिणी नक्षत्रका 'ओ' 'वा' 'वि' 'वु' चार पाउहरूमध्ये उनको जन्म तेस्रो पाउमा परेकाले न्वारनमा पुरोहितले राखिदिएको उनको नाम विश्वनाथ हो ।[२] यस चक्रअनुसार उनको राशि वृष भएको थाहा हुन्छ । न्वारनमा विश्वनाथ नाम रहे पनि लेखपढका क्रममा उनको नाम भुवनहरि राखिएको पाइन्छ । यही नाम बिस्तारै चलनचल्तीमा प्रयोग हुादै आएको हो ।[३]

### २.१.२. मातापिता

भुवनहरि सिग्देलकी माताको नाम मीनकुमारी सिग्देल र पिताको नाम नन्दलाल सिग्देल हो ।[४] नन्दलाल सिग्देल र मीनकुमारीका पााच जना सन्तानहरूमध्ये भुवनहरि जेठा छोरा हुन् । उनका दुई जना भाइ र दुई जना बहिनीहरू छन् । उनका भाइहरू क्रमशः भुवनेश्वर सिग्देल र भुवनकेशर सिग्देल हुन् भने बहिनीहरूको नाम लक्ष्मी सिग्देल र त्रिपुरा सिग्देल रहेको छ ।[५] उनको जन्म हुादा बुबाको उमेर त्रिपन्न वर्षको थियो भने आमाको उमेर मात्र १७ वर्षको थियो । उनका दुइटी आमाहरू थिए । पहिली श्रीमतीको बिफरका कारण मृत्यु भएपछि उनकी आमालाई नन्दलालले कान्छी श्रीमतीका रूपमा भित्र्याएका हुन् ।[६]

### २.१.३. जन्मस्थान

कवि भुवनहरि सिग्देलको जन्म हालको काठमाडौं जिल्लाअन्तर्गत बाडभन्ज्याङ गाउा विकास समिति वडा नं. ३ स्थित दहचोक गैरिगाउामा भएको हो । सिग्देलहरूको वंश इतिहासको खोजी गर्दा यही स्थललाई सिग्देलहरूको उद्गमस्थल र विस्तारित स्थलका रूपमा चिनिन्छ ।[७]

---

१. शोधनायक भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
२. ऐजन
३. ऐजन
४. ऐजन
५. ऐजन
६. ऐजन
७. पुरुषोत्तम सिग्देल, 'सिग्देल वंशावली' वि.सं. २०६१, पृ. १२३

पाटनका तत्कालीन मल्लराजा सिद्धि नरसिंह मल्लका पालामा कालीगण्डकी पारि भिरकोटबाट आएका पण्डितराज सदाशिवले यस स्थललाई विर्ताको रूपमा प्राप्त गरे । सिद्धिनरसिंह मल्लको शासनकालमा पाटन तथा यस आसपासको क्षेत्रतिर एकपटक प्लेगको महामारी फैलियो ।[८] त्यसकै कारण मच्चिएको हाहाकार शान्त पार्न धन्वन्तरी वैद्यराजहरूको खोजी कार्य व्यापकरूपमा गरियो । यसै क्रममा सदाशिवको नाम राजासम्म आउादा राजा खुसी भई प्लेगको सामना गर्न त्यतिबेलाको चलनअनुसार धुमधामसाग यज्ञ गराए । पाटन र थानकोटमा भएका उक्त यज्ञहरू चल्दै गर्दा बादलसहित ठूलो वर्षा भएको थियो । यस्तो अचुक उपाय र अद्भूत शक्ति जान्ने विद्वान्लाई राजा सिद्धि नरसिंहले उनलाई उपयुक्त लाग्ने यतैकतैको ठाउा रोजेर बस्न आग्रह गरे । यसरी राजाको आग्रह भएको हुनाले बसोवासका लागि सबै किसिमले उपर्युक्त ठाउा विचार गर्दा यही थानकोटदेखि उत्तरपश्चिमको गैरिगाउाको टिमुरेघारी ढुङ्गेडााडा क्षेत्रभित्र बसोवास गर्न अनुमति मिलेको रोचक किंवदन्ति सुनिन्छ । त्यसै बेलादेखि सिग्देलहरूको यस ठाउामा बसोवास भएको पाइन्छ ।[१०] बस्नका लागि उपयुक्त जग्गा खोज्दा यही ठाउा जाचेको हुनाले राजाको आज्ञाले यहीा बसोवास गर्न थालेका हुन् भनिन्छ ।[११]

## २.१.४. सदाशिवको वंशसाग भुवनहरिको वंशनातो

सदाशिव सिद्धि नरसिंह मल्लका पालामा काठमाडौं उपत्यकामा पहिलोपटक बोलाइएका थिए । राजाको अनुमति प्राप्त गरेपछि यहीा बस्ने क्रमसागै उनको शङ्कर भन्ने छोरो भयो । शङ्करका पनि समयक्रममा केशवदास, गङ्गाराम र विद्यापति नामका तीन भाइ छोराहरू जन्मन पुगे । काठमाडौं उपत्यकाबाट पूर्वतिर यही पुस्तेनी फैलेको पाइन्छ ।[१२] दहचोकमा बस्ने गङ्गारामका शशिधर र कृष्णानन्द गरी दुई जना छोराहरू भए । कृष्णानन्दका तीन जना छोराहरू भए । ती तीन छोराहरूमध्ये जेठा नीलाम्बर, माहिला हरिनारायण र कान्छा लक्ष्मीनाथ थिए । यही हाागाबाट विस्तार हुादै गएको नरोत्तम सिग्देलका चार छोराहरूमध्ये जेठाको नाम पूर्णलोचन थियो । पूर्णलोचनका माहिला छोराका रूपमा
(भुवनहरिका बा) नन्दलाल जम्मिए ।[१३] यिनै नन्दलालका तीन छोराहरूमध्ये भुनहरि सबैभन्दा जेठा हुन् । अरू दुई भाइहरू भुवनेश्वर र भुवनकेशरका रूपमा परिचित छन् ।[१४]

---

८. ऐजन
९. ऐजन
१०. ऐजन
११. ऐजन
१२. ऐजन
१३. ऐजन
१४. ऐजन

## २.१.५. बाल्यकाल

भुवनहरि सिग्देल सानै छादा उनका पिताको मृत्यु भएकाले बाल्यकालमा नै पितृविमुख हुनुपरेकाले काकीको विशेष संरक्षणबाट हुर्कने अवसर प्राप्त भएको देखिन्छ । आफ्नी काकीको मायाममताका कारण यिनले पितृशोकको पीडाबाट केही मात्रामा भए पनि राहतको अनुभव सागाले ।[१५] गाउाले परिवेशमै रहेका भुवनहरिले बाल्यकालमा गाउाकै वनपाखामा बाखा चराए, गाईगोठालो बने र भैंसी डुलाए ।[१६] त्यसैताका उनले घरमै रुद्री र वेदजस्ता हिन्दुधर्मका गहन ग्रन्थहरू पढ्न थाले ।[१७] सनातन धार्मिक परम्पराअनुसार कर्म चलाउन र स्वजातीय बनाउन कुनै पनि ब्राह्मण पुत्रको व्रतबन्ध गर्नुपर्ने चलनमुताविक वैदिक विधिअनुसार यिनको व्रतबन्ध वि.सं. २०१४ चैत्र १७ गते ७ वर्षको उमेरमा घरमै गरियो ।[१८] उनलाई गायत्री मन्त्रदान गर्ने गुरु उनकै पिता नन्दलाल थिए ।[१९] त्यसका अतिरिक्त उनले काकी रामकुमारी सिग्देलबाट अनन्त मन्त्र, भिनाजु पं. विष्णुप्रसाद घिमिरेबाट दीक्षामन्त्र र छिमेकका हजुरबा एकदत्त सिग्देलबाट वेदमन्त्र लिए । सिग्देलको आर्थिकस्तर मध्यम खालको, कृषिमा निर्भर गर्नुपर्ने, भएकाले सिग्देल घरायसी कृषि कर्ममा सानैदेखि सक्तो जुट्ने गरेको पाइन्छ । पिताको मायाको झझल्को आफ्नै काकी र आमाबाट पाएकै कारण उनले स्वाभिमानबाट खस्कनु परेन । तर, उनको बाल्यकालीन जीवन सङ्घर्षमय वातावरणमा बितेको देखिन्छ ।[२१]

## २.१.६. शिक्षादीक्षा

भुवनहरि सिग्देलको जन्म विशुद्ध ब्राह्मण कुलमा भएको हुनाले संस्कृतका विद्वान्हरूसाग बढी सम्पर्क बढ्न गयो । त्यति बेलाको ब्राह्मण कुलमा वटुकहरूलाई अनौपचारिक रूपमा घरमै विभिन्न ग्रन्थहरू पढाउने प्रचलन थियो । त्यही प्रचलनअनुसार उनले १२ वर्षको उमेरसम्म घरमै धार्मिक ग्रन्थहरू रुद्री, चण्डी र वेदको अध्ययन गरेका थिए । त्यस बेलासम्म उनलाई विद्यालयको औपचारिक पठनपाठनका बारेमा थाहा थिएन ।[२२] तत्कालीन समयमा अङ्ग्रेजी शिक्षाको पठनपाठनको खासै प्रचलन पनि थिएन । तर, सिग्देलकै घरछेउमा रहेको मङ्गलोदय प्राथमिक विद्यालयमा अङ्ग्रेजी पढाइन्थ्यो । उक्त विद्यालयले आफ्नो नामलाई अङ्ग्रेजी विद्यालयका रूपमा परिचित गराएको थियो ।

---

१५. ऐजन
१६. ऐजन
१७. ऐजन
१८. ऐजन
१९. ऐजन
२०. ऐजन
२१. ऐजन
२२. ऐजन

उनी यसै विद्यालयमा वि.सं. २०२० मा औपचारिक पठनपाठनका लागि कक्षा तीनमा भर्ना भए । त्यसबेला भुवनहरि १३ वर्षका थिए । पहिलोपटक विद्यालय जाादासम्म उनको हातमा रुद्रीको किताब थियो । त्यसरी किताब बोकेर जाादा उनी साथीभाइहरूका बीच हास्यपात्र बन्न पुगे ।[२३] कक्षामा भएका अन्य विद्यार्थीहरू उनको दाजोमा धेरै साना देखिन्थे । कक्षामा साना सिगाने फुच्चाफुच्चीका माझमा बसेर उनले पढ्न सकेनन् ।[२४] उनी राम्ररी पढेर एकैपटक कक्षा ३, ४, ५ र ६ को परीक्षा दिई कक्षा सातमा पढ्न चाहन्थे । त्यही लक्ष्य प्राप्त गर्न उनले दिनरात मिहिनेत गरे । बाटोमा हिंड्दासमेत पढेर आफ्नो लक्ष्य पूरा गरे । त्यसै बेला उक्त विद्यालय मिडिल स्कुल हुादै हाइस्कुलमा परिणत भइसकेको थियो । कक्षा ७ मा टेक्न नपाउादै सिग्देलमा कक्षा ८ मा पढ्ने रहर जाग्यो । परिणामस्वरूप दोस्रो वर्षभित्रै उनी कक्षा ९ मा पुग्न सफल भए । कक्षा ९ र १० को पढाइ पूरा वर्ष लगाएर सिध्याए । उनी वि.सं. २०२५ को एस्.एल्.सी परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भए ।[२५] विद्यालयीय शिक्षा प्राप्त गरिसकेपछि सिग्देल उच्च शिक्षामा अध्ययनका लागि तयार भए । यस उद्देश्य प्राप्तिका लागि सिद्धिरत्न जोशीले वसन्तपुरमा स्थापना गरेको महेन्द्ररत्न क्याम्पसमा भर्ना भए ।[२६] घरको आर्थिक अवस्थाका कारण उनलाई जागिर पनि खानैपर्ने स्थिति आइपऱ्यो । तर, सिग्देलको इच्छा बमोजिमको भूगोल विषयको पढाइ महेन्द्ररत्न क्याम्पसमा नभएपछि उनी उक्त क्याम्पसबाट स्थानान्तर भई त्रिचन्द्र क्याम्पसमा भर्ना हुनपुगे । यसै क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह (आई ए.) उत्तीर्ण गरेका सिग्देलले स्नातक तह भने प्राइभेट परीक्षामा सम्मितिल भएर उत्तीर्ण गरे ।[२७]

## २.१.७. पारिवारिक जीवन

वि.सं. २०२३ फागुन ५ गते काठमाडौं भीमढुङ्गा गाउाका टीकादत्त मरहट्टा र लालकुमारी मरहट्टाकी कान्छी छोरी सुश्री देवकी मरहट्टासाग १६ वर्ष नौ महिनाको उमेरमा भुवनहरि सिग्देलको विवाह भयो ।[२८] विद्यालयीय औपचारिक शिक्षा प्राप्त गर्न नसकेकी भए पनि देवकी घरायसी काममा ज्यादै निपुण छिन् । उनी आफ्नो ठाउामा एक कुशल गृहिणीका रूपमा कार्यरत छिन् । भुवनहरि र देवकीका सन्तानका रूपमा जम्माजम्मी चार जनाले जन्म लिए । वि.सं. २०३० मा जेठो छोरो सरोजको स्वर्गारोहण भइसकेको हुादा हाल दुई छोरा र एक छोरी जीवित छन् । माहिला छोरा किशोर वि.सं. २०३० मा जन्मेका हुन् । उनी हाल निजीस्तरको सामाजिक कार्यालयमा संलग्न छन् । किशोर स्नातकोत्तर तह उत्तीर्ण छन् । उनकी कल्पश्री नामकी एक छोरी छिन् । कान्छा छोरा भूषणको जन्म वि.सं. २०३३ मा भएको हो ।

उनी बी.ए उत्तीर्ण छन् । उनको संलग्नता आयुर्वेदिक औषधि व्यापारतर्फ छ । यिनकी पनि स्वागता नामकी एक छोरी छिन् । सिग्देलकी कान्छी सन्तानका रूपमा वि.सं. २०३४ मा कञ्चनाको जन्म हुनपुग्यो ।

---

२५. ऐजन
२६. ऐजन
२७. ऐजन
२८. श्रीमती देवकी सिग्देलसङ्गको भेटवार्तामा प्राप्त जानकारी

उनको वि.सं. २०५२ मा काठमाडौं धापासी निवासी अनील मल्सिनाका साथ  विवाह  भयो । हाल उनी गृहिणीको हैसियतले जीवन बिताउादै छिन् । उनका अनामिका, आर्यश्री  नामका छोरीहरू छन् ।[२९]

यसरी छोराछोरीका तर्फबाट हजुरबाको पयो लागिसकेका सिग्देल पारिवारिक जीवनबाट सन्तुष्ट देखिन्छन् । दाम्पत्य जीवनमा देखिएको समझदारीपूर्ण व्यवहारका कारण अहिलेसम्म सिग्देलको जीवनमा त्यस्तो नरमाइलो अनुभव छैन । विवाहपश्चात्को उनको जीवन आनन्ददायी र सुखमय देखिन्छ ।[३०]

## २.१.८. पेसामा संलग्नता

ग्रामीण मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मेका भुवनहरि सिग्देलको आर्थिक स्तर सामान्य छ । बाल्यकालदेखि नै उनको परिवार कृषिमा आश्रित थियो । यिनका बाबु नन्दलाल सिग्देल वि.सं. १९७० मा शाही नेपाली सेनाको राजदल गणमा भर्ना भई जागिर खान थाले । तर, उनले चौध वर्ष जागिर खाएर वि.सं. १९८४ मा छाडे । जागिरबाट अवकाश पाएपछि उनले पुर्ख्यौली जग्गाजमिन नबिगारी अझ अरूसमेत खरिद गरेर दोब्बर पारे । जागिर छाडेपछि उनका बाबुको अधिकांश समय कृषि कार्यमा बितेको पाइन्छ । कृषिमा निर्भर परिवार भएको हुनाले उनको पारिवारिक हैसियत बााच्नसम्म सक्नेखालको थियो । तत्कालीन समयमा वर्षको दुई जोर कपडा हाल्न सक्ने हैसियत पनि नभएकाले चाडपर्वमा धनी वर्गबाट उपेक्षितसमेत हुनुपऱ्यो । तर पनि स्वाभिमान खस्कने काम भएको थिएन ।[३१] यिनको परिवारले अर्थलाई सदैव दोस्रो श्रेणीमा राखेको हुादा सन्तोषपूर्ण अवस्थामा जीवन चल्दै आएको पाइन्छ ।[३२]

भुवनहरि सिग्देलले प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि जागिरको खोजी गरे । अभावसाग सङ्घर्ष गर्नुपरेको हुनाले उनले थानकोटस्थित प्रभात स्कुलमा पढाउने काम गरे । उक्त स्कुलमा काम गरेबापत् उनलाई मासिक रु. १००/- पारिश्रमिक दिइन्थ्यो । त्यस आम्दानीबाट मात्र जीवन चल्न नसक्ने लागेर उनले वि.सं. २०२८/२०२९ तिर कालीमाटीको जनप्रभात हाइस्कुलमा मासिक २० रूपैयाा पाउने गरी साािझको समयमा पढाउन जाने गरे ।[३३] त्यो काम पैदल गएर नै गर्ने बाध्यता थियो । बी.ए. परीक्षा उत्तीर्ण गरेपछि वि.सं. २०२९ कार्तिक ३० गतेबाट विद्यालय निरीक्षक भई पूर्वी नेपालको पाााचथर खटिए । तर, वि.सं. २०३० कार्तिकमा उक्त पदबाट राजीनामा दिएर ललितपुर लगनखेलको नमुना मच्छिन्द्र हाइस्कुलमा मङ्सिर र पौष गरी जम्मा दुई महिना शिक्षक भई पढाए । पारिवारिक दायित्वको बोझले गर्दा उनी त्यहाा पनि टिकिरहन सकेनन् ।[३४] यसै क्रममा वि.सं. २०३० माघ ७ गतेदेखि केन्द्रीय तथ्याङ्क विभागमा ६ महिने अस्थायी गणक भएर सेवा गरे ।

---

२९. शोधानायक भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
३०. ऐजन
३१. ऐजन
३२. ऐजन
३३. ऐजन
३४. ऐजन

वि.सं. २०३१ श्रावण ७ गतेबाट राष्ट्रिय कम्प्युटर केन्द्रमा सेवा गर्न सुरु गरेका सिग्देलले उक्त केन्द्र वि.सं.२०५५ कार्तिक ७ गते खारेज नहादासम्म सेवा गरिरहे । हाल सिग्देल अन्नपूर्णा ट्रभाल्स एण्ड टुर्स घण्टाघरमा कार्यरत छन् । समयको परिवर्तनसागै सिग्देलको आर्थिक अवस्थामा हाल आमूल परिवर्तन आएको छ । यसबाहेक कृषि व्यवसायबाट घरको आर्थिक अवस्था सुदृढ बनाउनमा थप सहयोग पुगेको देखिन्छ । तसर्थ हालका दिनमा उनको आर्थिक अवस्था सुदृढ बन्दै गएको  पाइन्छ  । यति हुादाहुादै पनि उनमा प्रशस्त सम्पत्ति जम्मा गर्ने विशेष रुचि भने पाइादैन ।[३५]

## २.१.९. व्यक्तिगत रुचि तथा स्वभाव

भुवनहरि सिग्देलको रुचि विभिन्न क्षेत्रमा रहेको छ । उनी भ्रमणका पारखी नै हुन् । यसका अतिरिक्त उनी पुस्तक अध्ययन, साहित्यलेखन र सङ्गीतश्रवणमा पनि रुचि देखाउाछन् । भ्रमणका लागि ज्यादै सौखिन सिग्देल सर्वप्रथम वि.सं. २०३० मा पूर्वी नेपालको पााचथर पुगे । त्यसपछि वि.सं. २०५५ मा धादिङ जिल्लाको सुदूर उत्तरमा पर्ने गङ्गाजमुनाको भ्रमणमा गए । त्यस्तै दोलखा जिल्लाको कालिन्चोक माईको मन्दिरक्षेत्र, रसुवाको गोसाइाकुण्ड, गत्लाङगाउा घुमेको कुरा कहिल्यै बिर्सदैनन् । फुर्सद पाउनासाथ साथीहरूसाग मिलेर फुत्त कतै निस्किहाल्ने बानी उनको छ ।[३६] हालसम्म नेपालका ५० भन्दा बढी जिल्लाहरूको भ्रमण गरेका[३७] सिग्देल कविता पढ्न र छन्दका कविता लेख्नमा विशेष चासो दिन्छन् । साहित्य लेखनको प्रारम्भ वि.सं. २०२२ मा प्रकाशित **'तर्साउने परम्परा र शिशुहरू'** निबन्धबाट भएको हो । त्यसपछि त्रिचन्द्र कलेज पढ्दा एउटा/दुइटा निबन्ध उनले लेखे । सिग्देल निबन्धकार मात्र होइनन् । वि.सं. २०५१  भाद्रमा चन्द्रागिरी पत्रिकामा सिग्देलले "रक्षन्ता बीस वर्षकी छे" शीर्षकको कथा प्रकाशित गरी उनले कथा विधामा पनि आफ्नो रुचि देखाए ।[३८] त्यसपछि वि.सं. २०५४ मा उनले **'आर्तनाद'** शीर्षकको खण्डकाव्य प्रकाशन गरे । यो क्रमसागै फुटकर कविता, महाकाव्य, खण्डकाव्यलेखनको क्रम रोकिएन । झन्डै बर्सेनी जस्तो उनका कृतिहरू प्रकाशित भइरहेका छन् ।[३९]

प्रायः गरेर सफा, सेता र चट्ट मिलेका लुगा लगाएर हिंड्न मनपराउने सिग्देलको धुमपान वा मद्यपान गर्ने आदत छैन ।

---

३५. ऐजन
३६. ऐजन
३७. ऐजन
३८. ऐजन
३९. ऐजन

तर, उनले तिनीहरूको स्वाद भने बटुलिसकेको कुरा बुझ्न सकिन्छ । उनी खानामा नेपाली दालभात, तरकारी, मासु, मकैभटमास र चिया मनपराउाछन् । नोकरी होस् वा कृषि कार्य दुबैमा समर्पित हुने स्वभाव सिग्देलमा पाइन्छ । भुवनहरि सिग्देलको व्यवहार सरल तथा आडम्बररहित छ ।[४०] यसकारण उनी हरेक वर्गका मानिसका बीचमा प्रिय छन् । बच्चादेखि बूढासम्मका मानिसहरूसाग उनको सुमधुर सम्बन्ध रहेको भेटिन्छ । उनी सानादेखि ठूलासम्मका मानिसहरूलाई यथायोग्य सम्मान गर्दछन् । उनी अन्यायका विरुद्ध आवाज उठाउाछन् । अन्याय भएको देखेमा चित्त दुखाउाछन् । अशक्त र दीनदुःखीहरूप्रति खुलेर सहयोग  गर्दछन् । परिवेश र मागअनुसारको व्यवस्थापन गर्न उनी प्रतिबद्ध देखिन्छन् ।[४१]

## २.१.१०. विभिन्न सङ्घ-संस्थामा संलग्नता

विद्यालय तहको शिक्षा प्राप्त गरिसकेर वि.सं. २०२५ मा क्याम्पस पढ्न जान थालेपछि सिग्देलको परिचय बिस्तारै-बिस्तारै बढ्दै जान थाल्यो । यसै क्रममा उनी विभिन्न साहित्यिक तथा अन्य सङ्घ-संस्थाहरूसित संलग्न भएर कार्य गर्न थालेको देखिन्छ । उनी संलग्न भएका साहित्यिक एवं अन्य सङ्घ-सस्थाहरूको नाम यसरी तल दिइएको छ :[४२]

सदस्य : जनमत प्रकाशन, बनेपा

सदस्य : सुनकोशी साहित्य प्रतिष्ठान

सदस्य : मङ्गलोदय बहुमुखी क्याम्पस, थानकोट

सदस्य : भीम निम्नमाध्यमिक विद्यालय, बाडभन्ज्याङ

सचिव : मैत्रीय बुद्ध चेतना समाज, बाडभन्ज्याङ

## २.१.११. पुरस्कार तथा मानसम्मान

नेपाली साहित्यको फााटमा वि.सं. २०२२ बाट कलम चलाउन थाले पनि सक्रिय रूपमा लेखन कार्य वि.सं. २०५४ बाट भएको कुरा स्वयं सिग्देल स्वीकार्छन् । त्यसपछिका दिनमा अटूट रूपमा कलम चलाउदै आएका सिग्देलको साहित्यसेवाको कदर गर्दै केही सङ्घ-संस्थाहरूले पुरस्कृत र सम्मानित गरिसकेका छन् । वि.सं. २०५५ देखि राष्ट्रियस्तरमा पुरस्कृत हुन थालेका सिग्देलले हालसम्ममा देहायबमोजिमका मानसम्मान, पुरस्कार तथा अभिनन्दन प्राप्त गरेको देखिन्छ :[४३]

क. 'धरणी' पुरस्कार :  वि. सं. २०५५

ख. भवदेव पन्त प्राज्ञिक पुरस्कार : वि. सं. २०५७

४०. ऐजन
४१. ऐजन
४२. ऐजन
४३. ऐजन

ग. सम्मान पत्र, नवप्रभाव कला केन्द्र, थानकोट : वि. सं. २०५७

घ. विश्व हिन्दु खालसा त्रिशताब्दी समारोह : उत्कृष्ट कविता वाचन प्रमाणपत्र

ङ. गेरु-अम्बिका कोइराला स्मृति सम्मान : वि. सं. २०६०

## १.२.१२. साहित्यिक प्रेरणा तथा प्रकाशन

भुवनहरि सिग्देलको समग्र साहित्यिक संलग्नताको प्रसङ्ग उठाउादा उनी सबैभन्दा बढी कविता विधासाग सम्बन्धित देखिन्छन् । त्यसपछि कथा, निबन्ध र उपन्यास विधासाग पनि उत्तिकै मोह रहेको पाइन्छ । साहित्य, त्यसमा पनि कविता लेखनको प्रेरणाको प्रसङ्गलाई सिग्देल स्वयंले यसरी कवितामै प्रस्तुत गरेका छन् :[४४]

गर्थे साांझ बिहान पाठ घरमा आमा र काकी मिली
गाथा कृष्णचरित्र भागवतको सम्झन्छु यो झल्झली
सोही माफिक आज छन्दलयमा चल्दैछ यो लेखनी
त्यै उत्प्रेरण बाल्यकालतिरको होला पढेको सुनी

आमा र काकीले कृष्णचरित्र र भागवतको गाथा लय हालेर गाएको सुनेकाले उनी छन्दप्रति आकर्षित भएको बुझिन्छ । त्यस्तै छन्दहरूमा कविता लेख्न स्वतःस्फूर्त रूपमा यस क्षेत्रमा लागेका सिग्देलको सम्पर्क वि.सं. २०५५ मा रमेश खकुरेलसाग भएको पाइन्छ । रमेश खकुरेलले सिग्देललाई विशेष रुचिपूर्वक कवितालेखनको सैद्धान्तिक प्रेरणा र ज्ञान दिएको पाइन्छ । साहित्यकार अच्युतरमण अधिकारीले यस कार्यमा सिग्देललाई विशेष सघाएको थाहा हुन आउाछ ।[४५] 'तर्साउने परम्परा र शिशुहरू' शीर्षकको निबन्ध प्रकाशन गराएपछि वि.सं. २०२२ बाट सिग्देलले आफ्नै औपचारिक साहित्यको यात्रा थाले ।[४६] साहित्यलाई काव्यात्मक भाषामा सिग्देल यसरी परिभाषित गर्न पुग्छन् :[४७]

साहित्य के हो रसिकको रसिलो विनोद
भाषा समृद्ध धन हो युगको अमोघ
यो विम्ब हो प्रगतिको सुकिलो भविष्य
घोट्ने कसी मुलुकको तुकको रहस्य

---

४४.सुधाकर ढुङ्गाना, भुवनहरि सिग्देलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, एम.ए. शोधपत्र, त्रि.वि., त्रि.व.क्या., वि.सं. २०६१, पृ. ७१

४५. भुवनहरि सिग्देलबाट प्राप्त जानकारी

४६. हरि खनाल, व्यक्तित्व, सत्याग्रह साप्ताहिक, वर्ष ४, अङ्क ३, पूर्णाङ्क १४६, वि.सं. २०५९ पृ. ६

४७. सुधाकर ढुङ्गाना, भुवनहरि सिग्देलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, एम.ए. शोधपत्र, त्रि.वि., त्रि.व.क्या., वि.सं. २०६१, पृ. ७४

निबन्ध, कथा, कविता र उपन्यास विधामा समेत कलम चलाउन खप्पिस सिग्देलको प्रसिद्धि भने काव्यविधाबाटै सर्वत्र फैलिएको देखिन्छ । उनले हालसम्म साहित्यमा लागेर फुटकर रचनाहरूबाहेक पुस्तकाकार कृतिका रूपमा निम्नलिखित पुस्तकहरू प्रकाशन गरिसकेका छन् :

**(क) खण्डकाव्यहरू**

आर्तनाद (वि.सं.२०५४)

खाते (वि.सं.२०५५)

कानी (वि.सं.२०५५)

कुलबहादुर (वि.सं.२०५८)

डल्ले (वि.सं.२०५९)

समयचक्र (वि.सं.२०६४)

**(ख) महाकाव्यहरू**

धरणीधर (वि.सं.२०५५)

मेनुका (वि.सं.२०५६)

विभुधारा (वि.सं.२०६१)

**(ग) कवितासङ्ग्रह**

रो कविता (वि.सं.२०६१)

यी कृतिहरूका अतिरिक्त सिग्देलले आफ्नै फुटकर कथाहरू जम्मा पारी **'अतीत जब वर्तमान बन्छ'** शीर्षकको कथासङ्ग्रह प्रकाशनको अन्तिम चरणमा पुऱ्याएको बुझिन्छ ।[४८]

## २.२. साहित्येतर व्यक्तित्व

भुवनहरि सिग्देलको व्यक्तित्व बहुमुखी रहेको छ । उनका हरेक व्यक्तित्वको छुट्टाछुट्टै रूपमा यथार्थ प्रस्तुति गर्नु सान्दर्भिक हुन्छ । उनका व्यक्तित्वहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### २.२.१. शारीरिक व्यक्तित्व

भुवनहरि सिग्देल शारीरिक रूपमा अग्ला देखिन्छन् । हरसमय चिटिक्क परेर हिाड्न रुचाउने सिग्देलको उचाइ पााच फिट नौ इन्च  छ । उनी मोटा र अग्ला देखिने हुनाले उनको शारीरिक व्यक्तित्व अत्यन्त आकर्षक देखिन्छ । मिलेको मुखाकृति, गहुागोरो वर्ण, काला आाखाले उनको बाह्य व्यक्तित्वमा निख्खर आकर्षण थप्न मद्दत गरेका छन् । बोलचाल र व्यवहारमा सिग्देल सधैं सरल ढङ्गले प्रस्तुत हुन्छन् । हासिलो अनुहारका धनी सिग्देल कहिल्यै पनि अर्कालाई मर्का पर्ने गरी बोल्दैनन् । सरल र सोझो भाषामा आफ्नो कुरो

---

४८. भुवनहरि सिग्देलबाट प्राप्त जानकारी

राख्नु सिग्देलको वाणीगत विशेषता नै हो । प्रत्येक प्राणीलाई ईश्वरको अनुपम कलाका रूपमा हेर्ने सिग्देलको बानी छ । आन्तरिक र बाह्य यिनै गुणहरूले सिग्देलको व्यक्तित्व निर्माण भएको छ ।[४९]

## २.२.२. जागिरे व्यक्तित्व

जीविकोपार्जन गर्ने क्रममा भुवनहरि सिग्देलले जागिर पनि खोज्नुपऱ्यो । माध्यमिक तहको अध्ययन पूरा गरिसकेर उनी थानकोटकै भीम प्राथमिक विद्यालयमा शिक्षक बनी सर्वप्रथम जागिरे जीवनमा प्रवेश गरे । त्यसको केही समयपछि थानकोटकै प्रभात हाइस्कुलमा पुनः शिक्षण कार्यमै संलग्न भए । वि.सं. २०२९ कार्तिक २० गतेदेखि २०३० कार्तिकसम्मको एक वर्ष उनी प्राथमिक विद्यालय निरीक्षक भई पूर्वी नेपालको पााचथरमा सक्रिय भएको देखिन्छ । उनी वि.सं. २०३० मा पााचथरबाट फर्केपछि पुनः शिक्षक भई ललितपुरको लगनखेलमा नमुना मच्छिन्द्र हाइस्कुलमा दुई महिनासम्म कार्यरत रहे । वि.सं. २०३० माघ ७ गतेदेखि केन्द्रीय तथ्याङ्क विभागमा नायब सुब्बा पदमा नियुक्त भई सरकारी जागिर खाने आफ्नो इच्छा पूरा गरे । त्यो जागिर खान थालेको एक वर्ष पूरा नहुादै वि.सं. २०३१ श्रावण ७ गतेदेखि सिग्देल राष्ट्रिय कम्प्युटर केन्द्रमा नायब सुब्बाको रूपमा प्रवेश गरे । त्यहीा कार्यरत रहादारहादै वि.सं. २०३८ मा उनको पदोन्नति भई अधिकृत बनाइए । वि.सं. २०५५ कार्तिक ८ गते राष्ट्रिय कम्प्युटर केन्द्र खारेज भएपछि त्यहााबाट अवकाश भएका उनी हाल अन्नपूर्णा ट्राभल्स एन्ड टुर्स घण्टाघरमा कार्यरत छन् ।[५०] सिग्देलले जागिरे जीवनका विभिन्न अनुभव

सागाले पनि कर्मचारी प्रशासनको विकृति र विसङ्गतिमा उनी कहिल्यै मुछिएनन् । स्वच्छ, निष्कलङ्क र उदार प्रशासनिक छवि देखाउन सक्नु  सफल जागिरे जीवनको दृष्टान्तका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

## २.२.३. सामाजिक व्यक्तित्व

भुवनहरि सिग्देल दीनदुःखीहरूप्रति दया देखाउाछन् । उनको भावना विशाल छ । उनीभित्रको सामाजिक भावनाले उनको व्यक्तित्वलाई झन् उचाइमा पुऱ्याउने काम गरेको पाइन्छ । बााचुन्जेल समाजको भलाइका लागि केही न केही काम गरिरहनुपर्छ भन्ने उनको विचार छ । आफ्नो गाउाघरमा पुलपुलेसा, बाटोघाटो निर्माण गर्न आर्थिक सहयोग गर्ने र सम्भव भएसम्म आफैं त्यस ठाउामा गएर सहयोग गर्ने भावना उनमा रहेको देखिन्छ ।[५१]

---

४९. शोधनायक भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
५०. भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
५१. सुधाकर ढुङ्गना, ऐजन, पृ. ७६

५२. सुधाकर ढुङ्गाना, ऐजन, पृ. ७६
५३. भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
५४. सुधाकर ढुङ्गाना, ऐजन, पृ. ७२

वि.सं. २०५४ मा थानकोटको पातला र ठोट्नेखोला वन संरक्षण समितिको विधाननिर्माण सिग्देलकै पहलमा भएको पाइन्छ । सिग्देलले सो समितिको संरक्षकको रूपमा आफ्नो सक्रिय भूमिका निर्वाह गरिसकेका छन् ।[५२] उनी आफ्नो जागिरे जीवन र साहित्यिक गतिविधिबाट उब्रेको समय आफ्नै टोल, छिमेकमा दिएर जन्मस्थानप्रतिको आफ्नो कर्तव्य पूरा गर्न चाहन्छन् । यसरी हेर्दा सिग्देलको जीवन सामाजिक व्यक्तित्वको रूपमा पूर्ण सफल देखिन्छ ।

### २.२.४. भ्रमणप्रेमी व्यक्तित्व

भुवनहरि सिग्देललाई नयाानयाा ठाउा घुम्न अचम्मै आनन्द लाग्ने बुझिन्छ । उनी कार्यालय र घरको कामबाट केही थकित हुनासाथ कुनै नौलो ठाउाको यात्रामा निस्कन साथीहरू बटुल्छन् । सर्वप्रथम वि.सं. २०३० मा पााचथर पुगेका सिग्देल वि.सं. २०५५ मा धादिङको उत्तरी क्षेत्रस्थित नेपाल प्रसिद्ध गङ्गाजमुनाको अवलोकन भ्रमण गरेको कुरा कहिल्यै नबिर्सने बताउाछन् । त्यसका साथै दोलखा जिल्लामा रेहेको कालिन्चोक मन्दिर, रसुवा जिल्लाको गोसाइाकुण्ड, गत्लाङ गाउाको यात्रा कहिल्यै भुल्न नसकिने अनुभव सुनाउाछन् । यात्राको वर्णनलाई उनी काव्यात्मक रूप यसरी दिन्छन् :[५३]

कालिञ्चोक पहाडमा भगवती छन् रे भनेको सुनी
साथी चार मिली गयौं रहरमा उत्तुङ्ग आशा बुनी
बाटो दुर्गम लेक जङ्गल घना छैनन् कुनै मानिस
काठे भालुसमेतको डर हुने यद्वा गऱ्यो कोसिस

नयाा ठाउा घुम्न, रहनसहन र रीतिरिवाज बुझ्न तथा नवीन दृश्य हेर्न जाऊाजाऊा लागेर नै आफू भ्रमणप्रिय भएको अनुभव सिग्देल सुनाउाछन् । भ्रमणबाट आफ्ना साहित्यिक रचनाहरूलाई कच्चा पदार्थ बटुल्न पनि मद्दत पुग्दछ भन्ने अनुभव सिग्देलको छ । त्यसैले उनले नेपालका ५० भन्दा बढी जिल्ला र भारतका दार्जीलिङ, सिक्किम, कोलकत्ता, पटना, मद्रास, दिल्ली आदि सहरहरूको भ्रमण गरिसकेका छन् ।[५४]

## २.३. भुवनहरि सिग्देलको साहित्यिक व्यक्तित्व

भुवनहरि सिग्देल कविता विधामा स्थापित भए पनि उनी साहित्यका अन्य विधाहरूमा समेत कलम चलाउादै आएका छन् । यसखाले संलग्नताले गर्दा उनको साहित्यिक व्यक्तित्वलाई बहुविध क्षेत्रमा रहेको भनी स्वीकार्नुपर्छ । त्यसैले उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार बााडेर हेर्ने गरिन्छ :

### २.३.१. निबन्धकार व्यक्तित्व

भुवनहरि सिग्देलले आफ्नो साहित्यलेखनको प्रारम्भ निबन्ध विधाबाट गरेको देखिन्छ । वि.सं. २०२२ मा प्रभात पब्लिक मिडिल स्कुलमा कक्षा सातमा पढ्दै गर्दा रामकुमार पाण्डेको सम्पादनमा निस्कने **'प्रभात'** नामक पत्रिकामा प्रकाशित **"तर्साउने परम्परा र शिशुहरू"** शीर्षक निबन्ध पहिलो प्रकाशित रचना हो । यही कुरालाई सिग्देल यसरी व्यक्त गर्दछन् :[५५]

पहिलो रचना मेरो छापिएथ्यो "प्रभातमा"

होला बाइस सालै त्यो पढ्दैथें म "प्रभातमा"

यो निबन्धबाहेक उनले पछि घण्टाघरस्थित त्रिचन्द्र क्याम्पसमा पढ्दै गर्दा लेखेका दुई/चारवटा निबन्धहरू हाल हराइरहेको अवस्था छ ।[५६] तर, पहिलो प्रकाशित निबन्धभने उनीसाग सुरक्षित छ ।

## २.३.२. कवि व्यक्तित्व

भुवनहरि सिग्देलको सबभन्दा बढी क्रियाशीलता भएको क्षेत्र कविता क्षेत्र नै हो । पहिलो निबन्धका रूपमा **'तर्साउने परम्परा र शिशुहरू'** प्रकाशित भएपछि धेरै समयसम्म उनी लेखनको कामबाट बाहिरिएका देखिन्छन् । पछिल्ला दिनहरूमा वि.सं. २०५० तिरबाट फुटकर कविता रचना गरी उनी 'मधुपर्क' साहित्यिक पत्रिकामा देखापर्न थाले । उनले लेखेका विभिन्न फुटकर कविताहरूको सङ्ग्रह **'रो कविता'** वि.सं. २०६१ मा प्रकाशित भइसकेको छ । जम्माजम्मी १०० वटा कविताहरू यसमा छन् । उनका कविताहरू यथार्थ र सत्यका निकट भएको हुादा लयात्मक छन् ।[५७] विविधखाले विषयवस्तुलाई सरल भाषामा अभिव्यक्त गर्नसक्नु सिग्देलको विशिष्ट खुबी रहेको छ । आकारका दृष्टिले सिग्देलका कविता ज्यादा लामा छैनन् । सङ्क्षिप्ततामै मनका भाव व्यक्त गर्न सक्नु सिग्देलको प्रमुख खुबी हो । यिनका कविताले कतै प्राकृतिक सेरोफेरो, कतै राष्ट्रिय समस्या, कतै सामाजिक बेथिति त कतै आर्थिक विपन्नतालाई विषयवस्तु बनाएको देखिन्छ । यिनै सेरोफेरोमा उनको कवि व्यक्तित्व प्राप्त गर्न सकिन्छ ।

## २.३.३. खण्डकाव्यकार व्यक्तित्व

छोटाछोटा कवितालेखनमा खप्पिस भुवनहरि सिग्देलको कलम खण्डकाव्य लेखनमा पनि राम्ररी दरिएको बुझिन्छ । उनका खण्डकाव्यहरू नेपाली समाजका यथार्थताको सेरोफेरोमा घुमेका देखिन्छन् । गरिबीको पीडाबाट विदेसिनुपर्ने बाध्यता, नारीहरूमाथि गरिने दुर्व्यहार, बालबालिकाप्रतिको अभद्र व्यवहार मानवजीवनमा आइपर्ने बाध्यात्मक अवस्था र त्यसबाट मुक्त हुन मान्छेले लिनुपर्ने निर्णय आदिको सुस्पष्ट जानकारी उनका खण्डकाव्यका विषयगत परिधि हुन् । वर्तमानको विसमता एवं दग्ध उत्कण्ठामा जकडिएको सारगर्भित स्थितिमा चुनौतीपूर्ण विषय छान्ने खण्डकाव्यकार सिग्देलका यिनै विविध विषय र क्षेत्रहरूले उनको खण्डकाव्यकार व्यक्तित्वको परिचय दिन्छ ।[५८] हालसम्म प्रकाशित सिग्देलका खण्डकाव्यहरूमा **"आर्तनाद"** (वि.सं.२०५४), **"खाते"** (वि.सं.२०५५), **"कानी"** (वि.सं.२०५५), **"कुलबहादुर"** (वि.सं.२०५८), **"डल्ले"** (वि.सं.२०५९) र **"समयचक्र"** (वि.सं.२०६४) रहेका छन् ।

## २.३.४. महाकाव्यकार व्यक्तित्व

---

५५. शोधनायक भुवनहरि सिग्देलको भनाइ
५६. सुधाकर ढुङ्गाना, ऐजन, पृ. १३
५७. ऐजन
५८. शोधनायक भुवनहरि सिग्देलबाट प्राप्त जानकारी

फुटकर कविता र खण्डकाव्य रचनामा दरिएका भुवनहरि सिग्देलले महाकाव्यहरू पनि लेखेका छन् । हालसम्म उनका तीनवटा महाकाव्यहरू प्रकाशित छन् ।[५९] तिनीहरूमा **"धरणीधर"** (वि.सं.२०५५), **"मेनुका'** (वि.सं.२०५६), र **"विभुधारा"** (वि.सं.२०६१) छन् । सिग्देलका महाकाव्यहरूमा राष्ट्रियता, मानवीय मूल्य, सामाजिक जागरण, कुरीतिप्रतिको तीव्र विरोधका कुरा उठाइएका छन् ।[६०] उनका महाकाव्यहरूमा नारीवादी अवधारणा तथा सामाजिक सुधार र मानवतावादी सन्देश घनीभूत भएको भेटिन्छ । **'धरणीधर'** महाकाव्य नेपालमा राणाकालमा नवजागरणको शङ्खघोष गर्ने धरणीधर कोइरालाको जीवनसाग सम्बन्धित भएकाले विशेष चर्चित छ । यस्तै **'मेनुका'** महाकाव्यमा एउटा हीनताबोधले दबिएकी गाउाले युवती र कुनै कार्यालयका अधिकृतबीचको प्रेमसम्बन्धलाई प्रस्ट्याइएको छ । उनको **"विभुधारा"** महाकाव्य वंशपरम्परालाई उजागर गर्ने समसामयिक विषयवस्तु आगालेर लेखिएको महाकाव्य हो ।[६१] यसमा सामाजिक, आर्थिक र धार्मिक अवस्थाको यावत् वर्णन समेटिएको पाइन्छ ।

## २.३.५. कथाकार व्यक्तित्व

कविता विधामा आफ्नो ख्याति देखाउन सफल भुवनहरि सिग्देलले बेलाबेलामा फुटकर कथाहरू पनि प्रकाशित गराए ।[६२] तिनै कथाहरूलाई सङ्गृहित गरी एउटा कथासङ्ग्रह प्रकाशनको अन्तिम तयारीमा छ । **"अतीत जब वर्तमान बन्छ"** शीर्षकको यस कथासङ्ग्रहमा उनको पहिलो कथा **'रक्षन्ता बीस वर्षकी छे'** देखि लिएर **'अतलका चिस्यानहरू'**, **'बहिनी'**, **'मनमुजुरा'**, **'सपना'**, **'तुरूपको एक्का'**, **'अतीत जब वर्तमान बन्छ'**, **'धने बी. कम. फेल भएपछि'**, **'मनको कुरो'**, **'अफिस कोठाबाट सुरु'**, **'डिसेम्बर १३'**, **'रु. ५०० को नोट'**, **'रामचन्द्र हुमागाईं'**, **'सम्झौता हुन्छ, हुन्न'**, **'त्रिशूलीको किनारमा'**, **'लालटिनी बजार'**, **'सानी सारङ्गा'**, **'जमर्को'** गरी जम्माजम्मी १८ वटा कथाहरू समावेश छन् ।[६३] यी कथाहरूको सूची हेर्दा भुवनहरि सिग्देलको आख्यान विधाअन्तर्गत कथामा पनि राम्रो हात बसेको प्रमाणित हुन्छ ।

---

५९. सुधाकर ढुङ्गाना, ऐजन, पृ. १३
६०. ठाकुर शर्मा, 'विभुधारा महाकाव्य र भुवनहरि' रोडम्याप साप्ताहिक, वर्ष-२, अङ्क-२, २०६२,असार २, पृ.४
६१. शोधनायक भवनहरि सिग्देलबाट प्राप्त जानकारी
६२. ऐजन
६३. ऐजन

### २.३.६. सम्पादक व्यक्तित्व

भुवनहरि सिग्देलले आफूभित्रको प्रतिभालाई विभिन्न क्षेत्रमा प्रयोग गरेर देखाएका छन् । उनले आफू जागिरे छादा र अरू बेला पनि विभिन्न पत्रिका र स्मारिकाको सम्पादन गरेको पाइन्छ । [६४] उनले वि.सं. २०५३ मा लेखा परीक्षणको स्मारिका सम्पादन गरेको देखिन्छ । यसबाहेक राष्ट्रिय कम्प्युटर केन्द्रबाट प्रकाशित हुने **'कम्प्युटर सञ्चारपत्र'** को मासिक अङ्क दश वर्षसम्म उनकै सम्पादनमा प्रकाशित भएको पाइन्छ । सम्पादनका दृष्टिकोणबाट यी दुबै कामहरू उल्लेखनीय रहेको बुझिन्छ । यही सम्पादन कार्यभित्र उनको सम्पादक व्यक्तित्वको राम्रो परिचय प्राप्त गर्न सकिन्छ ।

### २.३.७. उपन्यासकार व्यक्तित्व

साहित्य सिर्जनाको प्रारम्भ गद्य विधाबाट नै सुरु गर्ने भुवनहरि सिग्देलमा राम्रो गद्यकारिता लुकेको पाइन्छ । निबन्ध र कथामा राम्रो कौशल देखाइसकेका उनी आजभोलिका दिनमा उपन्यास लेखनमा पनि सक्रिय बनेका छन् ।[६५] प्रकाशित रूपमा कुनै उपन्यासको पुस्तक नपाइए पनि अबका केही वर्षमा एउटा उपन्यासकारका रूपमा पनि आफ्नो परिचय सिग्देलले दिने कुरामा पूर्ण विश्वास गर्न सकिन्छ ।

–O–

६४. शोधनायक भुवनहरि सिग्देलबाट प्राप्त जानकारी
६५. ऐजन

<u>परिच्छेद -३</u>

# खण्डकाव्यको सैद्धान्तिक प्रारूप

## ३.१. कविताको एक उपविधाको रूपमा खण्डकाव्य

साहित्यका विविध विधामध्ये कविता विधा पनि एक हो । खण्डकाव्यलाई कविता विधाकै एक उपविधाका रूपमा लिने गरेको पाइन्छ । यसैले खण्डकाव्यको चिनारी दिन पुग्नुभन्दा पहिले साहित्य र कविता विधातर्फ सर्सर्ती दृष्टि दिनु आवश्यक देखिन्छ ।

साहित्यको अर्थ गर्ने क्रममा विभिन्न विद्वान्हरूले आफ्ना धारणाहरू अघि सारेका छन् । यसै क्रममा एकथरी भनाइ यस्तो रहेको छ[१] - 'सहितस्य भावः साहित्यम् ।' अर्थात्, शब्द र अर्थ, कल्पना, भावना, अनुभूति र अभिव्यक्तिको एकत्र सहभाव, सहअस्तित्व भएको रचना साहित्य हो । साहित्य शब्दको अर्को व्युत्पत्तिगत अर्थ 'हितेन सह तस्यभाव साहित्यम्' भन्ने हुन्छ अर्थात्, प्राणी वा मानवमात्रको कल्याणको भावनाको पवित्र उद्देश्यले युक्त रचना नै साहित्य हो ।

उपर्युक्त व्युत्पत्तिका अनुसार साहित्य भन्नु मानव कल्याणको अभिप्रायले युक्त शब्द र अर्थको सहभावमा गरिने अभिव्यक्ति हो । संस्कृत साहित्यमा साहित्यलाई काव्यशब्दद्वारा चिनाइएको छ । योमात्र होइन पश्चिमा साहित्यमा पनि साहित्यका बारेमा बृहद् अध्ययन गरिएको छ । साहित्यभित्रकै एक विधा कविता हो । वाचन र श्रवण गरेर कानका माध्यमबाट आस्वादन ग्रहण गरिने रचना नै कविता मानिन्छ । त्यसैले कवितालाई श्रवण विधाको रूपमा स्वीकारिन्छ । वैदिक लोकसाहित्य 'श्रुति' परम्परामै विकसित भएको र कविताको सम्बन्ध खोज्दै जाादा त्यहीा पुगिने हुनाले यो कुरो पुष्टि हुन जान्छ । कविता पद, शब्द र पाउहरूको विशिष्ट विन्यास भएको रचनाका रूपमा चिनिादै आएको हुनाले यसलाई पद्यका रूपमा स्वीकारिएको मानिन्छ । यो लोकप्रिय प्राचीन विधाका रूपमा परिचित छ । कविता छन्दबद्ध, लयबद्ध र भावप्रधान साहित्यिक विधा हो । लयकै आधारमा अरू विधाबाट कविता विधालाई छुट्याउन सकिन्छ । पाश्चात्य साहित्यको प्रभावमा विकसित कविताले पनि लयलाई छाड्न नसक्नुले कविताको एक प्रमुख 'पेवा' तत्त्व लय नै हो भन्ने तथ्य प्रस्ट हुन आउाछ । कविताका अनेक रूपहरू छन् । तिनीहरूलाई कविता विधाको उपविधा भनिएको पाइन्छ ।


साहित्यको एक विधा कवितामा कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको हुनाले यसको महत्त्व बढी भएको अनुभव हुन्छ । पूर्वीय संस्कृत साहित्यमा काव्य शब्दभित्र सम्पूर्ण साहित्यिक विधाहरू रहने पुरानो परम्परा देखिंदै आए पनि चौधौं शताब्दीका आचार्य विश्वनाथले साहित्यका दुई वर्ग वा भाग हुन्छन्[२] भनी बताएको पाइन्छ । उनका अनुसार श्रव्य विधासाग पद्य र गद्य रहेका हुन्छन् भने दृश्यान्तर्गत 'रूपक' (हालको नाटक) रहेको मानिन्छ । यस वर्गीकरणबाट पनि कविता विधा पद्य विधासाग सम्बन्धित भएको थाहा हुन्छ । पहिलेपहिले द्वन्द्वका दृष्टिकोणबाट पद्यमा लेखिएका रचनाहरूमात्र कवितामा

---


१. हिमांशु थापा, साहित्य परिचय, चौ.सं. (काठमाडौं : साझा प्रकाशन, २०५०) पृ.२-३
२. विश्वनाथ, साहित्य दर्पण, ते.सं.(वाराणसी : चौखम्बा विद्याभवन, इ. १९८८) पृ.५-६

गणना गरिने प्रचलन रहेपनि आधुनिक कवितामा गद्यले पनि स्थान लिएको पाइन्छ । पद्य र गद्यमा भेद नगरी हेर्दा लयात्मक एकालापको कथन पद्धतिको प्रधानता भएको एक साहित्यिक विधाका रूपमा कविता विधा रहेको देखिन्छ ।[३]

कविता विधाका विभिन्न उपविधाहरू छन् । पूर्वीय संस्कृत परम्परामा प्रचलित वर्गीकरणानुसार तिनीहरूका रूपलाई यस प्रकार देखाउन सकिन्छ :[४]




संस्कृत साहित्यमा कविताका उपविधाका रूपमा यसरी विभिन्न शीर्षक दिइए पनि विषयको आयाम अनुभूतिको मात्रा र संरचनाका आधारमा कविताका उपविधाहरूलाई निम्नानुसार देखाइएको पाइन्छ ।




यसप्रकार कविताका उपविधाहरूको वर्गीकरण गरिएबाट प्रत्येकको चिनारी पाउन सजिलो हुने देखिन्छ ।

कविताको सबैभन्दा सानो रूपलाई लघुतम रूप मानिन्छ । यो दुई हरफको हुन्छ । यसलाई द्विपदी पनि भनिन्छ । यो रूप मुक्तकका नामले पनि चिनिन्छ । संस्कृत कविता विधाका चिन्तन शृङखला ध्वनिवादी आचार्य आनन्दवर्द्धन र अभिनव गुप्त (क्रमशः नवौं र दसौं शताब्दी) ले गरेको उल्लेखानुसार माथि उल्लिखित उपविधालाई चिनाइए पनि यसैलाई अर्को नाममा पनि विभाजन गरेको पाइन्छ । जस अनुसारका कविताका उपभेदहरू मुक्तकदेखि युग्मक, विशेषक, कलापक, कुलक जस्ता पााच पूर्वश्रेणी र पर्यायवन्ध, परिकथा, खण्डकाव्य, सरलकथा र सर्गबन्धजस्ता पााच उत्तरश्रेणी गरी बढीमा जम्मा दश श्रेणीहरू पर्दछन् ।[५] तर, संस्कृत कविता परम्पराअन्तर्गत सार रूपमा कविताको लघुतम रूपलाई एक श्लोकी मुक्तकबाट थाल्दै पााच श्लोके

---

३. (डा.) महादेव अवस्थी, आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श प्र.सं. (काठमाडौं : इन्टलेक्चुअल्ज बुक प्यालेस, संवत् २०६४) पृ. ३

४. आनन्दवर्द्धन, ध्वन्यालोक, वाराणसी : चौखम्बा विद्याभवन १९२१ पृ. ३५३

५. (डा.) वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली कविता-४, वि.सं.(काठमाडौं : साझा प्रकाशन, वि.सं.२०५३) पृ.७

कुलकसम्म अथवा कम चर्तित रहेका सातश्लोके तारावली, आठश्लोक भुवनावली, नौश्लोके रत्नावली (१० श्लोकभन्दा कमका कविता) सम्मलाई लघुरूप मानी त्यसपछि खण्डकाव्यको मध्यम रूप नाघी बृहत् रूप महाकाव्य (सर्गबन्ध) सम्म पद्य वा कविताविधा विस्तार भएको पाइन्छ ।[६]

कविताको उपविधा वर्गीकरण गर्ने प्रमुख आधारका रूपमा यसको लमाइलाई पनि लिइएको पाइन्छ । यसै सन्दर्भमा डा. महादेव अवस्थीले कविताका समष्टि हरफ, पृष्ठ आदिको पठन र श्रवणसाग सम्बन्धित कथनकालको लम्बाइचाहि कवितात्मक लमाइको आयाम हो[७] भनेको पाइन्छ । यस प्रसङ्गमा खासगरी कविताको लम्बाइसाग सम्बन्धित प्रकारलाई नै कविताको उपविधा भन्ने गरिन्छ । लम्बाइका आधारमा कविताका लघुतम कविता, लघुकविता, मध्यम कविता (मध्यम आयामको) बृहत् कविता (बृहत् आयामको) र बृहत्तर कविता ( बृहत्तर आयामको) ।[८] यीमध्ये दुईदेखि चार पाउसम्मको लम्बाइमा पूर्ण हुने सबभन्दा छोटो कविताचाहिं लघु कविता हो र यसअन्तर्गत गीत-गजल, स्तोत्र, फुटकर कविताजस्ता लघुरूपका कवितात्मक अभिव्यक्तिहरू पर्दछन् । खास गरी चतुस्पदी दुई श्लोकदेखि १९ श्लोक र सोसरहको पङ्तिपुञ्जमा आधारित अनुच्छेदगत लम्बाइ भएको कविता लघुकविताले चतुष्पदी २० श्लोकभन्दा बढीको लम्बाइ पनि लिएको देखिन्छ । एक हजारभन्दा बढी र बढीमा चार हजार नौ सय उनान्सयसम्मको चतुष्पदी श्लोकसङ्ख्यागत लम्बाइ भएका कवितालाई बृहत् कविता वा महाकाव्य भनिन्छ । कविताका पङ्तिगत लम्बाइका आधारमा हेर्दा श्लोक सङ्ख्या एक सयभन्दा बढी भएको प्रबन्धात्मक काव्यलाई खण्डकाव्यको कोटीमा उभ्याइएको पुष्टि हुन्छ ।

आख्यानात्मक र पञ्चसन्धियुक्त (सकलाङ्गवर्णनात्मक) बृहत् प्रबन्धकाव्य, जसमा कम्तीमा एक हजार श्लोक सङ्ख्या हुन्छ, त्यसलाई महाकाव्यको नामले चिन्ने गरिन्छ । नेपाली साहित्यको क्षेत्रमा प्रचलित गाथा, लहरी सवाइजस्ता रूपका साथै नेपाली लेख्य साहित्यक्षेत्रका दूतकाव्य, कोशकाव्य, शतककाव्य, गीतिकाव्य, खण्डकाव्य र लामो कविताजस्ता कवितात्मक रूपलाई तिनको लम्बाइका आधारमा मोटामोटीमा कविताको मध्यम रूपअन्तर्गत राख्ने गरिन्छ ।[९] कविता विधामा फुटकर कविता, लघुकविता, महाकाव्य र बृहत् रूप भएकाले कविताको मझौलो रूपभित्र खण्डकाव्य समेटिने कुरो सत्य सावित हुन्छ । खण्डकाव्य स्वरूपगत रूपमै मझौलो हुने हुनाले कविताका उपविधामध्ये मध्यम आकारप्रकारको उपविधाका रूपमा खण्डकाव्य रहने कुरा स्पष्ट हुन्छ । लघु कविताले एक प्रहर एक क्षण विशेषको अनुभूतिलाई आगालेको हुन्छ भने महाकाव्यले सिङ्गो जीवनको बहुविध पक्षको विशाल फाटमा चहारिरहेको हुन्छ । तर, खण्डकाव्यले सिङ्गो जीवनको एक देश, आाखीझ्यालबाट च्याउादा देखिने सानो संसार वा एक दृश्यलाई आफ्नो विषयवस्तु बनाएको हुन्छ । कुनै एक रसको परिपाक, कुनै एक/दुई सन्धिको निर्वाह र कुनै एक दुई वर्गको प्रतिपादन गर्ने खण्डकाव्य विषयको आयामका दृष्टिले पनि मझौलो काव्यको कित्तामा स्वतः गाासिन पुग्छ । संरचनाका दृष्टिले पनि खण्डकाव्य

---

६. ऐजन
७. (डा.) महादेव अवस्थी, ऐजन, पृ. ४
८. (डा.) महादेव अवस्थी, ऐजन,
९. (डा.) महादेव अवस्थी, ऐजन,

मध्यम स्तरीय काव्यमै देखापर्दछ । लघुकविता अनुभूतिको अभिव्यक्तिसागै स्वतः संरचित हुन्छ । आख्यानको अभाव र सूक्ष्माख्यानको स्थिति रहने हुादा लघुकवितामा अनुभूति र आख्यान छुट्टिएको हुादैन । त्यसैले त्यहाा संरचनाको आयोजना गरिरहनुपर्दैन । खण्डकाव्यको स्वरूप सुरु हुनासाथ अनुभूतिको मात्रा पनि विस्तृत हुादै गएको हुन्छ । अनुभूतिको विस्तृत आरम्भ खण्डकाव्यदेखि हुने हुनाले त्यसलाई छताछुल्ल पोखिनदेखि बचाएर मूर्तरूप दिन आख्यानको सहारा लिनुपर्ने हुन्छ । यस स्थितिमा कविले अनुभूतिलाई आख्यानमा उनेर प्रबन्धन गर्ने काम गर्दछ । आख्यानको विकल्पमा भाव तथा विषयका आधारमा पनि अनुभूतिको संयोजन खण्डकाव्यमा हुन सक्छ । महाकाव्यको संरचना सशक्त हुने र लघुकविता स्वतः संरचित हुने हुनाले संरचनाका आधारमा पनि खण्डकाव्य कविताका अन्य रूपभन्दा छुट्टै किसिमको काव्य हो भन्ने ठहर हुन्छ ।

## ३.२. खण्डकाव्यको परिभाषा

'खण्डकाव्य' शब्दको निर्माण दुई शब्दको योगबाट भएको छ । नेपाली व्याकरणमा उल्लेख भएको शब्द निर्माणप्रक्रियान्तर्गत समासविधिबाट निर्मित यस शब्दमा 'खण्ड' र 'काव्य' शब्दहरूको उपस्थिति देखिन्छ । यी दुई शब्दहरूको छुट्टाछुट्टै अर्थ खोजी गर्दा खण्डको अर्थ 'टुका' वा 'अंश' भन्ने बुझिन्छ भने 'काव्य' भन्नाले कविको भावनाको लयात्मक विकास भन्ने बुझिन्छ । काव्य शब्दले कवितासाग सम्बन्ध राख्ने र 'खण्ड' ले एक अंश वा टुकाको अर्थ बोध गराउने कुराको जानकारी भइसकेपछि यी दुबै मिलेर बनेको 'खण्डकाव्य' शब्दले दिने सिङ्गो अर्थ खोज्नु सान्दर्भिक हुन्छ । यसै क्रममा यसको अर्थलाई कुनै एक विषयको अभिव्यक्ति दिने सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्यका रूपमा लिने गरिएको पाइन्छ ।[१०] यस आधारमा खण्डकाव्यको अर्थ खोज्दा खण्ड जीवनका बारेमा लेखिएको काव्य 'खण्डकाव्य' हो भन्न सकिन्छ । जीवनका कुनै एक महत्त्वपूर्ण घटनाविशेष, सन्दर्भविशेष, प्रसङ्गविशेष, पाटोविशेषलाई केन्द्रमा राखेर उक्तिमा प्रस्तुत गएिको रचना नै खण्डकाव्य हो भनी बुझ्न सजिलो पर्ने देखिन्छ ।

कुनै पनि सिर्जना र त्यसबारेमा गरिने सैद्धान्तिक अध्ययनको निकटतम सम्बन्ध हुन्छ । सिर्जनाको सृष्टिपछि मात्र त्यसको सैद्धान्तिक चर्चा/परिचर्चा र टीकाटिप्पणीहरू हुने गरेको पाइन्छ ।पूर्वीय संस्कृत वाङ्मयलाई संसारकै सर्वप्राचीन 'चिन्तन केन्द्र' मानिन्छ भने त्यसमा पनि आद्यग्रन्थ 'ऋग्वेद' हो भनी मानिंदै आएको छ । ऋग्वेददेखि नै साहित्य सिर्जनाको परम्परा सुरु भई ज्ञानविज्ञानबारे विशद् तथा गम्भीर छलफलसमेत हुादै आएको प्रसङ्ग विभिन्न ग्रन्थहरूमा भेटिन्छ । यति हुादाहुादै पनि साहित्यका बारेमा आधिकारिक चर्चा दोस्रो शताब्दीका आचार्य भरतमुनिदेखि मात्र हुादै आएको बुझ्न सकिन्छ । दोस्रो शताब्दीका आचार्य भरतदेखि काव्यको चर्चा सामान्य रूपमा भए पनि काव्यलाई समग्र साहित्यको रूपमा लिएको थाहा हुन्छ । भरत, भामह, दण्डी, कसैले पनि खण्डकाव्यको विशेष चर्चा गरेको पाइादैन । पूर्वीय काव्य चिन्तनको परम्परालाई सुस्पष्ट मार्गमा लैजाने काम चौधौं शताब्दीका आचार्य विश्वनाथले गरे । उनले आफ्नो लक्षण ग्रन्थ **'साहित्य दर्पण'**मा साहित्यका विधाहरूको चिन्तन गरेका छन् । काव्यका विभिन्न भेदहरूमध्ये 'खण्डकाव्य' भनी

---

१०. (डा.) वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली बृहत् शब्दकोश, (काठमाडौं : ने.रा.प्र.प्र., वि.सं. २०४०) पृ.२८३

तोकेर सैद्धान्तिक अध्ययन गर्ने प्रथम आचार्य विश्वनाथ नै हुन् । विश्वनाथले प्रबन्धकाव्यका चार प्रकारलाई (क) काव्य (ख) खण्डकाव्य (ग) कोषकाव्य र (घ) महाकाव्य भनी बाांडेका छन् ।

खण्डकाव्यको सर्वप्रथम आधिकारिक परिभाषा गर्ने क्रममा विश्वनाथले (खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च)[११] जीवनको एक देश वा एक खण्डलाई अनुशरण गर्ने काव्य खण्डकाव्य हो भनेका छन् ।

यस परिभाषामा विश्वनाथले खण्डकाव्यको स्वरूपलाई एक देशको अनुशरण गर्ने रचनाको रूपमा लिएका छन् । यहाा काव्य भनेर खास एक अर्थ प्रधान हुने रचनालाई भनिएको छ । यही काव्यको एक देशलाई विश्वनाथले खण्डकाव्य मानेका छन् ।

नेपाली साहित्यमा खण्डकाव्यसम्बन्धी अवधारणा प्रस्तुत गर्ने व्यक्तिहरूमा माधवप्रसाद घिमिरेको आफ्नै स्थान छ । खण्डकाव्य सम्बन्धमा उनले अघि सारेको मान्यतानुसार "कविताको विस्तृत रूप नै काव्य हो । यहाा एक भावले अर्को भावलाई प्रेरित गर्छ र अनेकन भाव प्रवाहरूपमा बग्न थाल्छ । यहाा निर्झरले खोलालाई बोलाउाछ - लघुकाव्य बन्छन्, खोलाले नदीलाई बोलाउाछ - ललित महाकाव्य बन्छन्, नदीले सागरलाई बोलाउाछन् - बृहदाकार महाकाव्य बन्छन् ।[१२] खण्डकाव्यका बारेमा घिमिरेले अघि सारेको टिप्पणी निकै गहकिलो र आफ्नै कवितात्मक शैलीमा विभिन्न विम्बहरूको सहयोग लिई कविताको लघुदेखि बृहदाकारसम्मका चार मुख्य उपभेद (फुटकर कविता, लघुकाव्य, ललित महाकाव्य र बृहदाकार महाकाव्य ) लाई चिनाउन खोजेका छन् ।[१३] नेपाली साहित्यमा सर्वप्रथम पी.एच.डी. गर्ने साहित्य चिन्तक तथा समालोचक डा. वासुदेव त्रिपाठीको खण्डकाव्यका बारेमा आफ्नै खालको धारणा रहेको पाइन्छ । उनी खण्डकाव्यलाई कविताको लघुतमभन्दा विस्तारित तर बृहत् रूपभन्दा कम आयाम आगाली आख्यानात्मक वा आख्यानरहित रही जीवनजगत्को एक अंशलाई अन्वितिपूर्ण वा समष्टि प्रभावका एकत्वमा व्यक्त गर्ने लयात्मक प्रबन्धात्मक मझौला आयामका कविता[१४] भनी परिभाषा गर्दछन् ।

नेपाली साहित्यलाई पूर्वीय चिन्तन धाराकै निर्देशनानुसार चिनाउन खोज्ने पण्डितराज एवं साहित्यप्रदीपकार सोमनाथ सिग्द्यालको खण्डकाव्यसम्बन्धी मान्यता झन्डैझन्डै विश्वनाथसाग मिल्दोजुल्दोझैं प्रतीत हुन्छ । उनी खण्डकाव्यलाई 'काव्यको एक टुक्राजस्तो छोटो, कथानकलाई लिएर श्रृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन सन्धिबन्धनहरू नभएको छोटो काव्य'[१५] भनी चिनाउाछन् । सोमनाथ सिग्द्यालको यस परिभाषामा केही मौलिक छनक पाइए पनि यसलाई पूर्णरूपमा मौलिक भन्न सकिने आधार छैन ।

नेपाली भाषासाहित्यसेवी एवं विभिन्न समालोचनात्मक ग्रन्थहरूका स्रष्टा डा. महादेव अवस्थी खण्डकाव्यमाथि आफ्नो अभिमत यसरी राख्दछन् : खण्डकाव्य आख्यानात्मक वा आख्यानरहित दीर्घकविता (

११. विश्वनाथ, साहित्य दर्पण, ऐ.ऐ. पृ. ४६५
१२. माधवप्रसाद घिमिरे (सम्पा.), पच्चीस वर्षका खण्डकाव्य' प्र.सं. (कामाडौं : ने.रा.प्र.प्र. वि.सं. २०३९) पृ. ७
१३. (डा.) महादेव अवस्थी, ऐजन, पृ. ४३
१४. (डा.)वासुदेव त्रिपाठी र अन्य,(सम्पा.), नेपाली कविता - ४, ऐजन, पृ. ५४

लामो कविता) भन्दा लघु वा छोटो कविताभन्दा लामो र त्यहााका विविध मध्यम कविता रूप (शोककाव्य, गाथाकाव्य, छन्दोबद्ध रोमाञ्चकाव्य, पद्यनाट्यकाव्य, पत्रकाव्य, व्यङ्ग्यकाव्य, 'चरित्रकाव्य, ऋतुकाव्य, गोपकाव्य, प्रयोगवादी लामो कविता' लाई समेट्ने र विस्तारित गाथा (महाकाव्य, गाथाचक्र तथा कलात्मक महाकाव्य भनिने दीर्घतर आख्यानात्मक कविता) भन्दा सङ्क्षिप्त कविता रूप हो ।[१६]

डा. अवस्थीको यस परिभाषामा खण्डकाव्यका रूपमा शोककाव्य, गाथाकाव्य, छन्दोबद्ध रोमाञ्चक काव्य लगायतका विभिन्न किसिमका मझौला आकारको कवितात्मक स्वरूप खण्डकाव्य हुन्छ भनी चिनाउने प्रयास भएको पाइन्छ । यसमा विविधखाले मझौला काव्यहरूको समुच्च बनोट खण्डकाव्यसागै मिल्ने भनी त्यसैसाग राखेको भेटिन्छ । यसरी खण्डकाव्यका बारेमा दुई कुरालाई किटेको पाइन्छ । ती दुई पक्षहरू (क) सैद्धान्तिक वा परम्परागत पक्ष (ख) प्रयोगपक्ष हुन् भन्न सकिन्छ ।

माथि प्रस्तुत भएका परिभाषाहरूमध्ये विश्वनाथ र सोमनाथको परिभाषा बढी सिद्धान्तमुखी रहेको देखिन्छ भने माधवप्रसाद घिमिरे डा. वासुदेव त्रिपाठी र डा. महादेव अवस्थीको विचार प्रयोग पक्षसाग बढी नजिक रहेर प्रस्तुत भएको पाइन्छ । माथि दिइएका परिभाषाहरूमध्ये डा. वासुदेव त्रिपाठीको खण्डकाव्यसम्बन्धी चिन्तनले नेपाली साहित्यमा अहिलेसम्मको सर्वाधिक विस्तार र व्याख्या प्राप्त गरेको खण्डकाव्यमान्यताको उपाधि प्राप्त गरेको छ ।[१७] उपर्युक्त परिभाषाहरूले खण्डकाव्यलाई आकारप्रकार, लय र प्रबन्धनका तीन प्रमुख आधारमा पनि परिभाषित गरेको देखिन्छ । जसमा खण्डकाव्य कविताका प्रमुख तीन रूप (लघु, मध्यम र बृहत्) मध्ये मध्यम रूप हो । यसमा कविताको आधारभूत गुण, लयवैशिष्ठ्य बोकेर प्रस्तुत हुन्छ । यसको विशिष्ठ मौलिकताको रूपमा प्रबन्धलाई लिएको पाइन्छ । प्रबन्धकाव्य हुनका लागि निश्चित आख्यानतत्त्व हुनुपर्छ । आख्यान तत्त्वका धागामा कविताका लहर वा हरफहरू कलात्मक रूपमा उनिएको हुनुपर्छ । यस्तो कवितात्मक आख्यान सिङ्गो जीवनको नभएर जीवनको कुनै एक महत्त्वपूर्ण खण्ड वा प्रसङ्गको हुनुपर्छ । यसको संरचना एकभन्दा बढी सर्गहरूमा पनि हुनसक्छ वा सर्गविहीन रूपमा पनि हुनसक्छ । यो जसरी तयार भएपनि आख्यान विषय, पात्र र

---

१५. सोमनाथ, सिग्द्याल, प्र.स. (काठमाडौं : नेपाल एकेडेमी, वि.सं. २०१६) पृ. १०९
१६. (डा.) महादेव अवस्थी, ऐ. ऐ. पृ. ४७
१७. (डा.) महादेव अवस्थी, ऐजन, पृ. ४४

अनुभूति जस्ता चीजहरू यसमा एकान्वित भएको हुनपर्छ । गद्य वा पद्य जुनसुकै लयमा लेखिएको भए पनि कवितात्मक गुण (व्यतिक्रम, लयविधानको स्पष्ट उपस्थिति, आलङ्कारिक भाषा, विधागत सङ्गठन आदि भएकै हुनुपर्छ । अर्थात् लयविधान, आख्यानमा केन्द्रित निश्चित ठाउा, समय र कार्यको एकान्विति खण्डकाव्यका अनिवार्य सर्त हुन् । यिनै विशेषता भएको काव्यलाई खण्डकाव्य मान्न सकिन्छ । यहाा प्रस्तुत गरिएका काव्यपारखी विभिन्न विद्वान् महानुभावहरू र तिनीहरूको उपर्युक्त व्याख्यालाई आधार मानी खण्डकाव्यको परिभाषालाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ :

गद्य वा पद्य जुनसुकै लयमा लेखिए पनि कवितात्मक लयविधान गरी मानवजीवन वा अन्य कुनै विषयको एउटा टुक्रो वा पाटोसाग सम्बन्धित भई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको आख्यानात्मक मझौला प्रबन्धकाव्य नै खण्डकाव्य हो ।

## ३.३. खण्डकाव्यका मुख्य तत्त्वहरू

कविता विधा र यसका उपविधाहरूका बारेमा यहाासम्म गरिएको चर्चाबाट खण्डकाव्यलाई कविता विधाको एक दरो उपविधाका रूपमा लिन सकिन्छ । खण्डकाव्यको पूर्णस्वरूप निर्माणमा आवश्यक पर्ने अङ्गहरूलाई यसका तत्त्वहरूका रूपमा लिने गरिन्छ । तत्त्व भन्नाले कुनै वस्तु, रचना, पदार्थका अङ्गावयव वा संरक्षक घटकहरूलाई चिन्न सकिन्छ । साहित्यमा रहने गुण, धर्म, सामग्री र अङ्गावयव आदि साहित्यका तत्त्वका रूपमा स्वीकारिन्छन् । साहित्यको एक विधा कविता र कविताको एक प्रमुख उपविधा 'खण्डकाव्य' आकारप्रकार, आख्यानगत सीमितता, चरित्रगत अल्पता, बहुलता युगबोधगत सीमितता र व्यापकता आदिका दृष्टिले महाकाव्यभन्दा सानो हुन्छ । कविता, खण्डकाव्य र कविताका अन्य रूपमा आकार, आयाम र संरचनातत्त्वमा केही भिन्नता देखिए पनि कविताका सबै रूप वा उपविधाको आत्मा वा भावपक्ष एकै हुने कुरा निश्चित छ । जीवनको शारीरिक संरचनाका आधारमा हेर्ने हो भने भुसुना, कमिला, मानिस र हात्तीमा निकै भिन्नता देखिन्छ , तापनि यी चारै जीवहरू प्राण वा आत्माका दृष्टिले समान मानिन्छन् । त्यस्तै कविता विधाका अन्य उपविधाको कायिक संरचनामा भिन्नता भए पनि केन्द्रीय आत्मतत्त्व एउटै रहेको हुन्छ । यस आधारमा भाव, भाषा र लयचाहिं कविताका उपविधागत सबै रूप वा भेदका प्रमुख अङ्ग हुन् । यसका साथै शीर्षक, कल्पना, विचार, सङ्गीत, कथनपद्धति कविताकै अङ्ग मानिन्छन् । यसर्थ कविताको आत्मपक्ष भाव चिन्तन हो भने शरीर वा संरचनापक्ष भाषा नै हो ।

कवितालाई कलापक्ष र भावपक्ष गरी दुई चिरा पारी चिनाउन पनि सकिन्छ । कविताको भावपक्षान्तर्गत अनुभूति, संवेदना, विचार, दर्शन, चिन्तनजस्ता पक्षहरू पर्दछन् भने कलापक्षान्तर्गत भाषा र लयजस्ता बाह्यतत्त्वहरू पर्दछन् । कविताविधाकै सशक्त उपविधा खण्डकाव्यलाई यसमा प्रयोग भएको विभिन्न काव्यात्मक ढााचाका रूपमा पनि छुट्याउने गरिन्छ । यही ढााचाहरूको निरुपणपछि खण्डकाव्यका तत्त्वहरू निर्धारण गर्नुपर्ने देखिन्छ । यी तीन ढााचाहरूलाई डा. वासुदेव त्रिपाठीका अनुसार पहिलोमा धेरथोर (सूक्ष्म वा स्थूल) आख्यानीकरणमा आधारित लयबद्ध भावद्वारा जीवनको एक देश वा एकांशलाई प्रस्तुत गरी निर्माण गरेको पाइन्छ । दोस्रो ठााचामा कुनै स्थान, प्रसङ्ग, घटनाविशेष, व्यक्तित्व विशेष, भावविशेष वा विचार विशेषलाई

केन्द्रबिन्दु मानी प्रवाहित भएको कवितात्मक अभिव्यक्तिको मध्यम रूप पर्दछ । यसै क्रममा आउने तेस्रो ढाँचा प्रयोगवादी धारामा प्रचलित 'लामो कविता' हो । यसमा प्रयोगवादी अति क्लिष्टताबाहेकचाहि पाश्चात्य लामो वा दीर्घ कविताकै अनुशरणक्रम बढी छ ।[१८] यिनै आन्तरिक र बाह्य बनोटको ढाँचा वा पक्षका आधारमा खण्डकाव्यका तत्त्वहरू यस प्रकार रहेका भेटिन्छन् :

## ३.३.१. शीर्षक

शीर्षक कुनै पनि रचनामा नभई नहुने प्रमुख तत्त्व हो । खण्डकाव्यमा मात्र होइन जुनसुकै विधा र उपविधाका रचनाहरूमा पनि शीर्षकको आवश्यकता पर्दछ । शीर्षकबाट नै लेखकले आफ्नो रचनाको नामकरण गरेको हुन्छ । त्यही नामलाई सम्बन्धित कृतिको शीर्षकले चिनिन्छ । खण्डकाव्यका शीर्षकहरू विभिन्न आधारमा राखिन्छन् -[१९]

(क) पात्र विशेषका नाम, नायक-नायिकाका नाम, वा यी दुबैमध्ये कुनै एकको नामका आधारमा ( उदाहरण : **राजकुमार प्रभाकर, मुनामदन, कुञ्जिनी** आदि)

(ख) खण्डकाव्यका मुख्य विषयवस्तु वा भावका आधारमा (उदाहरण : **वैराग्यशतक, नासमझको गाँठो** आदि)

(ग) पात्र नाम वा विषयवस्तुको मिश्रण गरेर (उदाहरण : **सीता हरण, रावणजटायु युद्ध** आदि)

घ) यी आधारहरूमध्ये केहीलाई वा सबैलाई मिसाएर (उदाहरण : **नयाँ सत्यकली संवाद** आदि) ।

## ३.३.२. भाषाशैली

भाव अभिव्यक्ति गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । कुनै काम गर्ने प्रणाली, काम गराइको ढाँचा, परिपाटी, छन्द आदिलाई शैली भनिन्छ ।[२०] कुनै पनि कृतिमा शैली साधन मात्र हो । त्यति हुँदाहुँदै पनि यसको ज्यादै महत्त्व रहेको हुन्छ । भाषाको स्वाभाविक प्रयोगले यथोचित परिवेशको निर्माण गरेको हुन्छ ।[२१] भाषा र शैलीबीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । लेखकको योग्यता र क्षमतामा शैली जन्मन पुग्दछ भन्ने मानिन्छ । शब्दिक प्रयोग र भाषिक उच्चताका दृष्टिले शैली सरल र अलङ्कृत गरी दुई प्रकारका हुन्छन् । शैलीका भेदहरू रचना विधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण र सहरियाजस्ता पाइन्छन् । व्यक्तिपिच्छेको शैली फरक-फरक हुन्छ । खण्डकाव्य शास्त्रीय छन्द, मुक्त छन्द र लोकलयमा पनि रचित हुन सक्छ ।[२२] खण्डकाव्यमा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरिएको हुन्छ ।

---

१८. (डा.) त्रिपाठी र अन्य (सम्पा), नेपाली कविता-४, ऐ ऐ, पृ. ५४-५५
१९. (डा.) महादेव अवस्थी, ऐ.ऐ. पृ. ४८
२०. (डा.) त्रिपाठी र अन्य नेपाली बृहत् शब्दकोश, ऐ.ऐ. पृ. १२६७
२१. मोहनराज शर्मा, शैली विज्ञान (काठमाडौं, ने.रा.प्र.प्र. २० अनु. पृ. ७९
२२. हिमांशु थापा, पूर्ववत, पृ. ५६

आलङ्कारिक, प्रश्नात्मक भाषाशैलीको प्रयोगले खण्डकाव्यलाई ओजिलो पार्दछ । यसर्थ भाषाशैली खण्डकाव्यको अपरिहार्य तत्त्व हो ।

### ३.३.३. लयविधान

कविता-विधाको मुख्य परिचय नै त्यसमा प्रयोग हुने लयबाट छुट्टिन्छ । लयबाट विशेषखालको श्रुतिमाधुर्य प्राप्त हुन्छ ।[२३] कवितालाई अन्य विधाबाट व्यतिरेकी बनाउने प्रमुख तत्त्व लय भएकाले खण्डकाव्यको रचनामा पनि यसको महत्त्व ज्यादै छ । विद्वान्हरूले कवितामा बाह्य लय र आन्तरिक लय गरी दुई प्रकारका लय स्वीकारेका छन् । बाह्य लयको अनुशासन छन्द र लोकलयका कवितामा स्वीकारिएको हुन्छ भने आन्तरिक लय गद्य कवितामा हुन्छ । गद्य कविता आन्तरिक लयका कारण कथा, कविता र निबन्धभन्दा पृथक् भएको हो । भाषाशैलीको पङ्तिगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लयविधानको लक्ष्य हो ।[२४] अतः कविहरूले खण्डकाव्यमा लोकलय र शास्त्रीय छन्दजस्ता बाह्यलयलाई र गद्यकविताको जस्तो आन्तरिक लयमध्ये कुनै पनि लयको प्रयोग गर्न सक्दछन् । नेपाली साहित्यमा छन्दमा लेखिएको खण्डकाव्यमा - **ऋतुविचार, उर्वशी** आदि छन् । वार्णिक छन्द/लोकलयमा रचिएको खण्डकाव्यमा **मुनामदन**, मुक्तलय वा गद्यमा रचिएको खण्डकाव्य '**मायाविनी सर्सी**' हो ।[२५]

### ३.३.४. विम्बप्रतीक विधान र अलङ्करणप्रविधि

खण्डकाव्यमा कथन गरिएको मुख्य भावविचारकै सहचर छायाजस्तो भई आउने अर्को अर्थलाई विम्ब भनिन्छ ।[२६] जीवनजगत्का विभिन्न क्षेत्रबाटै उपयुक्त सामग्रीको चयन गरी खण्डकाव्यमा विम्बविधानको तर्जुमा गरिन्छ । पूर्वीय संस्कृत साहित्यमा बताइएका अर्थालङ्कारको प्रयोगलाई नै अर्को शब्दमा विम्बविधान भन्ने गरिएको छ । कुनै पनि खण्डकाव्यमा प्रस्तुत अर्थभन्दा अप्रस्तुत भित्री व्यञ्जनाधर्मी अर्थ बोध हुनुमा त्यसै खण्डकाव्यमा प्रयुक्त शब्द वा अर्थ वा दुवैका माध्यमबाट अभिहित अर्थ  बढी प्रभावकारी रूपमा झल्कनु वा प्रकट हुनु नै 'प्रतीकविधान' हो ।[२७]

### ३.३.५. अनुभूति

कल्पनाशक्तिद्वारा प्राप्त भएको मानसिक अनुभव, मनोदशा, मनस्थिति मनोभाव वा मनोरागलाई अनुभूति भनिन्छ । अनुभूति खण्डकाव्यको प्रमुख तत्त्व मध्येकै एक हो । खण्डकाव्यको मूल अङ्ग वा तत्त्वभाव पक्ष हो । भाव पक्षलाई कविताको आत्मा पनि भनिन्छ । कविताको भावपक्षको अनुभूति पक्षसाग सम्बन्ध रहेको देखिन्छ । कविको संवेदनाले जीवनजगत्प्रति अनुभूत गरेका भावपुञ्जहरू अमूर्त हुन्छन् । कविको अनुभूतिले

---

२३. हिमांशु थापा, पूर्ववत, पृ. ५६
२४. (डा.) महादेव अवस्थी पूर्ववत्, पृ. ४९
२५. (डा.) वासुदेव त्रिपाठी र अन्य (सम्पा.)  नेपाली कविता - ४, पूर्ववत्, पृ. १९
२६. (डा. महादेव अवस्थी पूर्ववत् पृ. ४९-५०
२७. ऐजन, पूर्ववत्

आख्यानको सहायता लिएर भाषा र लयको माध्यमले बाहिर प्रस्फुटन हुन नपाएमा कविका अनुभूति परातन्मात्रामा विलय हुन्छन् । भावतत्त्व र अनुभूति कविताकाव्यका अति मसिना आन्तरिक अमूर्त केन्द्रीय बिन्दुमय तत्त्व हुन् । अनुभूति खण्डकाव्यको मात्र आधारभूत तत्त्व नभई कविताका सबै उपविधागत भेदकै अमूर्त आधारभूत तत्त्व मानिन्छ ।[२८]

## ३.३.६. कथावस्तु

पाश्चात्य साहित्यमा कथावस्तुसम्बन्धी मान्यता एरिष्टोटलबाट सुरु भएको पाइन्छ । संस्कृत साहित्यमा इतिहास र जनमानसमा लोकप्रियता प्राप्त गरेको कथालाई कथावस्तुको रूपमा लिइएको भेटिन्छ ।[२९] कार्यकारण श्रृङ्खलामा आबद्ध कथानकमा चरित्र, भाव र विचारजस्ता कुराहरू समावेश हुन्छन् ।[३०] खण्डकाव्यमा आख्यानभित्र कथाको उपस्थिति हुनाले यसमा कथावस्तुको महत्त्वपूर्ण स्थान हुन्छ । खण्डकाव्यमा कथानक पढ्दै जाादा पाठकमा उत्सुकता थपिंदै जान्छ ।[३१] यसमा श्रृङ्खलित कथानक हुन्छ । यसका सर्गान्तमा भावी घटनाको सङ्केत देखाइादैन । कथावस्तुलाई श्रृङ्खलित र शिथिल गरी विभाजन गरेको पनि देखिन्छ ।[३२]

## ३.३.७. पात्रविधान

खण्डकाव्यमा कथावस्तु कुनै न कुनै रूपमा रहेकै हुन्छ । कथावस्तुमा घटना र कार्यव्यापारको अन्तरक्रियाका लागि पात्र वा चरित्रको आवश्यकता हुन्छ । खण्डकाव्यमा काव्यकारले कथावस्तु अनकूलका पात्रहरू सिर्जना गरेको हुन्छ । ती पात्रहरू नारी, पुरुष या अन्य कुनै वस्तु पनि हुन सक्छन् । खण्डकाव्यमा आएका पात्रहरू प्रायः मञ्चीय हुन्छन् । कतिपय पात्रहरू नेपथ्यगत पनि भेटिन्छन् । मञ्चीय पात्रहरू आपसमा वैरभाव गर्छन्, कुराकानी गर्छन् र कुनै विषयबारे आफ्ना प्रतिक्रिया व्यक्त गर्दछन् । सूक्ष्म वा क्षीण कथानक भएका खण्डकाव्यमा चरित्रको खासै प्रधानता पाइादैन ।[३३] जे होस् खण्डकाव्यमा चिरत्रहरू सिङ्गो समाजको प्रतिनिधित्व गर्ने हुनुपर्दछ भन्ने मान्यता पनि पाइन्छ । खण्डकाव्यको नायक वा नायिका कसमा कथावस्तु बढी घुमेको छ त्यो सङ्घर्षशील, धीरोदात्त, कर्तव्यनिष्ठ त्यस्तै कुशल गृहिणी, पतिपरायणारमणी, प्रेमकाक्षिणी हुनुपर्छ भनी स्वीकारिएको पाइन्छ ।

---

२८. कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, प्र.सं. (काठमाडौं, दीक्षान्त पुस्तक प्रकाशन, वि.सं.२०६१), पृ. २९
२९. हिमांशु थापा, साहित्य परिचय, पूर्ववत्, पृ. ५८
३०. मोहनराज शर्मा, पूर्ववत्, पृ. २६
३१. डब्ल्यु एच् अब्राहम, ए ग्लोसरी अफ लिटरेरी ट्रमस्, एघारौं सं. (इन्डियन मेडिकल लि. इ. १९९३), पृ. १२९
३२. पूर्ववत्
३३. कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३२

### ३.३.८. परिवेश

साहित्यमा परिवेशको चित्रण गरिएको हुन्छ । कतिपय साहित्यिक कृतिहरू परिवेशप्रधान पनि देखिएका छन् । परिवेश खण्डकाव्यको महत्त्वपूर्ण पक्ष हो । पात्रले भोगेको जीवनजगत्को चित्र नै परिवेश हो । कुनै पनि कृतिको उद्देश्यानुरूप वातावरण सिर्जना गरिएको हुन्छ । वातावरणबाट कथानकको मर्मको चिनारी गर्न पनि मद्दत पुग्छ ।[३४] खण्डकाव्यको कथाले दिएको पृष्ठभूमि, स्थान र वातावरण आदि परिवेशान्तर्गत पर्दछन् । परिवेश कुनै पनि खण्डकाव्यमा रहेकै हुन्छ । कुन समयको, कुन पारिवारिकसन्दर्भको अथवा कुन विश्वसन्दर्भको चर्चा हो ? त्यसको उल्लेख खण्डकाव्यमा कथासाग आएको हुन्छ । वातावरण कथानक र पात्रको परिवेशअनुरूप ग्रामीण तथा सहरिया हुनसक्छ । पात्रले भोग्ने रीतिरिवाज, भेषभूषा, रहनसहन, चिन्तनमनन, साहित्यिक परिवेशका महत्त्वपूर्ण पक्ष हुन् ।[३५]

### ३.३.९. संरचना/सर्गयोजना

खण्डकाव्यको बनोटलाई सर्ग संरचनाका आधारमा पनि हेर्ने गरिन्छ । फुटकर कवितामा अनुभूति, आकार र आयाम सङ्क्षिप्त हुने भएकाले फुटकर कविताको संरचनका लागि कवि सचेत हुनु आवश्यक मानिादैन । फुटकर कविताको आकारप्रकार र अनुभूतिपक्ष सूक्ष्म हुने भएकाले यो स्वतः संरचित हुने गर्दछ । तर, 'खण्डकाव्यमा जीवनका एकांशलाई झल्काउने भावको आख्यानीकरण वा आख्यानविकल्पी विषयगत श्रृङ्खलाबद्ध भाव प्रवाहात्मक अभिव्यक्तिको प्रबन्ध विधानसाग सम्बद्ध सर्गयोजना श्लोक या अनुच्छेदबाटै थालिन्छ ।[३६] कविताको लघुरूप फुटकर कवितामा सूक्ष्म अनुभूति हुने भएकाले यो स्वतः संरचित हुने र बृहत् रूप महाकाव्यमा सर्ग, पर्व र काण्डजस्ता संरचनाको आयोजना गरिएको हुन्छ । संरचना वा सर्गका आधारमा हेर्दा 'खण्डकाव्य' कविताभन्दा ठूलो, महाकाव्यभन्दा आकार र श्लोकसङ्ख्या कम भएको काव्यका रूपमा देखापर्दछ ।

### ३.३.१०. रस

पूर्वीयकाव्यशास्त्रमा भावको अस्तित्वलाई स्वीकारिएको पाइन्छ । सत्य वस्तु प्रचुरमात्रामा पाइन्छ । (नासतो विद्यते भावो नाभावोविद्यते सतः)[३७] भाव भन्नाले कवितामा प्रयुक्त शब्दशब्दको शक्ति मानिन्छ । प्रत्येक विषयमा भावको अस्तित्व रहेकाले कवितामा पनि यो रहेको पाइन्छ । आख्यानीकृत ˙ जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्यचाहिं भाव नै हो । भावले नै विभिन्न अनुभूतिको बोध

---

३४. टङ्गप्रसाद न्यौपाने, साहित्यको रूपरेखा, दो.सं. (काठमाडौंः साझा प्रकाशन, संवत् २०३८) पृ. १५०
३५. धीरेन्द्र वर्मा र अन्य (सम्पा.), हिन्दी साहित्यको भाग -१, दो.सं. (वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं.२०२० पृ १५२
३६. (डा.) महादेव अवस्थी, पूर्ववत्, पृ. ५०
३७. गीता, २/१६

गराउछ । खण्डकाव्यमा जीवनजगत्को एक पक्षको मात्र चित्रण हुने हुनाले कथावस्तु पनि प्रायः एउटै रसप्रवाहमा गतिशील हुन्छ । श्रृङ्गार, वीर, शान्त, करुण भद्भूत र हास्य रसमध्ये कुनै एक रसको मात्र प्राधान्य खण्डकाव्यमा हुनेगर्दछ । जसरी मानवशरीरमा केन्द्रीय भाग मुटु मानिन्छ त्यसरी नै रसलाई कविताको मुटुका रूपमा मानिन्छ । भावले नै भावकमा रसानुभूतिको अनुभव गराउने हुादा कविताको एक महत्त्वपूर्ण अङ्गका रूपमा रसको/भावको संयोजन हुनु आवश्यक देखिन्छ ।

## ३.४. खण्डकाव्यको वर्गीकरण

साहित्यका विभिन्न विधाहरूमध्ये एउटा विधा कविता र कविताका विभिन्न उपविधामध्ये 'खण्डकाव्य' पनि एक उपविधा हो भनी माथि नै चर्चा गरिसकिएको छ । जीवनजगत्को कुनै एक महत्त्वपूर्ण खण्ड वा घटनालाई टिपेर कवितात्मक लयविधानमुताविक श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको एकान्वितिपूर्ण आख्यानात्मक मझौलो प्रबन्धकाव्य नै खण्डकाव्यको रूपमा परिचित भएको पाइन्छ । साहित्यका फाँटमा विशेषतः पूर्वीय आचार्य विश्वनाथका पालादेखि स्पष्ट चर्चामा आएको खण्डकाव्य पनि थरिथरिका कोटिमा विभाजन भएर चिनिने गरेको छ । यही विभाजनलाई यहाा खण्डकाव्यको वर्गीकरण भनिएको हो । सामान्यतया खण्डकाव्यको वर्गीकरण गर्दा तलका आधारहरू लिएको पाइन्छ :

### ३.४.१. विषयवस्तुको आधार

खण्डकाव्य रचनाका लागि कविले कुनै न कुनै विषयवस्तु चयन गरेकै हुन्छ । विषयवस्तु क्षीण वा स्थूल जे पनि हुनसक्छ तर विषयवस्तुको मियोमा खण्डकाव्यकारले लय र भावनाको संयोजनबाट सुन्दरतम खण्डकाव्यात्मक सिर्जना दिन पुग्दछ । विषयवस्तुका आधारमा खण्डकाव्यहरू ऐतिहासिक, सामाजिक, पौराणिक, दार्शनिक, राजनैतिक लगायतका भेटिन्छन् ।[३८] इतिहासको घटना या पात्रलाई विषय बनाएर लेखिएको खण्डकाव्य ऐतिहासिक खण्डकाव्य मानिन्छ । समाजभित्रका समस्या, विशेषता र यथार्थलाई विषय बनाएर लेखिएको खण्डकाव्य सामाजिक खण्डकाव्य हुन्छ । पुराण, धर्मग्रन्थ आदिलाई विषय बनाएर लेखिएको खण्डकाव्य पौराणिक खण्डकाव्यको वर्गमा पर्दछ । कुनै जीवनदर्शन विशेषलाई विषय बनाएर लेखिएको खण्डकाव्य दार्शनिक खण्डकाव्य हुन्छ । त्यस्तै राजनीतिलाई केन्द्रमा राखेर लेखिएको खण्डकाव्य राजनैतिक खण्डकाव्य मानिन्छ ।[३९] नेपाली साहित्यमा माधवप्रसाद घिमिरेको **राजेश्वरी, राष्ट्रनिर्माता** ऐतिहासिक, **'मुनामदन'** र **'कुन्जिनी'** सामाजिक विषयमा लेखिएका खण्डकाव्यहरू हुन् । सिद्धिचरण श्रेष्ठको **'उर्वशी'** पौराणिक खण्डकाव्य हो । यसै गरी बालकृष्ण समको **'आगो र पानी'** दार्शनिक खण्डकाव्य हो भने रामप्रसाद ज्ञवालीको **'एकादेशमा'** लाई राजनीतिक विषयमा लेखिएको खण्डकाव्यको उदाहरणका रूपमा लिन सकिन्छ ।

---

३८. रामप्रसाद ज्ञवाली र अन्य, 'नेपाली कविता-काव्य', प्र.सं. (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६४) पृ.१३७
३९. पूर्ववत्

## ३. ४.२. रूपाकृतिको आधार

खण्डकाव्यलाई रूपाकृतिगत लम्बाइको मात्राका आधारमा दुई उपभेदमा देखाउने गरिएको छ ।[४०] पहिलो अपुष्ट वा कृश खण्डकाव्य, जसमा २० श्लोकदेखि ९९ श्लोकसम्म लम्बाइ हुन्छ । यसअन्तर्गत पनि **'पिकदूत'** जस्तो ३० श्लोक भएको कृशतर र **'नयाा सत्यकली संवाद'** जस्तो जम्मा ५८ श्लोकको कृश वा लघुखण्डकाव्य पर्दछन् । त्यसैगरी १०० श्लोकदेखि ९९९ श्लोकसम्मको लम्बाइ हुने खण्डकाव्यलाई पुष्ट वा स्थूल खण्डकाव्यको वर्गमा राखिएको छ । लक्ष्मीप्रसाद देवकोटाको **'मुनामदन'** (३४५ $^{१}/_{२}$ श्लोकजति) पुष्ट वा स्थूल खण्डकाव्यको रूपमा चिनिन्छ । यसै अन्तर्गत ५००-९९९ श्लोकको लमाइ हुने खण्डकाव्यलाई बढी पुष्ट वा स्थूलतर खण्डकाव्य भनिएको पाइन्छ । लेखनाथ पौड्यालको **'ऋतुविचार'** खण्डकाव्य यही खण्डकाव्यको कोटिमा पर्दछ ।[४१]

## ३.४.३. सर्गप्रयोगको आधार

सर्गप्रयोगका दृष्टिले पनि खण्डकाव्यलाई दुई वर्गमा बाांडिएको छ । ती क) सर्गरहित ख) सर्गसहित हुन् । यस किसिमको वर्गीकरणमा परेका खण्डकाव्यमा पहिलोमा लक्ष्मीप्रसाद देवकोटाको **'नयाा सत्यकली संवाद'** र दोस्रो किसिमको अर्थात् सर्गसहितकोमा **'मुनामदन'**, **'कुञ्जिनी'** जस्ता खण्डकाव्यहरू पर्दछन् ।[४२]

## ३.४.४. लयप्रयोगको आधार

'लय' कविताविधाको प्रमुख तत्त्वका रूपमा रहिआएको छ । कविता विधाको एक प्रमुख उपविधा खण्डकाव्यमा पनि लयको प्रमुख स्थान रहने कुरा पुष्टि हुन्छ । लय प्रयोगका दृष्टिले पनि खण्डकाव्यका दुई वर्ग देखिन्छन् ।[४३] लयका ती प्रकारहरूमा क) बद्धलय र ख) मुक्तलय छन् । बद्धलयात्मक खण्डकाव्यमा तीनखालका लयहरू प्रयोग गर्ने गरिएको छ । तिनीहरूमा (अ) वर्णमात्रिक लय (आ) मात्रिक लय, (इ) वार्णिक वा लोकलय पर्दछन् । देवकोटाको **झञ्झावर्णन, सीताहरण** र **मुनामदन** वर्णमात्रिक छन्दमा, मात्रिक छन्दमा र वार्णिक/लोकलयमा रचित बद्ध लयात्मक खण्डकाव्य हुन् । मुक्तलयलाई गद्यलय पनि भनिन्छ । देवकोटाकै **'मायाविनी सर्सी'** मुक्तलयात्मक खण्डकाव्य हो ।[४४.]

---

४०. (डा.) महादेव अवस्थी, पूर्ववत्, पृ. ५२
४१. पूर्ववत्
४२. पूर्ववत्
४३. पूर्ववत्
४४. पूर्ववत्, पृ. ५३

### ३.४.५. रसप्रयोगको आधार

कवितामा कुनै न कुनै रसको प्रवाह भएको हुन्छ । साहित्यमा प्रयोग हुने रसहरू नौवटा (श्रृङ्गार, वीर, शान्त, करुण, हास्य, अद्‌भुत, विभत्स, भयानक, रौद्र) रहेका छन् । रसका प्रकारअनुसार नै खण्डकाव्यका प्रकार रहेका छन् ।[४५] **'मुनामदन'**, करुण-रसात्मक, **'लूनी'** श्रुतिरसात्मक र **'कटक'** वीररसात्मक खण्डकाव्यान्तर्गत रहेका छन् ।

### ३. ४.६. शीर्षकप्रयोगको आधार

शीर्षक प्रयोगका दृष्टिले खण्डकाव्यलाई चार प्रकारमा[४६] बाडिएको पाइन्छ । तिनीहरूमा (क) घटनाप्रधान (ख) चरित्रप्रधान (ग) विषयवस्तुप्रधान र (घ) काव्यढााचाप्रधान पर्दछन् । लक्ष्मीप्रसाद देवकोटा **'सीताहरण'**, **'मुनामदन'** **'कटक'** र **'वैराग्य लहरी'** र **'आनन्दशतक'** लाई क्रमशः माथिका वर्गसाग सम्बन्धित उदाहरणका रूपमा लिइन्छ ।

### ३.४.७. कथावस्तुको समाप्तिको आधार

कथावस्तुको विकासको अन्तिम परिणामका दृष्टिले खण्डकाव्य (क) सुखान्त र (ख) दुःखान्त गरी दुई प्रकारका मानिन्छन् । जुन खण्डकाव्यको कथावस्तु प्रारम्भमा जेजस्तो भए पनि समाप्तिमा पात्रपात्राको मिलनमा टुङ्गिन्छ त्यो सुखान्त खण्डकाव्य हो । जुन खण्डकाव्यको प्रारम्भमा रमाइलो हादाहादै पनि अन्तिममा दुःखदायी घटनाबाट कथा सकिन्छ त्यो दुःखान्त खण्डकाव्यको वर्गमा पर्दछ । लक्ष्मीप्रसाद देवकोटाको **'लूनी'** सुखान्त र **'कुञ्जिनी'** दुःखान्त खण्डकाव्यका उदाहरणहरू हुन् ।[४७]

### ३.४.८. धारा वा प्रवृत्तिको आधार

धारा वा प्रवृत्ति भन्नाले संसारलाई हेर्ने दृष्टिकोणविशेष हो । यसलाई जीवनजगत्प्रतिको रचनाकारको धारणाको रूपमा पनि लिन सकिन्छ । यस आधारमा खण्डकाव्यलाई

(क) स्वच्छन्दतावादी

(ख) परिष्कारवादी

(ग) प्रगतिवादी

(घ) प्रयोगवादी

(ङ) प्रकृतिवादी जस्ता उपभेहरूमा राखेको पाइन्छ ।[४८] ·

---

४५. पूर्ववत्

४६. पूर्ववत्, पृ. ४६,

४७. रामप्रसाद ज्ञवाली र अन्य, पूर्ववत् पृ. १३८

४८. रामप्रसाद ज्ञवाली र अन्य, पूर्ववत्

शास्त्रीय नियमको पालना गरी बारम्बार परिमार्जन र परिष्कार गर्दै रचिएको खण्डकाव्यलाई परिष्कारवादी भनिन्छ । लेखनाथ पौड्यालको **'ऋतुविचार'** बालकृष्ण समको **'आगो र पानी'** यसका उदाहरण हुन् । शास्त्रीय नीतिनियमको कठीन परिधिलाई तोडेर समानता, स्वतन्त्रता, भातृत्व, मानवता र रहस्यजस्ता कुरालाई स्वच्छन्द र स्वतःस्फूर्त रूपमा प्रस्तुत गर्ने खण्डकाव्य स्वच्छन्तावादी खण्डकाव्य हो । लक्ष्मीप्रसाद देवकोटाको **'मुनामदन'** र माधवप्रसाद घिमिरेको **'राजेश्वरी'** स्वच्छन्दतावादी खण्डकाव्य हुन् । विश्वमा देखिएका नयाानयाा प्रवृत्तिहरू (विसङ्गतिवाद, अस्तित्ववाद, अतियथार्थवाद, अमूर्तलेखन, चेतनाप्रवाहलेखन) आगाली परम्परागत शैलीभन्दा भिन्न र नयाा प्रयोगका साथ रचिएको खण्डकाव्य प्रयोगवादी धारामा पर्दछ । मोहन कोइरालाको **'सूर्यदान'** र मदन रेग्मीको **'आजाजुजे पहाड'** र **'घाउको आाखा'** प्रयोगवादी खण्डकाव्य हुन् । मार्क्सवादमा आधारित भई वर्गीय शोषण र सामन्ती राज्यव्यवस्थाका विरुद्ध सर्वहारा वर्गीयदृष्टिकोणसहित रचना गरिएको खण्डकाव्य प्रगतिवादी धाराको हुन्छ । मोदनाथ प्रश्रितको **'आमाको आाशु'** गोविन्द भट्टको **'सत्य सन्देश'** रामप्रसाद ज्ञवालीका **'एकादेशमा'** यस धाराका खण्डकाव्यहरू हुन् ।[४९] यसरी विचार र प्रवृत्तिका आधारमा पनि खण्डकाव्यको वर्गीकरण गर्न सकिन्छ ।

## ३.४.९. शैलीको आधार

प्रस्तुत गर्ने ढङ्ग, पद्धति वा ढााचालाई शैली भनिन्छ । कथनपद्धतिका आधारमा पनि खण्डकाव्यलाई विभिन्न वर्गमा बााड्ने गरिएको पाइन्छ । यस आधारमा हेर्दा (क) प्रथमपुरुष प्रधान, (ख) तृतीय पुरुषप्रधान (ग) मिश्रित किसिम भनी छुट्याइन्छ । शैलीका आधारमा भन्नुको तात्पर्य पनि यही हो ।

खण्डकाव्यकारले अन्य नायकनायिकालाई पात्र नबनाई स्वयंलाई वा 'म' पात्रलाई केन्द्रमा राखी प्रस्तुत गरिएको ढााचा प्रथमपुरुषप्रधान शैली हो । यस्तो खण्डकाव्यमा कविले आफ्ना धारणा अन्य पात्रबिना सोभ्कै व्यक्त गरेको हुन्छ । माधवप्रसाद घिमिरेको **'पापिनी आमा'** र लेखनाथको **'ऋतुविचार'** प्रथमपुरुषप्रधान शैलीमा लेखिएका खण्डकाव्य हुन् । यसखालको शैलीलाई कवि प्रौढोक्ति पनि भनिन्छ । कविले आफ्ना विचार वा अनुभव प्रस्तुत गर्न राम, श्याम, गोरेजस्ता पात्रको सहायता लिएको छ भने यो तृतीय पुरुषप्रधान शैलीको रचना हुन्छ । माधवप्रसाद घिमिरेका **'राष्ट्रनिर्माता'** र **'राजेश्वरी'** यसअन्तर्गत राख्न सकिन्छ । एउटै कृतिमा कतै कविको धारणा सोभ्कै र कतै कुनै परिवेशका माध्यमबाट व्यक्त भएका छन् भने त्यसखालका शैलीलाई मिश्रितशैली भनिन्छ । यस शैलीको अनुशरण गरी लेखिएको खण्डकाव्यमा **'मुनामदन' 'राजेश्वरी', 'उर्वशी'** आदि पर्दछन् ।[५०]

४९. पूर्ववत्,
५०. पूर्ववत्,

५१. टंकप्रसाद न्यौपाने, साहित्यको रूपरेखा, द्वि.सं. (काठमाडौं : साभ्का प्रकाशन, २०४९), पृ.१२१

## ३.५. खण्डकाव्यको विश्लेषण गर्ने आधार

कविता विधाको एक महत्त्वपूर्ण उपविधा खण्डकाव्यमा आफ्नो बेग्लै पहिचान पाइन्छ ।[५१] खण्डकाव्यमा जीवनका कुनै एक खण्डको वर्णन गरिने हुनाले यसलाई एकदेशीय पनि भनिएको पाइन्छ । खण्डकाव्य कविताको मझौलो रूपमा चिनिने काव्य भएकाले यसको स्वरूप र अन्य पक्षमा केन्द्रित भई गरिने अध्ययन-विश्लेषण यसअन्तर्गत पर्दछ । अर्थात्, 'खण्डकाव्य' भनेर नामकरण गरिइसकेको कृति के-कति मात्रामा उक्त नामबाट चिनाइनु उपयुक्त हुन्छ भनी विभिन्न कोणबाट केलाउने कार्य वा प्रक्रिया[५२] नै विश्लेषण वा विवेचनाका रूपमा चिनिन्छ । विभिन्न स्रष्टाहरूबाट रचिएको खण्डकाव्यको विश्लेषण समालोचनाका विभिन्न सिद्धान्त, प्रणाली र वादहरूका आधारमा गर्न सकिन्छ ।[५३] तापनि, साहित्यिक खण्डकाव्यकृतिको विश्लेषणका लागि निम्नानुसारका आधारलाई अघि सारेको पाइन्छ । ती आधारहरू यस प्रकार छन् :

(क) कृतिगत सन्दर्भ (प्रेरणास्रोत, लेखन तथा प्रकाशन)

(ख) विषयवस्तुगत विचार र शीर्षकीकरण

(ग) प्रबन्ध-विधान

(घ) भावविधान

(ङ) लयविधान

(च) उक्तिढाँचा

(छ) भाषाशैली

(ज) छन्दविधान

(झ) विम्बालङ्कार योजना

(ञ) संरचना

(ट) परिवेशविधान

(ठ) पात्रविधान

सामान्यतया खण्डकाव्यको विश्लेषणका लागि उपर्युक्त तत्त्वहरूमाथि सूक्ष्म अवलोकन गरी काव्यात्मक कसीमा घोट्ने काम गरिन्छ । यी तत्त्वहरूको आधारभूमिमा रचिएको खण्डकाव्यलाई सबै दृष्टिकोणले एउटा उपयुक्त र सुसङ्गठित खण्डकाव्यको कोटिमा राखेर हेर्न सकिन्छ । उपर्युक्त खण्डकाव्यको विश्लेषण गर्ने आधारभूत तत्त्वहरूलाई छोटकरीमा व्याख्या गर्ने प्रयास तल गरिएको छ :

### ३.५.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

---

५२. (डा.) वासुदेव त्रिपाठी र अन्य (सम्पा), नेपाली बृहत् शब्दकोश, ऐजन, पृ. १२३४

५३ (डा.) महादेव अवस्थी, पूर्ववत्, पृ. १८७ ।

कुनै खण्डकाव्य लेखिनका लागि कुन कुराले प्रेरणा दियो भन्ने कुरा मुख्य हुन आउाछ । कृति रचनाका लागि स्रष्टाले पाएको कच्चा पदार्थको स्रोत नै प्रेरणाको रूपमा आउाछ । यस ंकिसिमको स्रोत प्राप्त गरिसकेपछि खण्डकाव्यकारले केकस्तो परिवेशमा कति समयमा आफ्नो रचना पूरा गर्न सक्यो भन्ने कुराको लेखाजोखालाई यहाा प्रस्तुत गरिन्छ । यतिमात्र होइन प्रकाशनको तयारी कसरी भयो र कसले गऱ्यो भन्ने जस्ता कुराहरूको सर्सर्ती चर्चा-परिचर्चा यसअन्तर्गत गरिन्छ ।

### ३.५.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

खण्डकाव्यकारले आफ्नो रचनामा कुन विषयलाई उठाएको छ भन्ने कुराको चर्चा यस उपशीर्षकमा गरिन्छ । खण्डकाव्यका विषयहरू सामाजिक, पौराणिक, ऐतिहासिक, आर्थिक, धार्मिक, प्राकृतिक आदि भएको पाइन्छ । यिनीहरूमध्ये विश्लेषण गर्न तयार पारिएको खण्डकाव्यको विषयगत परिधि र सीमाको सूक्ष्मावलोकन विश्लेषणका क्रममा गरिन्छ । विषयवस्तुको चुरोबाट वा विषयलाई बोकी हिाड्ने पात्र वा परिवेश कुनबाट शीर्षकीकरण भएको छ भन्ने कुराको लेखाजोखा यसै खण्डमा गरिन्छ ।

### ३.५.३. प्रबन्धविधान

प्रबन्धविधान आख्यानीकरणसाग सम्बन्धित रहेको पाइन्छ । खण्डकाव्यमा प्रस्तुत गिरिने विषयवस्तुको श्रृङ्खलाबद्ध प्रबन्धविधान यस उपखण्डमा गरिन्छ । जसले गर्दा खण्डकाव्यका सर्गहरूको सम्बन्ध स्थापित हुनपुगेको पाइन्छ । यसखालको प्रबन्धविधानले पाठकहरूमा विषयगत स्पष्ट खाका निर्माण हुने देखिन्छ ।

### ३.५.४. भावविधान

भावविधान पनि कविता विधाका प्रमुख विशेषतामध्ये एक हो । कवितामा विषयवस्तु भएर मात्र पुग्दैन । त्यसलाई भावनाको उचित मिश्रणद्वारा आकर्षक पार्नुपर्दछ । जसले गर्दा कवितामा श्रुतिमाधुर्य थपिन्छ । यसैले भावकको अन्तर्हृदयलाई एकाग्र पार्दै चट्ट छुन सक्दछ ।

### ३.५.५. लयविधान

'लय' भनेको कलासाग सम्बन्धित एक तत्त्व हो । यसले कुनै पनि कुराको प्रस्तुतिलाई सङ्केत गरेको पाइन्छ । खण्डकाव्यमा लयको उचित प्रयोगको अपेक्षा गरिन्छ । 'बद्ध' र 'मुक्त' गरी लयका दुई प्रकार भेटिन्छन् । लय जस्तोसुकै प्रकारको भए पनि लेखिएका हरफहरूलाई पढ्न सहज तरिका अपनाउने भन्ने कुरा लयसाग गाासिएको हुन्छ ।

### ३.५.६. उक्तिढााचा

उक्तिढााचालाई कथनपद्धति पनि भनिन्छ । स्रष्टाले आफ्नो खण्डकाव्यमा प्रथम पुरुषको पात्र 'म' को प्रयोग गरेर विषयवस्तुको प्रतिपादन गरेको छ भने त्यो प्रथम पुरुषात्मक कथनपद्धतिका रूपले चिनिन्छ । त्यस्तै कविले आफ्ना भनाइ आफूले सोझै नराखी राम र श्यामजस्ता पात्र प्रयोग गरेर लेखेको भए त्यो तृतीय

पुरुषात्मक कथनपद्धति मानिन्छ । तर, प्रथम र तृतीय पुरुषात्मक मिश्रण गरिएको पद्धति मिश्रितकथन पद्धतिका नामले चिनिन्छ ।

### ३.५.७. भाषाशैली

साहित्य भन्नु भाषिक कला पनि हो । कविता आफैंमा सुललित पद भएकाले कविताको भाषाशैली सौन्दर्यपूर्ण भइदिओस् भन्ने अपेक्षा गरिन्छ । भाषा र शैलीबीच घनिष्ट सम्बन्ध हुन्छ । शैलीविज्ञानले कुनै पनि रचनाकारको विशिष्ट रचनाकौशल वा अभिव्यक्तिलाई शैली मान्दछ । शाब्दिक दृष्टि र भाषिक उच्चताका दृष्टिले शैली दुई प्रकारको मानिन्छ ।[५४] रचना विधाका आधारमा शैली घटना प्रधान, चरित्रप्रधान, प्रतीकात्मक र परिवेशका आधारमा ग्रामीण, सहरिया, पत्रात्मक, व्यावसायिकजस्ता भेद, उपभेद पाइन्छन् ।[५५]

### ३.५.८. छन्दविधान

कविताका श्लोकमा प्रत्येक पाउमा रहने 'लय' बद्धलय हो । यसैलाई 'छन्द' पनि भनिन्छ ।[५६] नेपाली खण्डकाव्यमा बद्धलयको प्रयोग गरिएको पाइन्छ । बद्धलयका पनि तीन भेद पाइन्छन् :

(क) वर्णमात्रिक

(ख) मात्रिक र

(ग) वार्णिक/लोकलय

छन्दमा रचिएका कविताहरूमा निश्चित अक्षरमा पुगेर विश्राम गर्नुपर्ने नियम पाइन्छ । जसले कविता वाचन र श्रवणमा मिठास थप्ने विश्वास गरिन्छ ।

### ३.५.९. विम्बालङ्कार योजना

विम्ब शब्दले कुनै कुराको आभाष वा झलक भन्ने बुझाउछ । खण्डकाव्यमा अभिव्यक्त भावको सहचर छायाजस्तो भई आउने अर्थलाई विम्ब भनिन्छ ।[५७] जीवनजगत्का विभिन्न क्षेत्रमा उचित सामग्रीको छनोट गरेर विम्ब राखिन्छ । खण्डकाव्यमा दुईखाले विम्ब भेट्न सकिन्छ[५८] : (क) कृतिव्यापी विम्ब र (ख) स्थानीय विम्ब । कृतिव्यापी विम्ब व्यञ्जनात्मक किसिमको भई व्यापक प्रतीकधर्मी पनि हुने गर्दछ । स्थानीय विम्बचाहि कृतिको त्यस ठाउमा भावको सौन्दर्य बढाउने खालको हुन्छ ।[५९] त्यसरी नै खण्डकाव्यमा विभिन्न सङ्केत (जस्तै : प्रकृतिको व्यक्तिविधान, अपशकुन, सूक्ति, उखान आदि) र सन्दर्भको प्रयोग गरी अलङ्करणको विविध प्रविधिको प्रयोग गरिएको हुन्छ ।[६०] यसखाले प्रयोगले खण्डकाव्यको भावलाई झन गहकिलो पार्न सघाउाछ ।

---

५४. भानुभक्त पोखरेल, 'सिद्धान्त र साहित्य' (विराटनगर : कुलचन्द्र शर्मा, वि.सं.२०४०), पृ. १३३-१३४

५५. शान्तिस्वरूप गुप्त, पाश्चात्य काव्य शास्त्रको सिद्धान्त, दो.सं. (दिल्ली : अशोक प्रकाशन, ई.१९९२), पृ. ३५३

५६. डा. महादेव अवस्थी, पूर्ववत्, पृ ४९

५७. पूर्ववत्

५८. पूर्ववत्

५९. पूर्ववत्

६०. पूर्ववत्

### ३.५.१०. संरचना

संरचनाले बनोटलाई सङ्केत गरेको पाइन्छ । कुनै पनि खण्डकाव्यको निर्माण श्लोकसङ्ख्याको समुच्च रूपबाट गरिन्छ । प्रायःजसो खण्डकाव्यमा सर्गयोजना पन्छाइएको हुन्छ । सर्ग वा खण्ड वा छल वा विश्राम आदि नामबाट चिनिने यस प्रकारका बनोटले खण्डकाव्यको पठनलाई चुस्त पार्ने त छादै छ, स्वरूपमा पनि भिन्नै विशेषता थप्न मद्दत गर्दछ ।

### ३.५.११. परिवेशविधान

परिवेश स्थान, कालसाग सम्बन्धित छ । खण्डकाव्यमा वर्णित विषयवस्तुलाई परिवेशमा ढालेर अघि बढाउादा त्यसको प्रयोगले बढी सार्थकता प्राप्त गर्न सकेको पाइन्छ । परिवेश ग्रामीण, सहरी, साााझ, बिहान, मध्याह्न, रातिजस्ता नामबाट चिनिन्छन् । विषयगत प्रस्तुतिमा यसले धेरै प्रभावकारिता थप्ने काम गर्दछ ।

### ३.५.१२. पात्रविधान

खण्डकाव्यमा काव्यकारले कथावस्तु अनुकूलको पात्र सिर्जना गरेको हुन्छ । कथावस्तुको घटना र कार्यव्यापारको अन्तरक्रियाका लागि पात्रको आवश्यकता पर्दछ । पात्रलाई विभिन्न कोणबाट वर्गीकरण गरेको पाइन्छ । तिनीहरू :

लिङ्गका आधारमा - पुरुष र स्त्री,

कार्यका आधारमा - प्रमुख र सहायक,

प्रकृतिका आधारमा - प्रतिकूल र अनुकूल,

स्वभावका आधारमा - गतिशील र गतिहीन,

जीवन र चेतनाका आधारमा - कार्यगत र व्यक्तिगत,

आसन्नताका आधारमा - मञ्चीय र नेपथ्यगत, तथा

आबद्धताका आधारमा - बद्ध र मुक्त हुन्छन् ।[६१]

खण्डकाव्यको विश्लेषण गर्न माथि लिखित यी आधरहरूलाई मुख्य रूपमा प्रयोग गर्ने चलन पाइन्छ । तर, भुवनहरि सिग्देलका खण्डकाव्यहरूको विश्लेषण गर्ने क्रममा यी आधाहरूमध्ये पनि प्रमुख मानिएका कृतिगत सन्दर्भ(प्रेरणा, लेखन र प्रकाशन) विषयवस्तुगत विचार र शीर्षकीकरण, प्रबन्धविधान, भावविधान,भाषाशैली, लय र छन्दविधान, विम्बालङ्कारयोजना र सर्गयोजनालाई प्राथमिकता दिइएको छ । यसरी गरिएको अध्ययनबाट भुवनहरि सिग्देलका खण्डकाव्यकृतिहरूका यथार्थ पक्षहरू बाहिर आएका छन् भन्ने विश्वास गर्न सकिन्छ ।

–O–

६१.मोहनराज शर्मा पूर्ववत् पृ. ७२

## परिच्छेद ४

# भुवनहरि सिग्देलका खण्डकाव्यकृतिहरूको अध्ययन

## ४.१. 'आर्तनाद' खण्डकाव्यको अध्ययन

### ४.१.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

कवि भुवनहरि सिग्देलको सबैभन्दा पहिलो प्रकाशित खण्डकाव्य '**आर्तनाद**' हो । यस काव्यको स्वरूप तयार पार्ने क्रममा कविलाई आफ्ना गुरु हरिचरण शर्मा र आत्मीय साथी डा. विश्वनाथ बरालबाट निकै ठूलो प्रेरणा मिल्यो ।[1] वि.सं. २०५४ को वैशाखमा भुवनहरिले लेखेका 'दरवानको मेघदूत' कविता हेरेपछि शर्मा र बराल दुई जनाले सिग्देललाई उक्त कवितामा व्यक्त भएको भावलाई लिएर एउटा खण्डकाव्यको रूप दिन हौसला र प्रेरणा पनि दिएको पाइन्छ । त्यही प्रेरणालाई शिरोपर गरी सिग्देलले उक्त कवितालाई विविध सन्दर्भ थपेर खण्डकाव्यको रूप दिए । यस क्रमले लेखिएको यस खण्डकाव्यको प्रकाशन वि.सं. २०५४ आषाढमा भएको देखिन्छ । कूल एकहजार प्रति प्रकाशित भएको यस खण्डकाव्यको प्रकाशक खण्डकाव्यकार स्वयं हुन् ।

### ४.१.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

***'आर्तनाद'*** खण्डकाव्य भुवनहरि सिग्देलद्वारा लेखिएको र प्रकाशन गरिएको पहिलो खण्डकाव्य हो । खण्डकाव्यको परिभाषाबमोजिम यसमा जीवनको कुनै एक खण्डको एक पक्षीय चित्रण हुनुपर्छ भन्ने मान्यता पाइन्छ । यही मान्यताको कसीमा घोटेर हेर्दा प्रस्तुत खण्डकाव्यमा पनि मानवजीवनको एउटा खण्डकै परिवेशगत वर्णनमा ध्यान पुऱ्याइएको पाइन्छ । यस खण्डकाव्यमा भुवनहरि सिग्देलले विषयवस्तुका रूपमा नेपाली समाजको सुखदुःखलाई नै लिएका छन् । सामाजिक विषयवस्तु भएकाले यसमा पनि समाजभित्रका धेरै जस्ता समस्याहरूलाई आफूभित्र समावेश गराएका छन् । समाजकै सहायक पक्षहरूका रूपमा रहेका शिक्षा, स्वास्थ्य, वातावरण, कृषिजस्ता जल्दाबल्दा क्षेत्रसाग सम्बन्धित समस्याहरूको यथार्थ विवरण यसमा छ । आर्थिक विपन्नताले विदेसिन विवश नेपालीहरूको पीडा एकातिर छ भने विदेशमा बेचिने चेलीहरूको कारुणिक कथा खण्डकाव्यकै अर्को विषयगत परिधि बनेर बसेको पाइन्छ ।

गाउा नै गाउाले भरिएको देश नेपालको एक प्रतिनिधि गाउाले पात्रको अनुभवलाई खण्डकाव्यको कथावस्तु बनाई खण्डकाव्यगत ढााचामा तन्काइएको छ । श्यामेमात्र होइन त्यस्ता कयौं शिक्षित-अशिक्षित नेपाली युवाहरू पठनपाठन होस् या धनार्जनको निम्ति विदेशतर्फ अभिमुख बन्दै गइरहेका छन् । आफ्ना श्रम, सीप र क्षमतालाई सरकाले स्वदेशमा प्रयोग गर्ने अवसर नदिंदा विदेशतिर लाग्नुपर्ने नेपाली जनमानसको पीडा सबैले सुन्दै र देख्तै आएको पाइन्छ । यस्तै पीडा आगालेर विदेसिनेहरू कतै दरबान र कतै बहादुरका नामले सम्बोधित छन् ।

---

१. भुवनहरि सिग्देल, आर्तनाद, मेरा दुई कुरा,

कान्छा बनेर होटेलमा जुठा भाँडा माझ्नेहरू झन धेरै छन् । कोठीमा नारकीय जीवन बिताउन विवश चेलीहरूको कथा दुर्दान्त छ । यो यथार्थको वर्णनले सबैलाई रुवाउछ । एउटा नेपाली युवक श्यामेले यस खण्डकाव्यमा विदेसिएर खप्नु/भोग्नु परेको पीडा र व्यथाका साथै आफ्नो गाउँघर र पहाडका सम्झनाहरूलाई मौसमी बादल (सन्देशबाहकको प्रतीक) मार्फत् आफ्नै देशका गाउँघर र दाजुभाइ, दिदीबहिनीसामु पुऱ्याइदिन गरेको आग्रह खण्डकाव्यको विषयगत सार हो । समग्र खण्डकाव्यको निचोडलाई टपक्क टिपेर कवि भुवनहरि सिग्देलले आर्तनाद नाम दिई यो खण्डकाव्य तयार पार्न सचेत रहेको पाइन्छ ।

## ४.१.३. प्रबन्धविधान

भुवनहरि सिग्देलको सबैभन्दा पहिलो खण्डकाव्य **'आर्तनाद'** आख्यानात्मक प्रबन्ध विधान गरिएको खण्डकाव्य हो । यसमा आख्यानात्मक कथावस्तुलाई विभिन्न सर्गहरूमा विकसित गराइएको छ । यसभित्र समेटिएको आख्यानात्मकतालाई हेर्दा यो लघु प्रबन्धकाव्यका रूपमा पनि देखिन पुग्दछ । **'आर्तनाद'** खण्डकाव्यमा जम्माजम्मी आठवटा सर्गहरू छन् । एउटा सर्गको कथावस्तु अर्को सर्गसाग कुनै न कुनै रूपमा गाँसिएकै पाइन्छ । काव्यका सुरुको एउटा श्लोकले लेखनको ढोका उघारेको सङ्केत गराउछ । यस खण्डकाव्यको केन्द्रीय पात्र श्यामेले विदेशी भूमिमा पुगेपछि मनमा आएका भावनालाई गाउँघरमा पुऱ्याउने माध्यम खोजिरहेको कुरा पहिलो पङ्क्तिमा अभिव्यक्त भएको छ । पूर्वीय काव्य परम्पराको श्रृङ्खलालाई निरन्तरता प्रदान गर्दै छन्दोबद्ध रूपमा काव्यात्मक अभिव्यक्ति प्रकट गरिएको यस खण्डकाव्यको प्रथम सर्गमा जम्माजम्मी १७ वटा श्लोकहरू छन् ।

विदेशी भूमिमा पुगेको श्यामेले विरक्तिएर गरेको कल्पनाको प्रस्तुति प्रथम सर्गमा व्यक्त गरिएको छ । बादल अर्थात् मेघलाई आफ्ना सन्देश गाउँसम्म पुऱ्याउन श्यामेले गरेको अनुनय प्रथम खण्डमा वर्णन गरिएको छ । नेपाली समाजकै एउटा पात्र श्यामे विदेसिएको र विदेशमा पुग्दा आएको उखर्माउलो भावनाको प्रयोग गरी अविरल झरनाझैं प्रथम खण्डको निर्माण गरिएको छ :

> नेपाली गिरिशैलको युवक हूँ भड्केर बेसी झरो
> धोको धेर लिएर चाकरी गरो ऐले म खौला परो
> कोही मिल्छ कि गाउँमा खबर यो देला भनी कुर्छु म
> सम्झी देश र गाउँका पटकथा आशा यहाँ तुर्छु म । (१/प्रारम्भ)

आर्तनाद खण्डकाव्यको दोस्रो सर्गको प्रारम्भ "छाती चर्चर चर्कदा जिउ सबै फत्रक्क भै वैलादा" भन्ने श्लोकबाट गरिएको छ । यस खण्डकाव्यमा विदेसिएको पात्र श्यामेले स्वदेशको सम्झनाले विदेशमा ज्यादै तड्पाउने कुराको मार्मिक प्रस्तुति रहेको पाइन्छ । द्वितीय सर्गमा रहेका जम्माजम्मी १६ वटा श्लोकहरूमा खण्डकाव्यकारले आफ्नो केन्द्रीय चरित्रमार्फत् विदेसिएका समग्र नेपालीहरूको मर्मलाई व्यक्त गराएका छन् । आफ्नो सन्देशवाहक मेघलाई बडो राम्ररी सम्झाएर आफ्नो जन्मभूमितिर लाग्ने सल्लाहको सानो अंशलाई पनि

दोस्रो खण्डमा समेटिएको छ । मनका गथासालाई मेघसामु राखेपछि कविले द्वितीय सर्गको अन्त्यमा यसरी अर्थ्याएका छन् -

अर्काको हित गर्नू नम्र नहुनू यो धर्म हो भन्छु म
आाशु झारि रुवाउनू धुरुधुरु त्यो पाप हो भन्छु म
मैले आात फकाइ हे घनघटा जन्मै दुखेका भने
आशाद्रोह नगर्नु है मनदशा पूरै नढााटी भनो । (१/१६)

तेस्रो खण्डको वर्णन पनि पहाडी परिवेशको परिचय मेघलाई गराइादै गरेको दृश्यबाट देखाइएको छ । पहाडी परिवेशमा बाटो लामो भएको, भीर, पाखा र कन्दराहरू भेटिने कुरा खण्डकाव्यको तेस्रो खण्डमा व्यक्त भएको छ । पहाडी जीवनका खेतबारी हेर्दै अघि बढ्न मेघलाई सल्लाह दिइएको छ । बटाइ र मजुरको नाच हेर्ने, बाटामा पाकेका काफलहरू लटरम्म भेटिन्छन् ती सबैलाई पोल्टाभरि ल्याउने सल्लाह दिन पनि यसका पात्रपछि परेका छैनन् । जम्माजम्मी छब्बीसवटा श्लोकहरू रहेको तृतीय खण्डको प्रबन्धात्मक प्रस्तुतिले चौथो खण्डलाई सजिलै छोएको छ । चौथो खण्डमा पनि मेघलाई नै अर्ति-उपदेश दिइएको छ । अर्ति दिने क्रममा कविले केन्द्रीय पात्रमार्फत मेघलाई समग्र पहाडी जीवनको परिचय पस्किरहेका छन् । साझमा घरमा पुगेका पाहुनालाई बास दिनुपर्छ भन्ने नेपाली संस्कृतिको सुमधुर झलक चौथो खण्डको प्रारम्भिक पङ्क्तिमा समावेश गरिएको छ । यसै प्रसङ्गबाट अघि बढेको यस खण्डमा जम्माजम्मी सत्ताईसवटा पङ्क्तिहरू छन् ।

पहाडी होचो घरको सम्झना गर्दै यस कवितामा कविले आफ्ना प्रियपात्रमार्फत् युवाशक्ति देश निर्माणको आधारस्तम्भ भएको कुरा कोट्याएका छन् । युवाशक्ति देशरूपी घरको निदाल हो । जसले घरको बोझ थाम्न सक्छ । यसरी अघि बढेको खण्डकाव्यको पााचौ खण्डमा जम्मा बत्तीसवटा पङ्क्तिहरू छन् । खबर सुनाउादै गर्दा जाडो भए पहाडी घरका अगेनामा आगो ताप्दै 'मजा लिनू' भन्ने मेघलाई दिइएको सन्दर्भबाट अघि बढेको खण्डकाव्य श्यामेले बादलसाग गाउाकै बारेमा गरेका कुराहरू हादै आफ्नी प्रेयसीलाई सम्झेको प्रसङ्गमा पुगेर समाप्त भएको छ । खण्डकाव्यको छैटौं खण्डमा चौंतीसवटा पङ्क्तिहरूमा प्रबन्धात्मक रूप अघि बढेको छ । छैटौं खण्डमा आफ्नी प्रेयसीले मेघले भनेका सबै कुरा सुन्ने विश्वास व्यक्त गरेका छन् । यतिमात्र होइन आफ्नी अर्धाङ्गिनी बिहे हादा भर्खर पन्ध्र वर्षकी भएको सम्झना यहाा गरिएको छ । नारी जातिले घरकसिङ्गर, दुहुनाबाहुना, घाासदाउराआदि कर्ममा पहाडी परिवेशमा लिप्त रहनुपर्ने कुराको प्रस्तुति पनि यसमा छ । आफ्नो खबर सुनाउादा-सुनाउादै रात परेमा खालि भएको टााढमा गएर लेट्ने सल्लाह श्यामेले मेघलाई दिएको कुरा छैटौं खण्डमा प्रस्तुत गरिएको छ । सातौं खण्डमा जम्माजम्मी चौंतीसवटा पङ्क्तिहरू छन् ।

सातौं खण्डको सरुआतमै कविले धोबिनी चरीको सम्झना गरेका छन् । गाउामा रोटी, फापर, कोदो पाइने हुनाले कुरा सुनाउादै गर्दा यी जे-जे मिल्दछन् ती सबैलाई सहर्ष स्वीकार्नू भन्ने अनुरोध श्यामेले मेघलाई गरेको छ । यसै क्रममा कविले श्यामेमार्फत् नेपाली परिवेश सुहाउादा बाजाहरू नर्सिङ्गा, सहनाई, मुरली, सारङ्गीको सम्झना गरेका छन् । आफ्ना सम्पूर्ण खबर घरमा सुनाइसकेपछि पश्चिमतर्फको बाटो गर्न यस खण्डकाव्यको पात्र श्यामेले भनेको कुराबाट सातौं खण्डको प्रबन्धात्मक प्रस्तुतिले बिट मारेको छ । आठौं

खण्डमा जम्माजम्मी अठारवटा श्लोकहरू छन् । मेघले कुरा राखिसकेपछि कुरा सुन्न जम्मा भएका मानिसहरूले मेघकै चर्चा  गर्ने सम्दर्भ कविले उठाएका छन् । आफ्ना घरमा यी कुरा राखिसकेपछि अरूका घरमा पनि यसखाले कुरा राख्न नभुल्नू भन्ने कुराको चर्चा पनि यसमा समेटिएको छ । यसरी **'आर्तनाद'** खण्डकाव्यमा पहिलो सर्गबाट प्रारम्भ भएको विदेसिने व्यक्तिको पीडाको सिलसिला मेघले घरमा सुनाएर फर्कने क्रमसागै आठौं खण्डमा समाप्त भएको छ । प्रत्येक खण्डमा एकअर्कासागको सम्बन्ध अखण्डित रूपमा रहेको पाइन्छ । यी घटनाक्रमले प्रस्तुत खण्डकाव्यको कथावस्तु ठोस वा स्थूल, क्रमिक रूपमा सङ्गठित, कौतुहलयुक्त, पूर्ण र खण्डकाव्यका अपेक्षाअनुसार जीवनमा एक खण्डको झलक दिन सक्षम रहेको देखिन्छ ।

विदेसिएका नेपालीहरूको करुण क्रन्दनमा विस्तारित **'आर्तनाद'** खण्डकाव्यमा विभिन्न परिवेशहरूले कथानकलाई अगाडि बढाएको पाइन्छ । परिवेश वातावरण र ठाउा विशेषसाग सम्बन्धित हुनेहुनाले यसको आफ्नैखालको महत्त्व खण्डकाव्यमा खडा भएको पाइन्छ । यस खण्डकाव्यमा समेटिएका परिवेशबोधक प्रसङ्गहरू धेरै छन् । नेपाली घर, आागन, चौतारी, भन्ज्याङ, उकाली-ओराली, खेतबारी, बिरौटा, फाट, घर, गाउा, गोठ, मन्दिर, पिंढी, रोपाईंजस्तो गाउाले परिपवेश एकातिर छ भने अर्कोतर्फ विदेशको बिरानो प्रसङ्गमा त्यतैतिरको स्थानीय परिवेशको पनि चित्रण यस खण्डकाव्यमा भएको पाइन्छ । तर, जति मात्रामा स्वदेशी परिवेशको चित्रण भएको छ त्यसको तुलनामा विदेशी परिवेशको वर्णन नगण्य रूपमा रहेको भेटिन्छ । जेहोस्, **'आर्तनाद'** खण्डकाव्यभित्र समेटिएको परिवेशले कथानकलाई झन टड्कारो रूपमा स्पष्ट पार्ने काम गरेको भेटिन्छ ।

**'आर्तनाद'** खण्डकाव्यमा कथानकलाई बोकी हिंड्ने पात्रहरू छन् । ती पात्रहरू ज्यादै प्रभावकारी भूमिकामा देखा पर्नेहरूमा खण्डकाव्यको केन्द्रीय चरित्र श्यामे नै हो । नेपालबाट कामको खोजीमा विदेश पुगेको श्यामे यस काव्यको प्रत्यक्ष पात्रका रूपमा देखापरेको छ । श्यामेबाहेक अरू पात्रहरूमा 'मेघ' दोस्रो प्रमुख पात्र हो । किनभने श्यामेले विदेशबाट खबर पठाउनलाई तयार पारेको पात्र 'मेघ' लाई (श्यामेले) अगाडि राखेर सम्पूर्ण कुरा अर्थ्याएको छ । यसर्थ मेघको भूमिका यस खण्डकाव्यमा राम्रै देखिन्छ । यी दुईबाहेक प्रत्यक्ष पात्रका रूपमा अरू खासै पात्रहरू फेला पर्दैनन् । तर, श्यामेले गाउाको सम्झना गर्ने क्रममा आएका व्यक्ति, वस्तुहरूलाई पनि पात्रका रूपमा लिंदा तिनीहरूको भूमिका अप्रत्यक्ष रहन गएको पाइन्छ । अप्रत्यक्ष भूमिकाकै कारण उनीहरूलाई अप्रत्यक्ष पात्रका रूपमा स्वीकार्न सकिन्छ । ती पात्रहरूमा आमा, श्रीमती, पिता, काका, दाजु-भाइ, बेचिएकी चेली, गाउाका बान्धवजस्ता पात्रहरूको पनि अप्रत्यक्ष रूपबाट उपस्थिति भएको पाइन्छ । केन्द्रीय पात्र श्यामेले सम्पूर्ण काव्यको मर्मलाई आफ्नो मुखबाट मेघसामु राखेको छ । त्यसैले पनि यस काव्यमा श्यामेको सशक्त भूमिका रहेको पाइन्छ । यो काव्य प्रतिनिधि पात्र हो भने सत्पात्र पनि हो । उसका चरित्रमा स्थिरता देखापर्छ । देशको सम्झना गर्दा ऊ अर्न्तमुखी भावुक पात्रका रूपमा देखिन्छ । स्वल्प किसिमको पात्रविधान पनि खण्डकाव्यात्मक पात्रविधानका सैद्धान्तिक अपेक्षा अनुरूपकै देखा पर्छ ।

### ४.१.४. भावविधान

खण्डकाव्यकार भुवनहरि सिग्देलद्वारा रचित सबैभन्दा पहिलो खण्डकाव्य **'आर्तनाद'** हो । यस खण्डकाव्यको समग्र प्रस्तुतिलाई हेर्दा यसमा करुणभाव व्यक्त भएको पाइन्छ । नेपाली गाउाघरबाट पैसा कमाउने सोचमा विदेसिएका युवायुवतीले विदेशमा पुगेपछि स्वदेशको सम्भ्mना गरेको कुरा नै यस खण्डकाव्यमा पाइन्छ । अशिक्षा, चेतनाको कमी, आर्थिक विपन्नताजस्ता कुराहरूले गर्दा विदेसिन बाध्य भएका नेपालीहरूको जीवनको सेरोफेरोमा यस खण्डकाव्यको भावगत परिधि देखापर्दछ । यस खण्डकाव्यले राष्ट्रिय स्वाभिमानलाई बिर्सेर विदेशतर्फ लाग्नुहुन्न भन्ने सन्देश बााड्न खोजेको छ । जतिसुकै दुःख सहेर पनि मातृभूमिमा आफ्नो पसिनाको थोपा बगाउनुपर्छ भन्ने कारुणिकभावलाई यस खण्डकाव्यमा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । विदेशी भूमिमा पुग्दैमा पाइलैपिच्छे सुन भेटिन्छ भन्ने सोचले स्वदेशमा बस्ता मानिसलाई लोभ्याए पनि वास्तवमा विदेश पुग्दा त्यस्तो नहुने कुरातर्फ खण्डकाव्यको भाव छचल्किएको छ । काव्यका बीचबीचमा मुख्य पात्रले आफ्नो गाउाको सम्भ्mना गर्दाका रमाइला प्रसङ्ग प्राकृतिक सुन्दरताका मनमोहक दृश्यहरूको वर्णन एकातिर छ भने अर्कातिर फेरि आर्तनादमय जीवन बिताउन बाध्य श्यामेजस्ता चरित्रहरूको क्रन्दनलाई यस खण्डकाव्यमा समेटिएको भेटिन्छ । स्वदेशको समस्याले विदेशिएका व्यक्तिहरू विदेशमा भmन पीडित हुन पुग्छन् भन्ने भाव यस खण्डकाव्यमा पाइन्छ । समग्रमा भन्नुपर्दा जतिसुकै गरिब भए पनि आफ्नो देश नै स्वर्गसरि हुने र कहिल्यै पनि गरिबीको भाव उत्पन्न नहुने तथ्यको सटिक प्रस्तुति नै यस खण्डकाव्यको अन्तिम भावका रूपमा रहेको पाइन्छ ।

### ४.१.५. भाषाशैली

भाषाशैलीको प्रयोगतर्फ अध्ययन गर्दा यसको भाषा सरल र सरस नै भएको पाइन्छ । प्राय गरेर पहाडी परिवेशको वर्णनले गर्दा यसमा प्रयुक्त शव्दावलीहरू पनि पहाडी सेरोफेरोका  भेटिन्छन् । प्रायः यस खण्डकाव्यमा तत्सम शब्दहरू नै भेटिन्छन् । त्यसका अतिरिक्त छ्वाली, कन्दरा, फााट, कुलो, गोरेटो, कोदाली, कुटो, गाई, गोठालो, बिस्कुन, चोक, साघार, मियोजस्ता प्रशस्त शब्दहरू प्रयोग भएबाट यसभित्रको सरल प्रस्तुतिको मीठो भmलक प्राप्त हुन पुग्दछ । छन्दमा प्रयोग भएका सरस शब्दहरूले पाठकहरूको मस्तिष्कमा शीतल प्रवाहको वायुले आनन्द दिएभmैं यस खण्डकाव्यले पनि पाठकलाई लयगत, भावगत र भाषागत आनन्द दिन सक्ने देखिन्छ ।

### ४.१.६. लय र छन्दविधान

लय प्रयोगका दृष्टिकोणबाट हेर्दा **'आर्तनाद'** खण्डकाव्यमा बद्ध  लयको प्रयोग गरिएको पाइन्छ । यस खण्डकाव्यमा खण्डकाव्यकार सिग्देलले पूर्वीय संस्कृत परम्परामा प्रचलित विभिन्न छन्दहरूको प्रयोग गरेका छन् । छन्दको आफ्नैखाले विशेषता हुने हुादा यसमा प्रयोग भएका छन्दहरूले पाठकमा राम्रै प्रभाव पार्ने देखिन्छ

। छन्दको नियमअनुसार यति (विश्राम) र गति (प्रवाह) को सन्तुलित विन्यासबाट नै लयको वास्तविक आस्वादन गर्न सकिने हुन्छ । त्यस खालको रसास्वादन गराउन प्रस्तुत खण्डकाव्य सफल देखिन्छ ।

**'आर्तनाद'** खण्डकाव्यमा खण्डकाव्यकार भुवनहरि सिग्देलले पूर्वीय संस्कृत साहित्यपरम्पराका विविध छन्दहरूको प्रयोग गरेका छन् । यसमा दृष्टान्त विविधता देख्न पाइन्छ । विविध छन्दको प्रयोगले प्रत्येक सर्गमा बेग्लै स्वादको अनुभूति गर्न सकिन्छ । संस्कृतमा प्रचलित शार्दूलविक्रीडित छन्दको प्रयोग खण्ड एक, दुई, तीन, चार र सातमा भएको पान्छ । त्यस्तै पााचौं खण्डमा मन्दाक्रान्ता छन्द, छैटौंमा इन्द्रवज्रा छन्द, आठौं खण्डमा शिखरिणी छन्दको प्रयोग गरिएको यस खण्डकाव्यले छन्दका पारखीहरूको छन्दको भोक मेटाउन मद्दत पुऱ्याउने देखिन्छ ।

## ४.१.७. विम्बालङ्कार योजना

प्रस्तुत **'आर्तनाद'** खण्डकाव्यले समेटेको विषयगत सीमालाई स्पष्ट पार्न विभिन्न विम्ब र अलङ्कारहरूको प्रयोग गरिएको छ । यस खण्डकाव्यभित्र जीवनजगत्का विभिन्न पाटाहरूसाग सम्बन्धित वस्तु वा चीजहरूलाई विम्बका रूपमा प्रस्तुत गरिएको छ । खोलानाला, देउराली भन्ज्याङ, उकालीओराली, पहाडपर्वत, गोरेटो, घरगोठ, खेत, डााडा, बेंसी, मादल, नरसिङ्गा, सारङ्गी, चौर, चौतारी जस्ता विम्बात्मक झलकहरूले यसै खण्डकाव्यको गरिमा बढाएका छन् । यस खण्डकाव्यमा कविले उपमा, उत्प्रेक्षा, रूपक, स्मरण, दृष्टान्त, सङ्कर, स्वाभावोक्तिजस्ता अर्थालङ्कार र अनुप्रासजस्ता शब्दालङ्कारको सहज प्रयोग गरेर पौरस्त्य काव्यशास्त्रीय परम्परालाई पच्छ्याएको पाइन्छ । जसमध्ये '**आर्तनाद**'मा प्रयुक्त सङ्कर अलङ्कारको एउटा नमुना यहाा प्रस्तुत गरिन्छ :

हेर्नू मनोभावन ती वलाको
सन्तापका बादल ती कलाको
आाखा चिरेको फलझैं रराता
मानौं अनीदो छ समस्त साता ॥ (६/२)

## ४.१.८. सर्गयोजना

'आर्तनाद' खण्डकाव्यको निर्माण जम्मा आठ सर्गहरूको संयोजनबाट भएको छ । खण्डकाव्यको विषयगत विस्तृतिलाई चवन्न पृष्ठमा फैलाइएको छ । पहिलो सर्गमा जम्मा सत्रवटा श्लोकहरू रहेको पाइन्छ । त्यसरी नै द्वितीय सर्गको निर्माणका क्रममा सोह्रवटा श्लोकहरू छन् । तेस्रो सर्ग वा खण्डको निर्माण छब्बीसवटा श्लोकहरूबाट भएको देखिन्छ । यसैगरी चौथो खण्डमा सत्ताईसवटा पद्यखण्डहरू छन् । पााचौ खण्डमा छब्बीसवटा कवितांशहरू छन् । छौटौं खण्डको निर्माण चौंतीसवटा कविताखण्डहरूबाट भएको छ । सातौं खण्डमा चौतीसवटा श्लोकहरू रहेका छन् भने आठौं अर्थात् अन्तिम खण्डमा अठारवटा श्लोकहरू रहेका छन् ।

प्रथम खण्डदेखि आठौं खण्डसम्म फैलिएको **'आर्तनाद'** खण्डकाव्यको जम्माजम्मी श्लोकसङ्ख्या हेर्ने हो भने दुई सय पाँच रहेको पाइन्छ ।

## ४.२. 'खाते' खण्डकाव्यको अध्ययन

### ४.२.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

खण्डकाव्यकार भुवनहरि सिग्देलद्वारा लेखिएका खण्डकाव्यहरूमध्ये लेखन र प्रकाशनका दृष्टिले दोस्रो क्रममा रहेको छ **'खाते'** । यस काव्यको लेखन वि.सं.२०५४ मा भए पनि प्रकाशनचाहिं वि.सं.२०५५ वैशाख महिनाको पहिलो दिनमा भएको पाइन्छ । कविले नै बताएका छन् कि वि.सं. २०५४ को साउनदेखि मैले **'खाते'** लेख्न थालेको थिएा । फुर्सदको बेला कोरकार गर्दा कार्तिकसम्म यसको दश भागसम्म लेखें ।[२] यही भनाइलाई अगाडि राखेर हेर्दा **'खाते'** खण्डकाव्यको लेखन नौ महिनाको समयावधिमा सकिएको स्पष्ट हुन्छ । यस खण्डकाव्यको लेखनको प्रेरणा कविलाई सडकबालकको दर्शनपश्चात् मिलेको पाइन्छ । कविकै भनाइअनुसार उनले सर्वप्रथम चिनेको खाते भाङ्ग्राको लागौटी लगाएर काँधमा जीर्ण बोरा बोकी हिडेको थियो । नाक र मुख वरिपरि सिंगान कट्कटिएको थियो । गालाभरि टायरको ध्वाँसो लत्पतिएको थियो । सर्म्पूण जीउको छाला पूर्णतः वनमान्छेको जस्तो देखिन्थ्यो । हातगोडा पट्पट् फुटेका र कत्ला बसेका थिए । ऊ सडक पेटीमा उभिएको थियो । सम्भवतः कुनै दयालु सडक यात्रीको ढुकाइमा थियो । ऊ प्रत्येकको अनुहार हेर्ने गर्थ्यो । यस्तै दृष्यले कविलाई केही लेखौंलेखौंझैं लाग्यो[२] र मनका उकुसमुकुस भावनाहरूलाई उनले काव्यको रूप दिने विचार गरे । यस प्रकार एउटा खातेको जीवनचर्याबाट प्रभावित भई उसैको प्रेरणाले **'खाते'** को यो काव्यिक रूप तयार भएको पाइन्छ । त्यसरी तयार भएको काव्यलाई हे. र. स. क.ले प्रकाशन गरेको भेटिन्छ । प्रथम संस्करणमा खातेको जम्मा एक हजार प्रति प्रकाशन भएको पाइन्छ ।

### ४.२.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

**'खाते'** काव्यलाई कविले नव्यकाव्यको रूपमा स्वीकारेको भए पनि यसको स्वरूप र विषयगत परिधिलाई नियाल्दा यो नव्यकाव्य हो भन्न सकिने आधार फेला पर्दैन । नेपाली साहित्यमा त्यति प्रचलनमा नरहेको 'नव्यकाव्य' शब्दले लेखनाथ पौड्यालको 'तरुण तपसी' लाई सम्बोधन गरेको पाइन्छ । त्यसपछि यही **'खाते'** काव्यलाई 'नव्यकाव्य' भनी सम्बोधन गरिएको छ । तर श्लोकसङ्ख्याका रूपमा हेर्दा 'तरुण तपसी' मा जम्मा ५८१ श्लोक रहेको पाइन्छ । श्लोकसङ्ख्यालाई मात्र हेर्दा पनि **'खाते'**मा भएको श्लोकसङ्ख्या ४०२ मात्र हरेको छ । यसमा समेटिएका कुराहरूको सिलसिलाले नव्यकाव्यको ढाँचा पक्रन नसक्ने कुरा काव्यको अध्ययनपश्चात् स्पष्ट हुन्छ ।

यस काव्यमा कवि सिग्देलले वर्तमान मानवजीवनको संवेदनशील क्षेत्रलाई काव्यात्मक रूपमा चित्रण गरेका छन् । यस खण्डकाव्यमा सिग्देलले विकृत मानव समाजको अवस्थालाई व्यङ्ग्यात्मकरूपमा स्पस्ट्याएका छन् । नेपाली समाजिक परिवेशमाथि काव्यिक दृष्टि प्रस्तुत गरेका छन् । **'खाते'** खण्डकाव्यको

विषयगत सेरेफेरोमा अस्तव्यस्त मानवजीवनको नियति नै रहेको पाइन्छ । गरिबीका कारण घरवारविहीन बन्न पुगेका मानिसहरू कसरी जीवन बिताउन बाध्य भएका छन् भन्ने कुरालाई यस खण्डकाव्यमा यथार्थ रूपमा व्याख्या गरेको पाइन्छ । यस काव्यमा पीडित वर्गको समस्यालाई खोतलखातल बनाई विद्यमान सामाजिक, आर्थिक र राजनीतिक व्यवस्थाको तीखो आलोचना पनि गरिएको छ । यस काव्यमा खाते भनिने बेवारिसे, बाल-बालिकाको जीवन छ । उनीहरूको अवस्था, बाध्यता र दुर्दशाको कम्पन र चित्रण छ । बााच्नुका नाममा तिनले भोगेको अभिशप्त जीवनको कथा छ ।

**'खाते'** खण्डकाव्यमा आमा मरेपछि टुहुरो हुन पुगेको एउटा बच्चालाई काकीले पालेको पाइन्छ । तर उसले त्यहाा माया पाउादैन । बाबुले सम्झेर ल्याई माया दिनु, घरमा अर्की आमा भित्रिनु जस्ता घटनाक्रमले यस कथाको मुख्य पात्र खातेको जीवन झन कारुणिक बनाइदिएको भेटिन्छ । तर अर्की श्रीमतीको कुरामा लागेर जेठीपट्टिको छोरालाई हेला गरेर जोइटिङ्ग्रे चरित्रको छनक बाबुले दिएको हुनाले बच्चाको स्थिति झनै दयनीय बनेर रहेको बुझिन्छ । बाबुबाट पनि भनेजति माया नपाउने र सानीआमाले पनि देख्न नसकेपछि बच्चो लट्टे जोगीका पछि लागेर हिाड्नु र पशुपतिको भीडमा छलिएको घटनाक्रम **'खाते'**मा देखाइएको छ । त्यसरी छलिएर बेवारिसे बनेपछि कुलतमा लाग्न पुगेको उक्त बच्चा यौनपीडित  बन्न पुग्दछ । प्रहरीद्वारा पक्राउ परेपछि ऊ थुनिन पुग्दछ र जीवन झन पीडादायी बन्न पुग्छ । समाजमा कोही सम्पन्न जीवन व्यतीत गरिरहेका छन् भने कोही गाासबास र कपासको सामान्य जोहो पनि गर्न नसकेर तड्पिरहेका छन् । जसको सुन्दरतम प्रस्तुति कारुणिक भावमा यसमा व्यक्त भएको छ । खातेको जीवनचरित्रमा आधारित भएर लेखिएको यो खण्डकाव्य **'खाते'** नामले नै प्रकाशित हुनु औचित्यपूर्ण देखिन्छ ।

### ४.२.३. प्रबन्धविधान

**'खाते'** खण्डकाव्यमा समावेश गरिएको विषयलाई खण्डकाव्यकार भुवनहरि सिग्देलले विभिन्न खण्डहरूमा बााडेर अभिव्यक्त गरेका छन् । प्रत्येक खण्डका विषयहरूको एक अर्कासाग सम्बन्ध रहेको देखिन्छ । जसअनुसार प्रथम खण्डमा खण्डकाव्यकारले नै विगतमा पितापुर्खाले कहिल्यै पनि बालबालिकाहरूलाई खातेको जीवन बिताउन सडकतिर नघचेटेको कुरा उप्काउादै पुरानो परिपाटी छाडेर नयाा बन्ने धुनमा लाग्दा सामाजिक गतिविधिमा नै विभिन्नता देखापरेको कुरातर्फ खण्डकाव्यकारको कलम केन्द्रित भएको छ । करिब चौध वर्षजतिको सडक बालक खातेको रूपमा देखापरेको सन्दर्भको उठान यसै सर्गमा भएको छ । सडकमा हिंड्ने त्यही बालकले आफ्नो चिसो छाती छामेर घरिघरि  लेखकतर्फ हेर्ने प्रसङ्गबाट पहिलो खण्डको समाप्ति भएको छ । प्रबन्धात्मकताको विस्तृत वेग दोस्रो खण्डबाट देख्न पाइन्छ । दोस्रो खण्डमा खण्डकाव्यकारले खातेका मुखबाट आफ्ना कुराहरू बक्न लगाएका छन् । त्यसै क्रममा उसले आफ्नो गााउाको परिचयात्मक झलक यसरी प्रस्तुत गरेको छ :

---

२. भुवनहरि सिग्देल, 'खाते', प्रसङ्ग खातेको ......... भूमिका, (काठमाडौं, वि.सं. २०५५) पृ. : च.

मेरो गाउा पहाड ताल  तलको बेसीसागै पर्दछ

सेतो शुभ्र हिमालको टहकले चम्काउने गर्दछ ।

बेहानी पख झााङमा वनचिबे आएर बोलाउाछन्

अल्छीका पनि नीाद तान सुरिलो गाएर खेलाउाछन् । (२/१)

यसरी सुरु भएको वर्णनको निरन्तरता अगाडि बढ्दै आउाछ । सहरमा आइपुगेको फुच्चेले आफ्ना चिनजानका मानिसहरू नदेख्ता सारै विरक्तिंदै ऊ आफू काठमाडौंमा रोइरहनुपरेको र गाउामा पिता रोइरहेका होलान् भन्ने सम्झना गर्दछ । देशको विकास गर्न कम्मर कसेका नेताहरूप्रति पनि **'खाते'** ले व्यङ्ग्य गरेको छ । देशका नेताहरू राष्ट्रनिर्माणमा दत्तचित्त भएर लाग्न नसक्ता देशको स्थिति भद्रगोल भएको कुरामा खाते चिन्तित बन्दछ । सडकमा घुम्दा विभिन्नखालको अनुभव गर्न पाइने कुरामा उसको ध्यान गएको पाइन्छ । तेस्रो खण्डको प्रारम्भमा खातेले बाल्यकालमा आमाले गरेको नवनीतझैं नरम माया हृदयका कुनामा लपक्क टाासिइरहेको प्रसङ्गलाई कोट्याएको छ । बाल्यकालमा बाबाले धेरै चीजबीज किनेर ल्याइदिने हुनाले बाबाको माया बढी हुने कुरामा खातेको ध्यान अडेको पाइन्छ ।

तेस्रो खण्डमा उसले बाल्यकालका धेरै कुराको सम्झना गरेको छ । आफ्ना बाबाले मीठा खानेकुरा ल्याएको, थुर्पीबाट अलिकति घिउ हातमा खन्याइदिएको, आफ्नो भागको खाजाबाट एकदुई मुठी बचाएर आमाले खान दिएको सम्झना गरेको पाइन्छ । तेस्रो खण्डको अन्त्यमा उसले गरिबहरूको जिन्दगीप्रति एक प्रकारको वितृष्णा व्यक्त गरेको छ । आफ्नो वर्तमानको विचलनयुक्त जीवनप्रति नकारात्मक टिप्पणी गरेको स्पष्ट हुन्छ । काव्यको चौथो खण्डमा पनि बाल्यकाल र आमाबुबाको सम्झना गरेको छ । भोकलाग्दा रुने, खासै सास्ती नभएको जीवन, आफ्नी आमाको पेट बडेर मेला जान नसकेको, ऐ ऽ या भन्दै रोएको, पेटमा केही उफ्रने चीज भेटिएको, त्यसबाट आफू डराएर रोएको कुरालाई खातेले राम्ररी सम्झना गरेको छ । यस खण्डमा **'खाते'** बन्न विवश फुच्चेकी आमा मर्दाको वर्णनलाई प्राथमिकता दिइएको छ । खेतालाहरू आएर बाास काटेको, बाबु पिंडीमा बसेर नरमाइलो मानेको वर्णन चौथो खण्डमा फैलिएको पाइन्छ । लास घाटतिर लैजाने क्रममा शङ्ख बजेको, त्यसको आवाज त्रासदी भएको प्रसङ्ग चौथो खण्डमा समेटिएको छ । मलामीहरू सागरबाट फर्केपछि कतै आफ्नी आमा पनि तिनीहरूकै बीचमा छन् कि भनी चिहाएको तर नदेखेको, बाबु सेतो कपडामा आएका र काकीमाले उसलाई बोकी लगेको कथानकमा चौथो खण्डको समाप्ति भएको छ । पााचौ खण्डमा आमा मरेपछि उसले दुखानुभूतिमा रुमलिनु परेको, आफू काकीमाको साथ लागेको, आमाको अनुपस्थितिले आाशुको धारा झार्दै जिन्दगानी गुजार्न थालेको, आमा र काकीबीचको भिन्नताको तराजु उचालिरहेको, व्यङ्ग्यवचनलाई राम्ररी बुझ्न नसकेका जस्ता पीडादायी प्रसङ्गले पााचौ खण्ड भरिएको छ । यस खण्डको अन्त्यमा उसले आमाको अन्त्यपछि बाबाले दिनदिनै भात पकाएको, भारोपर्मा गरी फााटबाट भारी ल्याएको तर्फ ध्यान दिंदै आमाको सम्झना अझै गरेको छ । आफ्नी आमाले बिर्सिन् कि अझ सम्झेर धर्धरी रोइरहेकी होलिन् भन्ने यादमा उसले विश्राम लिएको छ ।

छैटौं  खण्डमा उसका बाबाले दोस्री श्रीमती विवाह गर्न विभिन्न ठाउामा केटी खोजेको, बेहुलीका लागि मखमलको घनचोली, ब्लाउज, रातो दुपट्टा आदि छानेको घटना वर्णन छ । त्यसपछि जन्तीहरू गएको, आफ्ना पिताले मिलाएर कोट, दौरा लगाएको दृश्यको वर्णन बालककै मुखबाट गराएका छन् । यस खण्डको समाप्ति बेहुली भित्र्याएको घटनामा पुगेर भएको छ । सातौं खण्डको थालनी बेहुली भित्र्याएपछि साा‌झ परेको, केही पाउना घर गएका र केही घरमै खाना खाइवरी सुतेकोबाट भएको छ । यसै खण्डमा नयाा आमाले ठाडो भाषा बोलेर जाजुल्य स्वभाव देखाएको कुरा बताएको छ । सौतेनी आमाको व्यवहार आफ्नी आमा जस्ती त पक्कै होइन भन्ने यथार्थलाई **'खाते'** ले प्रस्तुत गरेको छ । कान्छी श्रीमतीको मोहमा परेर बाबा पनि बिस्तारै आफूलाई रिस गर्न थाल्ने भए भनी विगतको सम्झनामा पिरोलिएको छ । आफ्नै बाबुले "आमा खाने अधम घिचुवा खा मलाई लुछेर" भनी तीखो वचनवाण चलाएको हुनाले बालकको मनमा झन ठूलो बज्रपात भएको कुरालाई पनि स्पष्टसाग राखिएको छ । यस्तै वातावरणमा दिनदिन मनमा पीडा थपिंदै जान थालेपछि घरमा बस्नुको अर्थ छैन भनी घर छाड्ने निर्णयमा पुगेको सन्दर्भ यस खण्डमा छ ।

आठौं खण्डमा भदौरे बारीमा डोको कुनातिर राखेर एकै छिन निदाएको, केही बेरपछि ब्युझादा जोगी जस्तो लाग्ने कोही मान्छे देखेको र उसले स्नेहपूर्वक बोल्दा उसाग लोभिएको कुरा खातेले स्वीकारेको छ । यसै बेला उसले जोगीको पछि लाग्ने निर्णय गरेको छ :

पहेंलो बस्त्रमा सेतो केशराशि टटल्कियो
तेजिला नेत्रको धार प्रेम उर्ली छचल्कियो
के ठानो के भयो मेरो मन चङ्गा उडेसरि
पछाडि साधुको लागो भीर लोटा गुडेसरि । (८/७)

जाने बेलामा उसले एकपटक बाबाआमा, गोठका गाईभैासी र खोरका बाख्रासम्मलाई सम्झेको छ । उसले यस खण्डका अन्त्यमा कसैलाई पनि ईश्वरले च्वास्स बिझ्ने बोली दिन नहुने कुरातर्फ आफ्नो ध्यान खिचेको भेटिन्छ । नवौं खण्डमा फकीरसाग ऊ आफ्नो जन्मथलो छाडेर त्यतैतिर लागेको छ । जोगीको फड्कालाई पच्छ्याउन गाह्रो परेको तैपनि दौडादै गएको, त्यसरी जाादा जोगीको कुटीमा पुगेको, जिउ गलेर ढल्नासाथ निदाएको, जोगीले पशुपति जाने भनी उसलाई सुनाएको र फाल्गुन कृष्ण चतुर्दशी (शिवरात्री) का लागि त्यतै लागेको प्रसङ्गलाई खातेले स्पष्टसाग राखेको छ । पशुपति मन्दिरको परिसरमा भेटिएको काााचो फल र त्यहाा मूर्तिहरूमा चढाएको अक्षता टिपेर भोक मेटेको दर्दनाक कथा पनि नवौं खण्डमा फैलाइएको छ । दशौं खण्डको प्रबन्धविधान उक्त केटो पूरापूर बेवारिसे भएको क्रसागै अगाडि बढाएर देखाइएको छ । बसोवास गर्नका लागि एउटा जीर्ण पाटीमा बस्ने व्यवस्था गरेको प्रसङ्ग छ । त्यत्तिकैमा कुनै एक दयालु स्वभाव देखाउादै भााडा माझ्न लिन आएको चर्चा गरिएको छ । तर, त्यो काम अति नै जोतिनुपर्ने चर्कोखालको रहेको कुरा उसले बताएको छ ।  रातैभरि घोटिनुपर्दा निद्रा नपाइने, खुट्टाहरू दुख्ने, नङहरू उप्कने समस्या, हप्किदप्की खानुपर्ने आदि झन्झटिला गतिविधिले गर्दा उसले त्यो ठाउा छाडेर भागेको बयानमा दशौं खण्ड केन्द्रित छ ।

बालबच्चाको भलाइ गर्ने नाममा खोलिएका संस्थाहरूका आफ्नै 'भूाडीभराऊ' भन्ने नीतिको यस खण्डमा राम्ररी चित्रण गराइएको छ ।

एघारौं खण्डमा उक्त खाते बालक आफू पूर्णरूपले आकाशमा धागो छिनेर बेवारिसे बनेको चङ्गाजस्तो भएको कुरालाई यस प्रसङ्गमा कोट्याइएको देखाइएको छ । विदेशीहरूसाग पैसा माग्न थालेको, केही पैसा पाउादा खुबै रमाउने गरेको, पैसा नपाउादा खुब रिसाउने गरेको, जाडो आएपछि दुनियााले ज्याकेट, जुत्ता मोजा किन्नुपर्ने तर आफूजस्तो गरिबले सर्वाङ्ग नाङ्गो हिड्नुपर्ने स्थिति सिर्जना गर्ने दैवप्रति केही व्यङ्ग्य गरिएको छ । यसै खण्डमा प्रबन्धले बालयौनशोषणको दृष्यतर्फ पनि सानो मोड लिएको छ । समवय रतिको बानी परेको र त्यसले गर्दा जीउ र गुदद्वार गल्ने र पोल्ने गरेको विकृत र कारुणिक प्रसङ्ग यहाा कोट्याइएको छ । त्यसमा पनि प्रहरीले भ्यालखाना हालेको कुराले भन चोरलाई चौतारी र साधुलाई शूली भन्ने उखानको चरितार्थ गरेको देखाइएको छ । बालवेश्या बनेको आरोपमा कानुन लगाउन आाटेको, र भ्यालखानामा वस्ता कुनैकुनै सिपाहीले केही माया दिएको प्रसङ्ग पनि यस खण्डमा उतारिएको छ । त्यसरी बस्ता दाल र रोटी खाएको, कुनै इलम सिक्न त्यहाा कसैले दिएको उत्प्रेरणाका कुराले यस खण्डलाई ममतामयी भावको उछ्वालन भएको खण्ड बनेको छ । यसै खण्डमा उसलाई घर फर्कने सल्लाह दिंदै गाउा फर्काउनाको रहस्य पनि देखाइएको छ । जन्मभूमिलाई आफ्नो हृदयको टुक्रा मानी ऊ जनकपुरको बस चढेर घर फर्केको जानकारीले एघारौं खण्ड टन्न भएको छ ।

बाह्रौं खण्डको प्रबन्ध उक्त केटाले घर जाऊा कि नजाऊा भनी देखाएको दोधारेपन र त्यसमा दैवले गरिदिनु पर्ने फैसलालाई कवितात्मक बान्कीमा यसरी बताइएको छ ।

जडका पनि चालक देवगण

जगका परिपालक दैव भन

कुन मार्ग म जाउफ निसाफ गर

भवका गणितज्ञ हिसाब गर । (१२/११)

घर जान पनि कुनै लाहुरे. नभएको र दुःखैदुःखमा घर जानु लाजमर्दो भएको कुरालाई उही केटाले यहाा सम्भेको छ । जन्मथलो विरक्त लाग्दो भएको, त्यहााका अरू बाहिर लाग्दा, त्यहााको रमणीय छटा सबै हराएको विरक्त लाग्दो विवरण यहाा प्राप्त हुन्छ । तेह्रौं खण्डमा खातेको पीडादायी उद्गारलाई राखिएको छ । कुनै पनि देशमा जनताले सुख प्राप्त गर्न त्यस देशका शासकहरू राम्रा/असल हुनुपर्छ भन्ने आशय कविले प्रकट गरेका छन् । देशको भलो गर्न शासकीय दक्षताका साथै असल नीतिबाट परिलक्षित हुनुपर्छ भन्ने मान्यता खातेको छ । यदि यस्तोखालको नीति र कार्यशैली छ भने जनतालाई सहजै डोऱ्याउन सकिने आशय कविबाट प्रकट भएको पाइन्छ । छोराछोरी जन्माएर बाटैमा बेथानको बनाई हिडेर बाबुआमाको कर्तव्य पूरा नहुने कुरातर्फ कविले खबरदारीको औंला ठड्याएका छन् । बालअधिकारका नाममा तारेहोटलमा डिनर डकार्नेहरूले सही रूपमा आफ्नो कार्यदक्षता देखाउन सकेका छैनन् भन्ने कुरालाई टड्कारो ढङ्गले प्रस्तुत गरेका छन् । ठूलाठूला नेताहरूको स्थिति पनि हिजोका दिनमा सडककै आसपास गुज्रिरहेको थियो । सडकमै आन्दोलन गर्ने, ईंटा हान्ने भ्यालका सीसा फोर्ने दिनचर्या करिब खातेकै जीवनसाग मिल्दो भएकोतर्फ कविले सङ्केत गरेका छन्

। ठूला अक्षरमा लेखिएका सूचनापाटी बडेबडे भवनमा टाास्दा मात्रै बालअधिकारको रक्षा नहुने व्यङ्ग्यात्मक प्रस्तुति यस खण्डको अन्तिम अर्थात् तेह्रौं खण्डमा समावेश भएको देखिन्छ । यस खण्डमा खातेले आफ्नो कारुणिक जीवनका विभिन्न पाटाहरू देखाएर विदेशीले समेत पैसा कमाउने गरेको यथार्थतालाई कोट्याउने काम गरेका छन् । खाते अन्तिममा आफू सडकको राजा भएको र यसको लालपूर्जा सरकारले दिनुपर्ने विद्रोहात्मक अभिव्यक्ति दिन्छ -

राजा नै त म यो नयाा सडकको यो भोक भाषा नयाा
मेरो राज्य रजाईं यो गजवको बेग्लै छ आफ्नै नियाा
मेरो यो अधिकार भो सडकको दे लालपूर्जा अब
नाङ्गै नाच गरूा कि पागल बनूा मर्जी छ मेरै सब ! (१३/२२)

**'खाते'** खण्डकाव्यको परिवेश विधानलाई आन्तरिक र बाह्य परिवेशविधानका दुई दृष्टिले हेर्न सकिन्छ । बाह्य परिवेशमा खातेको सामाजिक अवस्था, उसले गरेको सङ्घर्ष जीवनका आरोहअवरोह छन् भने आन्तरिक परिवेशमा खण्डकाव्यको मुख्य पात्रले बेहोरेको मानसिक, वैचारिक धरातल, दुःखपीडा, क्लेश, उद्विग्नता तथा समग्र परिस्थितिले निम्त्याएका अवसादमय क्षणहरूलाई लिन सकिन्छ ।

बाह्य परिवेशको सन्दर्भ उठाउादा यसमा खातेको पुर्ख्यौली घर सिन्धुली जिल्लाको बेंसी खण्ड, आमा, बाबा आदि प्रारम्भिक परिवेश हुन् भने बिस्तारै कान्छी आमाको आगमनसागै जन्मधर्ती छाडेर जोगीका साथ काठमाडौं लागेको, पशुपतिनाथको आसपासमा अलमलिएको, सडकमा बोरा बोकेको, विभिन्न विदेशीहरूसाग पैसा मागेको, आफ्ना साथीहरूको लहैलहैमा लागेर अप्राकृतिक यौन कार्यमा लागेको, प्रहरीले थुनेको, पछि छुटेर घर गएको, आफ्नो घर साहुले हडपीसकेको जस्ता पीडादायी परिवेशहरू खण्डकाव्यका ठाउाठाउामा भेटिन्छन् । जसले कथानकलाई कारुणिक बनाउने प्रयास गरेको पाइन्छ । आन्तरिक परिवेशमा उक्त केटाले घरबाट अपहेलित भई निस्कादा मनमा बटुलेको दुःख, सडकमा हिंड्दाको कष्ट, अप्राकृतिक यौन संसर्गबाट समेटेको पीडा, घर पुग्दा साहुले घर लिइसकेको कष्टजन्य अनुभूतिहरू रहेका पाइन्छन् । यसरी खातेको जीवनसाग सम्बन्धित विविध परिवेशले कथानकलाई सुरुसुरु डोऱ्याएको पाइन्छ ।

**'खाते'** खण्डकाव्यको प्रमुख पात्र वा नायक एउटा बालक छ । आफ्नी आमाको मृत्युपछि बाबुले अर्की आमा ल्याएका कारण ऊ अपहेलित हुन पुग्छ । यही विषयगत 'वीजसूत्र' मा ठडिएको **'खाते'** खण्डकाव्यमा प्रायः ठाउामा सक्रिय उपस्थिति 'खाते' नामक बालकको नै छ । उसैले काव्यभरि मियोको काम गरेको छ । अन्य पात्रहरू प्रत्यक्ष/अप्रत्यक्षरूपमा उसकै वरिपरि चलिरहेका छन् । खातेले निर्वाह गरेको सक्रिय भूमिकालाई हेर्दा कवि कल्पनाको राम्रो किसिमले प्रशंसा गर्नै पर्दछ । खाते अतिरिक्तका अन्य पात्रहरूमा उसको बाबु, आमा (पछि मृत्यु भएको) कान्छीआमा जोगी, पशुपतिवरिपरि र नयाासडकका खातेहरू, प्रहरी, विदेशी पर्यटक, गाउाकै साहू आदि रहेका छन् । यी सबै पात्रहरूको काव्यमा एकैखालको उपस्थिति छैन । कतैकतै मात्र यिनीहरू केहीले सक्रिय भूमिका निर्वाह गरेका छन् । नत्र प्रायः ठाउामा यी पात्रहरू गतिहीन अवस्थामा रहेका भेटिन्छन् ।

### ४.२.४. भावविधान

**'खाते'** खण्डकाव्य सडकबालबालिकाहरूको दयनीय स्थिति र राजनीति गर्दै देश हााक्न उत्सुक लाचारीको सटिक चित्रण गरिएको कारुणिक काव्य हो । यस खण्डकाव्यमा बालबालिकाहरूप्रति दुर्व्यवहार गर्ने बाबुआमा र मायाममता नदिने परिवारजनप्रति तीव्र आक्रोश पनि छ । यी सबै पक्षमाथि दृष्टि लगाउादा यसमा सबैभन्दा बढी करुण भावगङ्गा सुसाएको पाइन्छ । त्यसका साथै यसमा कतैकतै विद्रोहात्मक भाव, कतै व्यङ्ग्यात्मक भाव पनि भेटिन्छ । कविले यस काव्यलाई करुण भावमय बनाउन खोज्दाखोज्दै पनि विद्रोह, व्यङ्ग्यलाई पनि समेटेको छ । जसले गर्दा काव्यात्मक बान्की उत्कृष्ट बन्न पुगेको छ ।

### ४.३.५. भाषाशैली

काव्यलाई सफल पार्नमा भाषाको पनि उत्तिकै सफलतापूर्वकको प्रयोग हुनुपर्छ भन्ने ठानिन्छ । खण्डकाव्यकार भुवनहरि सिग्देलको यो खण्डकाव्य पनि सरल र सरस भाषाको प्रयोग गरिएको काव्य हो । संस्कृतका तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगका साथै झर्रा नेपाली शब्दहरूको प्रयोगले यस काव्यलाई सम्प्रेष्य बनाएको देखिन्छ । स्वच्छन्तावादी र प्रगतिवादी शैलीमा करुण भावको वर्णन यस काव्यमा भएको छ । प्रस्तुतिमा विभिन्न छन्दहरूको प्रयोग र अलङ्कारहरूको सिर्जनाद्वारा भाषामा काव्यिक सौन्दर्यको सृष्टि गरिएको यस काव्यको भाषा सरल र शैली सुन्दर छ । चोटाकोठा, खाटबिछ्यौना, घरगोठ, डोकोनाम्लो, चुलोचौकी, धारोपाधेरो जस्ता शब्दहरूको प्रयोगले काव्यको सरलतालाई स्पष्ट पारेको महसुस हुन्छ ।

### ४.२.६. लय र छन्दविधान

**'खाते'** खण्डकाव्य शास्त्रीय छन्दपरम्परामा आधारित भएर लेखिएको खण्डकाव्य हो । यसमा खण्डकाव्यकारले संस्कृत छन्दहरूको कुशलतापूर्वक प्रयोग गरेकाले लयबद्ध प्रस्तुति छ । यसमा लय यति र गतिको राम्रो विशेषता छ । छन्दको कवितामा पाइने लयभित्रको मिठासले काव्यात्मक अभिव्यक्तिलाई सशक्त बनाएको छ । **'खाते'** शब्द सुन्नमा जति नमिठो छ, यसमा समेटिएको विषयलाई लयात्मक पारामा सुनूसुनू लाग्ने बनाइएको छ ।

खण्डकाव्यकार भुवनहरि सिग्देलले यस **'खाते'** खण्डकाव्यमा संस्कृतका विभिन्न छन्दहरूलाई सुन्दर ढङ्गबाट सजाएका छन् । जम्मा तेह्रवटा खण्डहरू रहेको यस खण्डकाव्यका पहिलो खण्डमा शिखरिणी छन्दको प्रयोग गरिएको छ । त्यसै गरी दोस्रो खण्ड वा सर्गमा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । **'खाते'** को वर्णन गर्ने क्रममा तेस्रो खण्डमा पनि शार्दूलविक्रीडित छन्दकै प्रयोग गरिएको छ । चौथो सर्गको निर्माणमा दुईवटा छन्दहरू क्रमशः शालिनी र शार्दूलविक्रीडित छन्दहरूको प्रयोग गरिएको छ । यस खण्डकाव्यको पााचौं खण्डमा भुजङ्गप्रयात र शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । छैटौं, सातौं र आठौं सर्गमा क्रमैले मालिनी, मन्दाक्रान्ता, अनुष्टुप र वसन्ततिलका छन्दहरूको चयन गरिएको छ । नवौं खण्डमा इन्द्रवज्रा र

मन्दाक्रान्ता छन्दहरू छन् भने दशौं खण्डमा मणिमाला छन्दको सुन्दर प्रयोग भएको पाइन्छ । एघारौं सर्गमा स्रग्धरा छन्दको प्रयोग गरिएको छ भने बाह्रौं खण्डमा तोटक छन्दको प्रयोग यस खण्डकाव्यको अन्तिम सर्गमा अर्थात् तेह्रौं खण्डमा शार्दूलविक्रीडित र विद्युन्माला छन्दका सरस श्लोकहरू छन् । छन्दका विविधतापूर्ण उपस्थितिले यस खण्डकाव्यलाई पठनीय बनाएको छ ।

### ४.२.७. विम्बालङ्काकार योजना

विम्ब र अलङ्कार प्रयोगका दृष्टिकोणबाट नियाल्दा **'खाते'** खण्डकाव्य उत्कृष्ट काव्यको कोटिमा पर्दछ । यसमा विषयवस्तुलाई वर्णन गर्ने क्रममा विभिन्न विम्बहरूको प्रयोग गरिएको छ । आफ्नो घरबाट बाबुआमाको माया नपाएर जोगीका साथ पशुपतितिर लागेको केटाको जीवनका आरोहअवरोहलाई विम्बात्मक प्रयोगले सुन्दर बनाएको छ । प्राकृतिक जगत् र मानवसमाजका विभिन्न पाटाहरूबाट विम्बहरूको प्रयोग गरिएकाले खण्डकाव्यलाई अझ सहज र सुस्पष्ट पारेको देखिन्छ । यसमा विभिन्न विम्बहरूको प्रयोग त छादै छ त्यसमाथि पनि अलङ्कारको प्रयोगले यस काव्यलाई अझ सुन्दर बनाएको महसुस हुन्छ । मीठो नेपाली भाषाको प्रयोग भएको यस काव्यमा प्रयुक्त उमेटो, कागखुट्टी, चिल्लीबिल्ली, जाघिया, जडौरी, निदुली, फकुल्ली, ब्याउली, लरवर, लुरुलुरु, सुनटिकी जस्ता शब्दहरूले नेपाली बान्कीमा उजिल्याएको छ । खण्डकाव्यमा प्रयोग भएका 'चल साधु छिट्टै फटकार छाला/मिल्ला जहाा त्यै परिकार खाला' मीठो त भोकै अरू के छ मीठो ? 'मुख र रङ परै हो चरिने वस्तु हैन' जस्ता उखान र उक्तिसमेत गहिरिन पुगेको छ । उपमा, दृष्टान्त स्वाभावोक्ति रूपक, र स्मरणजस्ता अलङ्कारहरूले सिग्देलको यस खण्डकाव्यलाई उत्कृष्ट काव्यको दर्जामा पुऱ्याएको पाइन्छ । प्रस्तुत काव्यमा प्रयोग भएका अलङ्कारहरूमध्ये दृष्टान्त अलङ्कारको उदाहरणको एउटा नमुना यसरी प्रस्तुत गरिन्छ :

> त्यस्तो सौम्य पहाडको म पिपिरो प्रारब्ध यो मूर्धनी
> सङ्लो भार उठाउने जतनले सौराष्ट्र सञ्जीवनी
> आजै कााध गलेर धर्मर हाादा यो देश थामिन्छ र ?
> फिस्टाका भर देश भार सहजै धानेर धानिन्छ र ! (२/४)

### ४.२.८. सर्गयोजना

**'खाते'** खण्डकाव्यको निर्माण विभिन्न १३ वटा खण्डहरूमा गरिएको छ । प्रत्येक खण्डमा समावेश गरिएका श्लोकहरूको सङ्ख्यालाई जम्मा बनाउादा जम्माजम्मी चार सय दुई खङ्ख्याका श्लोकहरू यसमा छन् । खण्डगत श्लोकहरूलाई नियाल्ने हो भने प्रथम खण्डमा पच्चीसवटा श्लोकहरू छन् । त्यसैगरी दोस्रो खण्डको निर्माण उन्नाईसवटा श्लोकहरूबाट गरिएको छ भने तेस्रो र चौथौं खण्डमा क्रमशः बाईस र चौवालीसवटा श्लोकहरूबाट गरिएका छन् । पााचौं, छैटौं र सातौं खण्डहरूमा क्रमैले एकचालीस, चौंतीस, उनन्चालीसवटा श्लोकहरू समावेश गराइएका छन् । आठौं खण्डमा जम्माजम्मी छत्तीसवटा श्लोकहरू छन् । **'खाते'** खण्डकाव्यको नवौं खण्डमा अठ्तीसवटा श्लोकहरू रहेका छन् । दशौं खण्ड संरचनाका दृष्टिले सबैभन्दा सानो

खण्डका रूपमा देखिएको छ । यसमा रहेका श्लोकहरूको सङ्ख्या जम्मा १२ रहेको छ । खण्डकाव्यको एघारौं खण्डमा स्रग्धरा छन्दका एकतीसवटा श्लोकहरू रहेको पाइन्छ । बाह्रौं र तेह्रौं अर्थात् खण्डकाव्यका उपान्तिम र अन्तिम खण्डहरूमा छत्तीस र पच्चीस श्लोकहरू समावेश गरिएको पाइन्छ । सर्गयोजनालाई हेर्दा १३ सर्गसम्म फैलिएको यस खण्डकाव्यमा श्लोकहरूको सङ्ख्या जम्मा चारसय दुईमात्र भएकाले यसलाई भूमिकाकार कवि कृष्णप्रसाद पराजुली र खण्डकाव्यकारले **'नव्यकाव्य'** नाम दिए पनि खण्डकाव्यको सेरोफेरोबाट खासै टाढा नपुगेको स्पष्ट रूपमा अनुभव गर्न सकिन्छ । त्यसैले काव्यिक दुनियाामा **'खाते'** लाई खण्डकाव्य भन्दा नै न्याय गरेको ठर्हछ भन्ने लाग्छ ।

## ४.३. 'कानी' खण्डकाव्यको अध्ययन

### ४.३.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

'कानी' शब्द सामान्य जनजीवनमा प्रयोगमा आइरहने शब्दभन्दा बेग्लै जस्तो लाग्छ । यही शब्द छानेर खण्डकाव्यकार भुवनहरि सिग्देलले आफ्नो तेस्रो खण्डकाव्य लेख्ने जमर्को गरे । कुनै पनि कृतिको जन्म त्यसको वीजभूमिबाट हुने कुरामा कुनै दुईमत छैन । यसरी हेर्दा यस खण्डकाव्यलाई **'कानी'** नाम दिई यो रूपमा पाठकसामु ल्याउन खण्डकाव्यकारलाई कानी नाम गरेकी एक जना सेर्पिनीको विदेशमा मृत्यु भएको घटनाले प्रेरणा दिएको कुरा बुझिन्छ । खण्डकाव्यकारकै शब्दहरूलाई सापटी लिएर भन्नुपर्दा कानी सेर्पाको विसर्जनको कथा पनि व्यक्तिगत जिजीविषाबाट सुरु भएर राष्ट्रिय उकुच बनेको प्रतीक घटना मात्र हो । कानी सिन्धुपाल्चोक जिल्लाको तातोपानी क्षेत्रको आसपास बस्ने कुनै गरिब परिवारकी स्त्री हुन् । घरायसी समस्यालाई टार्न विदेशी भूमिमा धन कमाउन जाादा त्यहीं अनेक प्रताडना व्यहोरेर अन्त्यमा मृत्युवरण गर्न पुगेको घटनालाई खण्डकाव्यकारले धेरै पत्रपत्रिका र अखबारमा पढ्न पाए र त्यसबाट नै **'कानी'** खण्डकाव्यको बीजारोपण कविको मनमा भएको बुझिन्छ । वि.सं. २०५५ भदौ महिनातिर भएको यस्तो विभत्स घटनाले कविको चित्त दुखायो । आफ्नो चित्त दुखेपछि उनले कलम र कागजमार्फत् पीडालाई निचोर्दै हृदय हलुको पार्ने प्रयास गरे । त्यसै क्रममा **'कानी'** खण्डकाव्यको पाण्डुलिपि तयार भएको पाइन्छ ।

करिब पााच/छ महिना लगाएर तयार पारेको पाण्डुलिपिलाई खण्डकाव्यकार सिग्देलले कविवर रमेश खकुरेल र समालोचक अच्युतरमण अधिकारीलाई देखाएपछि उनीहरूकै सल्लाह र हौसलाबाट कविले पनि यसलाई प्रकाशन गर्ने रुचि देखाएको थाहा हुन्छ । लेखिएको कृति प्रकाशन गर्ने क्रममा प्रकाशनको सम्पूर्ण अभिभारा कर्म सेर्पा तथा आदरणीय गुरुको सहयोग लिएर पाठकहरूका हातमा **'कानी'** खण्डकाव्यको प्रति प्राप्तिको सम्भव भयो । वि.सं. २०५५ को फागुन महिनामा एक हजार पााच सय प्रति छापिएर नेपाली खण्डकाव्यको परम्परामा एउटा नयाा कृतिले निरन्तरता दिएको छ । कविले घटनाको बीजलाई अनुभूत गरेको करिब छ महिनाको अन्तरालमा यो खण्डकाव्य पुस्तकाकार रूपमा साहित्यिक दुनियाामा देखापरिसकेको पाइन्छ ।

### ४.३.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

नेपाली समाजमा आर्थिक विपन्नता प्रायः सबैको साझा समस्याको रूपमा रहेको छ । त्यसमा पहाडी र हिमाली क्षेत्रहरूमा यो समस्या अलि बढी देखिदै आएको छ । नेपालको सिन्धुपाल्चोक जिल्लामा जन्मिएकी 'कानी' सेर्पाको कुवेतमा मृत्यु भएको घटनाबाट यो कृति तयार हुन पुगेको छ । कानी सेर्पा एकजना गरिब नेपाली छोरी हुन् । कानी जस्ता धेरै गरिब नेपालीहरू छन् । त्यसमा पनि गरिबीकै कारणले विदेशमा गएर दुःखकष्ट खप्न विवशहरूको कथा बेग्लै खालको हुन्छ । कानी सेर्पा परिवारकी र एक जना महिला भएकीले उनको यसखालको दर्दनाक मृत्युले सबैलाई शोकसन्तप्त पार्नु निश्चय पनि अनौठो होइन ।

भारतलगायतका मुलुकहरूमा वेश्यालयहरूमा नारकीय जीवन बिताइरहेका चेलीहरूका कहानी सुनिरहेका हामी नेपालीहरूलाई यसखालको घटनाले झनै विचलित पार्छ । खण्डकाव्यकारले अरू मुलुकतिर गृहसेविका बनेर जानेहरूमध्येकी कानी सेर्पाको कुबेतमा यौन यातना दिएर मारिएको घटनालाई बडो मिहिन रूपमा यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । गरिबीको लप्काबाट स्वदेशमा छट्पटाएकी कानी सेर्पाले आफ्नै छिमेकीहरूबाट अरबतिर गई धनीहरूका घरमा परिचारिका भई काम गरेमा एक/डेढ वर्षमै लाखौं रूपैयाा बचाउन सकिन्छ भन्ने कथा सुनेकी थिइन् । त्यसैले सिन्धुपाल्चोककी सोझी सेर्पिनी कानी त्यतै जान लालायित हुन्छिन् । आफ्ना स-साना चारजना केटाकेटीहरू आफ्ना पति निमा सेर्पाको जिम्मामा छाडेर आफ्नो घर बन्धकी राखी त्यता जाने पैसा जुटाउाछिन्, जम्मा बीस हजार ऋण लिएर दलालमार्फत कुवेत पुगेर कुनै घरमा घरेलु कामदारका रूपमा काम गर्न थाल्छिन् । आफूले काम गर्ने घरका घरधनी पुरुषले उनलाई जबर्जस्ती करणी ( बलात्कार) गर्न खोज्छ । तर, पवित्र भूमि नेपालकी छोरीलाई उक्त कुकृत्य सह्य हुादैन । उनी आफ्नो अस्मितालाई त्यहाा सुम्पन इन्कार गर्दछिन् । जसको कारण कानीलाई अग्लो घरको माथिल्लो तलाबाट तल खसाइन्छ । उनको खुट्टो भााचिन्छ । उनी अस्पताल पुऱ्याइन्छिन् । अस्पतालमा उपचार हुादाहुादै कानीले आफूलाई जेल हाल्न आाटेको कुरो सुइाको पाउाछिन् । त्यो अत्याचारीको षड्यन्त्रलाई सहन नसकेर अस्पतालमै पासोलगाएर मर्छिन् । घरधनीले यस घटनालई गुपचुप राखेर कानीको लासलाई चिहानमा गाडे पनि मानवाधिकारवादीले त्यस घटनाको विरोध गर्दछन् । गाडिएको लास त्यहााकी मानवअधिकारवादी नेतृ क्याथरिनको प्रयासमा चिहानबाट झिकिन्छ । अन्त्यमा त्यस लासलाई हवाइजहाजमा हाली काठमाडौं पठाइन्छ । कानीको लासलाई उनकै पति निमाले बुझ्दछन् र सेर्पा परम्पराअनुसार सद्गत गर्दछन् । विषयगत सेरोफेरोका रूपमा यिनै पाटाहरू खण्डकाव्यमा छन् । पहाडकी परी, नेपाली ग्रामीण चेली कानीको जीवनयात्रामा आधारित प्रस्तुत खण्डकाव्यको शीर्षक सार्थक देखिन्छ ।

### ४.३.३. प्रबन्धविधान

**'कानी'** खण्डकाव्यलाई खण्डकाव्यकारले विभिन्न खण्डहरूमा बााडेर विषयवस्तुलाई युक्तियुक्त ढङ्गबाट प्रस्तुत गरेको भेटिन्छ । यस खण्डकाव्यमा कविले प्रबन्ध विधानमा विशेष ध्यान पुऱ्याएको पाइन्छ । यस खण्डकाव्यको प्रबन्धविधान व्यवस्थित भएको महसुस हुन्छ । यस खण्डकाव्यमा कविले कथ्य विषय आफ्ना

भावना र विचारलाई खण्डकाव्यात्मक आयाम विस्तार दिई व्यक्त गर्न सर्वप्रथम एउटा ठोस आख्यानको उपयोग गरेका छन् । यस खण्डकाव्यमा सर्गगतरूपमा विषयवस्तुको प्रतिपादन व्यवस्थित रूपले गरिएको छ । **'कानी'** खण्डकाव्यको प्रथम सर्ग वा खण्डमा सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदी आसपासको वर्णनबाट सुरु गरिएको छ । मुसलधारे पानी दर्कंदा धनीहरू त ऐसआरामपूर्वक बस्छन् तर गरिबहरू थरथर कापेर झुप्रामा दिन काट्न बाध्य हुन्छन् भन्ने कुराको उपस्थापन गरिएको छ । अविरल पानी पर्दा रूखबिरुवा, खेतिपाती सबै बगाएको, खेतबारीमा हालेको मल पखालेको कुरालाई यस खण्डमा समावेश गरिएको छ । चोयाले कसेका उटज (झुपडी) को मान्द्रोरूपी छानो पनि तरर चुहिने भएको, अगेनाको आगो निभेको, पानीको चिसोले जिउ थरथर कामेको कुरालाई प्रस्तुतिमा यस भागमा सजाइएको छ । गरिबहरूको जीवनचर्चाको एउटा कारुणिक सुस्पष्ट चित्र यस खण्डमा सजाइएको छ । जब गरिबीको भुङ्ग्रोमा मानिस पर्छ तब धन कमाउने आशा कसैले देखाउादा ऊ जे पनि गर्न पुग्छ । यही प्रसङ्गको चित्रण यहाा छ ।

दोस्रो खण्डको थालनीमै तातोपानी गाउाको प्राकृतिक सुन्दरताको परिचय दिइएको छ । भोटेकोशीको सिमानाभन्दा पारिपट्टि खासाबजारको रमझम देखिने तर त्यसभन्दा वारिपट्टि नेपाली भूभागमा एउटा सानो झुप्रोमा गरिबले बााच्नुपरेको कहानी खण्ड दुईमा छ । खरको झुपडीमा मट्टितेलको टुकी बालेर बस्नुपरेको वर्णनले गरिबीको वर्णन गरिरहेको भान हुन्छ । कहिल्यै विकास नहुने मुलुकको जिम्मा लिनेहरूले कहिल्यै क्यै गर्न नसकेपछिको विरक्त लाग्दो परिवेशबाट कानी दिक्दार मान्छिन् । चारचारवटा बच्चाकी आमाले गरिबीले गर्दा तिनीहरूलाई नयाा नाना किनिदिन पनि नपाउादा मुटुमा साह्रै गह्रौ झड्काको महसुस गर्छिन् । पहाडी क्षेत्रको खेतिपाती राम्रो नहुने, केटाकेटी पाल्नै गाह्रो हुने कुरालाई यस खण्डमा विस्तृत रूपमा बताइएको छ । संसारमा सबैलाई दुःख दिने वस्तु 'भोक' हो । पेटको भोक शान्त पार्न नै मान्छेले अनेक दुःखकष्टपूर्ण काम पनि गर्नुपर्छ । यस्तै गरिबीको चक्रमा जीवनलाई कष्टपूर्ण ढङ्गबाट चलाउादै कानी दोस्रो खण्डबाट पर पुग्छिन् ।

तेस्रो खण्डमा प्रबन्धविधानको अर्को मोड छ । जतिसुकै बहार बाह्य जगत्मा आए पनि निमा आफ्नै पीडामा छ । गाास, बास र कपासको हाहाकार यस्तै परिस्थितिले जन्माएको विकास नै विदेशिनु पर्ने घडी हो । देशमा कुनै काम नपाइनु, श्रमको सम्मान नहुनुले हिमाल, पहाड र तराईले वर्सेनी हजारौं कर्मशील हातहरूलाई विदेशतर्फ धकेल्नु परेको सन्दर्भलाई यस खण्डमा उठाइएको छ । कुवेतमा असिम उन्नत्ति हुने, त्यहाा काम गर्दा उन्नति हुने आशाको वर्णन यस खण्डको प्रबन्धात्मक वर्णनमा छ । ती मुलुकमा काम गर्न गए पैसा ह्वार्रह्वारी बर्सने कुरामा गरिबका प्रतिनिधि निमा र कानी विश्वस्त छन् । त्यसैले उनीहरू देश छाडेर विदेश जाने निर्क्योलमा पुग्छन् र को जाने भनी सल्लाह गर्दछन् । अन्तिममा निमाले नारीलाई परदेशमा काम छरितो हुने र पैसा पनि राम्रो हुने हुादा देशमा केटाकेटीहरूसाग आफू बस्ने र विदेशमा श्रीमती कानीलाई पठाउने निर्णय गर्दछ । बालक छोराछोरी छोडेर विदेसिनु पर्दा कानी सारै नरमाइलो मान्दै रुन पुग्छिन् । यही प्रस्तुतिले तेस्रो खण्ड टुङ्गिएको छ । चौथो खण्डमा निमाले दुःखपूर्वक काममा खटिएको र कानी विदेशतर्फ हानिएको प्रस्तुति छ । देशबाट दिनदिनै कानीजस्ता नारी विदेसिंदा देशलाई हुनसम्मको नोक्सान हुनेछ । यसबाट

हामी सबैलाई असर पुग्नेछ भन्ने कुराको सम्झना यहाा गराइएको छ । कतै देशको माया त कतै गरिबीबाट मुक्तिका लागि विदेसिनु नै पर्ने बाध्यात्मक अवस्था छ भन्दै यस खण्डकाव्यको प्रबन्धविधान गरिएको छ ।

पााचौं खण्डमा कुवेत जान कानीले जहाज चढेको जहाज ढलपल नगरी तेर्सो उाडेको आकाशबाट डााडाकााडा हेर्दा थेप्चा दबेका देखिएको दृश्यात्मक वर्णन यस खण्डमा छ । बिस्तारै नेपाली परिदृश्य नजरबाट हराउादै गएको कुराले यस खण्डमा स्थान पाएको छ । जहाजमा उड्दै गर्दा कानीले पशुपति, स्वयम्भू र श्वेततारा, राम आदिलाई सम्झेर विदेशमा आफ्नो श्रम बेचेर खातैखात पैसा कमाउन पाउाँ भनी गरेको प्रार्थना छ । विदेशमा पुगेर कानीले आफ्नो परिचय गराएकी छन् । हेर्दा पच्चीस वर्षको जस्तो देखिने नवयुवकका अगाडि कानीले आफ्ना कुरा बताउाछिन् । तर, त्यस युवकले कानीलाई सन्दिग्ध दृष्टिले हेरेर त्रास दिएको

पाइन्छ । कुवेतको ठाउामा कालो बुर्का भिरेका युवतीहरू हिाडेको वर्णन छ । कानी काम गर्न बसेको घरको युवकको नाम अहमद रहेको बुझिन्छ । दिनमा १५ /१६ घन्टा काम गर्दा थकित भई बस्नुपर्ने दर्दनाक परिस्थितिको उठान पनि यस खण्डमा छ । कुनै सानो गल्ती छिसिक्क हुादासम्म पनि दण्ड मिल्ने हुादा काम गर्दा प्रत्येक पल डराउनुपर्ने स्थिति रहेको बुझिन्छ । मानिसउपर पशुवत् व्यवहार गरिने र त्यसका विरुद्ध गुहार माग्दा कसैले पनि नसुन्ने स्थितिले कानीको जीवन कष्टकर बन्न पुग्दछ । त्यस्तो बिरानो ठाउामा न पशुपति न बोधिसत्व बुद्ध कसले पो गुहार सुन्न सक्छ र ! एक रात कानी सुत्ने कोठाको ढोका खोली अहमदको छोरो करणी गर्ने सुरले भित्र पस्छ । करणी गर्छ, कानीले प्रतिवाद गर्दा भित्तामा ठोकिन्छिन् र रक्तधारा बगाउन पुग्छिन् । त्यो बिरानो ठाउामा कानीलाई कसैले पनि न्याय दिन सकेन । आखिर कानीले उपचारकै क्रममा आफ्नो बेइज्जत सहन नसकी कस्सिएर मर्छिन् । सुन्दर संसारको कल्पनामा कुवेत पुगेकी कानी प्राण त्याग गर्छिन् ।

छैटौं खण्ड वा अन्तिम सर्गमा कानीको मृत्यु मात्र उनको होइन सारा नेपालीहरूको इज्जतमाथिको दाग हो भन्ने कुरालाई छर्लङ्ग्याइएको छ । यता नेपालमा बालक छोराछोरीका साथ बसेको निमा बेलाबेला झसङ्गझसङ्ग मान्दै दिन बिताउाछ । कानीको लासलाई विदेशमा गाडिन्छ । लास गायब बनाउने योजना सार्वजनिक हुन्छ । तर, मानवअधिकार कर्मी क्याथरिन्को पहलमा लासलाई चिहानबाट झिकी नेपाल पठाइन्छ । लामो वाकसमा बन्द गराएर पाठाइएको लासले स्वदेशमा रहेका स्वजनमा झन पीडा थोपरिदिन्छ । बच्चाबच्चीहरू मूक बन्न विवश बन्दछन् । सेर्पा जातिको संस्कार मुताविक अन्त्येष्टि कर्म गर्दा एक छोरी बाबाको छेउमा बसी आमालाई हेर्दै भनेको प्रसङ्गबाट खण्डकाव्यात्मक प्रबन्धविधानले बिट मारेको छ :-

तिम्रो काख म सुत्दथें किन मुमा ! आाफै सुतेकी तिमी ?
सच्चा स्नेह रसाउने नजर नै चिम्ली ढलेकी तिमी ?
खस्केको तल यो ललाट भर नै माखा उडेको किन ?
हे आमा घर गै पिढीा सुत झिागा मै पाउाला हम्कन ! (६/५१)

खण्डकाव्यमा समेटिएको देशकाल र परिस्थितिलाई परिवेशका रूपमा लिइन्छ । त्यस पक्षबाट परिवेशको अनुगमन गर्न यस खण्डकाव्यमा कानी हुर्के-बढेको ठाउाका यावत् कुराहरू परिवेशका रूपमा छन् भने कुवेत गएपछिको त्यहााको परिवेश अर्कोतिर छ । गाउाठाउा समाज बाह्य परिवेशसित नजिक छन् भने उनका मनमा उठेका उद्विग्नता, खुलदुली पीडा आदि आन्तरिक परिवेशका रूपमा चित्रित छ । ग्रामीण परिवेशको दुःखपूर्ण अवस्थाबाट प्रारम्भ भएको कथानक अन्यपरिवेशसाग घुम्दै अन्त्यमा कानीको शवलाई गाडेको परिवेशमा पुगेर आद्योपान्त कारुणिकता सिर्जना गर्न सफल भएको छ । 'कानी' को दयनीय अवस्थाले पाठकको मनमा एउटा 'मर्माहत' अवस्थाको सिर्जना हुने हुदाा पाठकहरू भावुक बन्न पुग्छन् । यही मानसिक पीडा र मनोवैज्ञानिकतालाई यस काव्यको आन्तरिक परिवेशको रूपमा लिन सकिन्छ ।

**'कानी'** खण्डकाव्य एउटा सामाजिक खण्डकाव्य हो । यस खण्डकाव्यले सामाजिक स्थितिको राम्रो चित्रण गरेका छन् । नारीपात्र  'कानी' यस खण्डकाव्यकी केन्द्रीय पात्र हुन् । उनकै जीवनका अधिकांश घटनाहरूमा यो काव्य अघि बढेको छ । घटनालाई वा कथावस्तुलाई परिवेश सागसागै अघिबढाउन प्रमुख भूमिका पात्रहरूले गर्ने कुरा निश्चित छ । यस खण्डकाव्यमा प्रयोग भएकी नायिका पात्र  'कानी' हुन् । सिन्धुपाल्चोक जिल्लाको तातोपानी इलाकामा बस्ने कानी सेर्पाका पति निमा सेर्पा यस खण्डकाव्यका दोस्रा पात्र हुन् । त्यसबाहेक कानीलाई विदेश पुऱ्याउने 'दलाल' अप्रत्यक्ष पात्रको रूपमा काव्यमा उपस्थित छ । कानीका चारवटा बालबालिका, सेतो फेटा कसेको युवक अहमद (कुवेतको) उसको छोरा, कालो बुर्कामा बताइएकी केटीहरू, मानवअधिकारकर्मी क्याथरिनको भूमिका काव्यमा देखिएको छ । यिनै पात्रहरूको प्रत्यक्षापरोक्ष भूमिकामा कानीको कथानकले पूर्णता पाएको छ ।

## ४.३.४. भावविधान

**'कानी'** खण्डकाव्यलाई एउटा सामाजिक काव्यको रूपमा लिन सकिन्छ । यस खण्डकाव्यमा देशको आर्थिक विपन्नताबाट आकुलव्याकुल भएर विदेश पस्न बाध्य भएकाहरूको हृदय विदारक कथाव्यथा समेटिएको छ । खण्डकाव्यका अधिकांश पृष्ठहरूमा करुण भाव सुसाएको छ । चाहे त्यो देशभित्र रहादा पहाडमा दुःख गर्दाको कुरा होस् चाहे धन र सम्पत्ति बटुल्ने मोहमा कुवेतमा खान परेको हन्डर होस् , दुबै तर्फको मर्मस्पर्शी शब्द चित्रलाई कुशल शिल्पीले मूर्ति कुादेझैं खण्डकाव्यकारले यस खण्डकाव्यमा प्रस्तुत गरेका छन् । यस खण्डकाव्यमा कतैकतै देश चलाउने शासकहरूप्रति व्यङ्ग्य पनि गरिएकाले फाट्टफुट्ट रूपमा व्यङ्ग्य भाव भेटिने कुरा राख्न सकिन्छ । विशेषतः यस खण्डकाव्यमा मूलतः नारीभाव भेटिन्छ । जसरी जुन रूपमा यस काव्यको आकृति प्रस्तुत गरिए पनि विरही भावको परिपाक भएको खण्डकाव्यको समकक्षमा  **'कानी'** निर्विवाद पुग्न सक्ने कुरा ठोकुवा गर्न सकिन्छ । कतैकतै नेताहरूप्रतिको विद्रोही भाव छ ।

## ४.३.५. भाषाशैली

भाषाको प्रयोगमा जति ध्यान पुऱ्यायो कविता त्यति रसिलो हुने गर्दछ । कवि पहाडी परिवेशमा जन्मे हुर्केका हुनाले आफू हुर्केको रहनसहनबाट शब्द टिप्न पछि परेका छैनन् । उनको यस खण्डकाव्यमा सरसर्ती पढ्दा बुझिने शब्दहरू प्रयोग गरिएका छन् । अनुकरणात्मक शब्दहरूको प्रयोगले काव्यको स्वाद झन लपक्कै पारेको छ । यद्यपि शब्दको प्रयोग गर्ने क्रममा तत्सम, तद्भव र अन्य आगन्तुक शब्द पनि छन् । तरपनि झर्रा नेपाली शब्दका प्रयोगले कतैकतै महसुस हुने अप्ठ्यारोलाई सहजै भुल्न सकिने बनाएको पाइन्छ । यसमा प्रयोग भएका भाषाशैलीलाई कविको काव्यलेखनको लामो अभ्यास र भाषाको राम्रो ज्ञानको उत्कृष्ट परिणति हो भन्न सकिने प्रशस्त आधारहरू छन् । भाषाशैली प्रयोगका दृष्टिकोणबाट यसमा खासै अमिल्दो पक्ष देखिदैन । प्रसङ्ग र पात्रका मनोदशा अनुरूप यसमा विभिन्न शैलीलाई अवलम्बन गरिएकै छ । भिन्न भिन्न प्रसङ्गमा छन्द फेर्दै पाठकलाई लयात्मक रूपले पनि बैग्दै स्वाद प्रदान गर्न खोजिएबाट शैलीगत स्पष्टता र विशेषता झल्कन पुगेको पाइन्छ ।

## ४.३.६. लय र छन्दविधान

भुवनहरि सिग्देल छन्दमा खेल्न रमाउने एक कुशल छन्दशिल्पी हुन् । उनका मगजमा विजाङ्कुरण भएका विषयवस्तुलाई पहाडी झरनाझैं अटुट रूपमा छन्दमा बहाउन उनी सफल छन् । संस्कृतका मात्रिक र वर्णमात्रिक छन्दलाई आफ्नो इच्छाअनुसार कुदाउन सक्ने खुबी भएकै कारण सिग्देलका कविता जति पढ्यो त्यति पढ्रूपढ्रू लाग्छ । कविताको आकर्षण गर्न सक्ने तत्त्व भनेका गति, यति र लय नै हुन् । छन्दका कविताले एउटा कुशल वाचक पायो भने पक्कै पनि निरस हृदयलाई पनि एकैछिन टक्क रोकिएर केही सुन्न बाध्य पादर्छ । श्रुति रमणीयता र माधुर्यको आकाट्य संयोजन भएकाले उनका कविता लयबद्धताबाट अरूलाई लठ्याउन सक्छन् ।

'छन्द' काव्यलाई रसिलो बनाउने तत्त्वको रूपमा चिनिन्छ । भुवनहरि सिग्देलको यस **'कानी'** खण्डकाव्यमा विषयगत खुड्किलाहरू तन्किादै जाादा छन्दगत वैचित्र्य पनि देखिएको छ । एउटै मात्र छन्दले कहिल्यै पनि पाठकहरूलाई आनन्द दिन नसक्ने कुरा उनले राम्ररी बुझेका हुनाले नै **'कानी'** मा विविध छन्दहरूको प्रयोग गरेका छन् । जम्माजम्मी सत्तरी पृष्ठको मझौला आकारमा ख्याति पाएको विषयलाई चट्टचट्ट छन्दका विभिन्न गुच्छामा प्रस्तुत गरेर कविले पाठकहरूलाई काव्यिक स्वाद चखाएका छन् । सर्गगत रूपमा प्रयोग भएका छन्दहरूलाई हेर्दा प्रथम सर्गमा थालनीको श्लोक क्रौञ्चपदा छन्द (२५ अक्षर) को छ । अरू श्लोकहरूमा शिखरिणी छन्दकै प्रयोग गरिएको छ । दोस्रो सर्गमा मन्दाक्रान्ता छन्दलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । तेस्रो सर्गमा पञ्चचामर छन्द र शार्दूलविक्रीडित छन्दहरूको प्रयोग गरिएको छ । **'कानी'** खण्डकाव्यको चौथौं सर्गमा वसन्ततिलका छन्दको प्रयोग भएको पाइन्छ । यसै सर्गका अन्तिम दुई श्लोकहरू शार्दूलविक्रीडित छन्दमा कोरिएका छन् । पााचौं सर्गको विषयवस्तुलाई कविले स्रग्धरा छन्द र वंशस्थ छन्दमा उनेका छन् । पााचौं सर्गकै अन्तिम श्लोक 'उपेन्द्रवज्रा' छन्दमा रचिएको पाइन्छ । यस खण्डकाव्यको अन्तिम अर्थात् छैटौं खण्डमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । विभिन्न नौवटा छन्दहरू क्रमशः क्रौञ्चपदा,

शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता, स्रग्धरा, वंशस्थ, वसन्ततिलका, पञ्चचामर, उपेन्द्रवज्राको प्रयोगले यस खण्डकाव्यलाई लयगत, भावगत र विषयगत रूपमा उत्कृष्ट बनाएको पाइन्छ ।

### ४.३.७. विम्बालङ्कार योजना

विषयवस्तुलाई सुस्पष्ट पार्ने क्रममा कविले विभिन्न विम्बहरूको प्रयोग गर्दै यस काव्यको महिमालाई उचो पारेका छन् । नेपाली गाउा, परिवेश, समाज, प्रकृति सुहााउदा ती विम्बहरूले काव्यकोरसास्वादनमा सहयोग पुऱ्याएको छ । विम्बहरूको प्रयोगले खण्डकाव्यको कथ्य अर्थको सहज सम्प्रेषणमा पनि टेवा पुऱ्याएको पाइन्छ । खोलानाला, वनपाखा, पखेरो, पहरादेखि अन्य विविध सामाजिक परिवेशका गोठ, कटेर, चोया, भाटा आदिको विम्बात्मक उपस्थितिले कानीलाई उजिल्याएको छ । विम्बहरूले जति सुन्दर र सुस्पष्ट पारेका छन् त्यसमा अझैं महत्ता बढाउने काम अलङ्कारहरूले गरेका छन् । यस खण्डकाव्यमा कविले धेरै ठाउामा उपमा अलङ्कारकारको प्रयोग गरेका छन् । त्यसका अतिरिक्त, दृष्टान्त, रूपक, स्वाभावोक्ति लगायतका अलङ्कारको कुशल प्रयोग भएको छ । उदाहरणका रूपमा स्वाभावोक्ति अलङ्कारको नमुना यसरी प्रस्तुत गरिन्छ :

फुले उाडालु चैतमा झुले बुले हिमालमा
गला खुलेर कोइली अलाप गान तालमा
वसन्त वल्लरी झुली खुले समान बाटिका
तथापि वासमा निमा सधैं छ रुग्ण नाटिका (३/१)

### ४.३.८. सर्गयोजना

यस खण्डकाव्यको आयामगत विस्तृतिलाई हेर्दा जम्मा सत्तरी पृष्ठमा फैलिएको छ । विषयवस्तुलाई छवटा सर्गहरूमा बााडिएको छ । छवटा सर्गहरूमा बााडिएका विषयवस्तुयुक्त श्लोकहरूको सङ्ख्या जम्माजम्मी तीन सय छब्बीस रहेको छ । सर्गगत समेटिएका श्लोकहरूमा प्रथम सर्गमा पचासवटा श्लोकहरू छन् । द्वितीय सर्गमा छपन्न श्लोकहरू रहेको पाइन्छ । त्यसरी नै तेस्रो सर्गमा सतचालीसवटा श्लोकहरू रहेको पाइन्छ । चौथो सर्गको फैलावट पचास पङ्क्तिमा भएको भेटिन्छ । त्यसै गरी पााचौं र छैटौं सर्गहरूमा कविले क्रमशः सतसठ्ठी र छपन्नवटा श्लोकहरू राखेर **'कानी'** खण्डकाव्यको समाप्ति गरेको पाइन्छ ।

## ४.४. कुलबहादुर खण्डकाव्यको अध्ययन

### ४.४.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

नेपाली साहित्यको खण्डकाव्य विधामा **'कुलबहादुर'** खण्डकाव्यको आफ्नैखालको पहिचान छ । खण्डकाव्यकार भुवनहरि सिग्देलको कुशल काव्यशिल्पीको रूपमा रहेको यस खण्डकाव्यको विषयवस्तु सामाजिक

रहेको छ । काव्यकारले यस खण्डकाव्य तयार पार्ने प्रेरणा अखवारमा प्रकाशित भएको समाचारको कारुणिक भावबाट प्राप्त गरेको बुझिन्छ । वि.सं. २०५६ असार ९ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित समाचारलाई आधार बनाएर **'कुलबहादुर'** खण्डकाव्यको रचना हुन पुगेको पाइन्छ । **'कुलबहादुर'** खण्डकाव्य कारुणिक कथा बोकेको मर्मस्पर्शी खण्डकाव्यका रूपमा नेपाली पाठकहरूका बीच परिचित छ । यसलाई यसरूपमा बाहिर ल्याउन भुवनहरि सिग्देलले मिहिन प्रयास गरेका छन् ।

भोजपुर पूर्वी नेपालको दुर्गम पहाडी जिल्लाको रूपमा चिनिन्छ । त्यही जिल्लाको होम्ताङ गाउाका राई परिवारलाई खण्डकाव्य लेखनको आधार बनाइएको बुझिन्छ । राई परिवारमध्येकै पूर्णबहादुर राईको स्वास्नीसाग झगडा परे पछि उसकी स्वास्नी सानो छोरा भूमि राई र ठूलो कुलबहादुरलाई छाडेर अर्कै केटासाग पोइल जान्छे । स-साना बालकलाई छाडेर पोइल जाने आइमाईको निर्दयता त एकातिर छादै छ त्यसको केही महिनापछि बाबु पनि अर्काको श्रीमतीसाग जोइल जान्छन् । आमा पोइल र बाबु जोइल गए पछि बाध्य भएर नौ वर्षका कुलबहादुर राई आफ्ना सातवर्षे भाइलाई लिएर नियमित रूपले साहुको भारी खेप्न धरान झर्छन् । आफूभन्दा ठूलो भारी तोक्लाङको (भारी अड्याउने एक किसिमको लौरो) भरमा पााच/सात दिन लगाएर भोजपुर पुऱ्याउाछन् । साथमा बाबुआमाले छाडेको सानो भाइ भूमि राईलाई लिएर उनले अभिभावकत्व पनि प्रदान गरेको पाइन्छ । यही समाचार कान्तिपुरमा छापिएपछि भुवनहरि सिग्देललाई खण्डकाव्य लेख्ने प्रेरणा मिलेको पाइन्छ । वाल्यकालमा आमा/ठूलीआमा आदिबाट छन्दमा कविता पढेको सुनी छन्दप्रेमी बनेका सिग्देलले यस घटनालाई छन्दमै सरर वर्णन गरेका छन् ।

कविकै भनाइअनुसार समाचार पढेको रात धेरै बेर निदाउन सकेनन् । उनको मानसले अज्ञात उत्पीडन महसुस गर्न पुग्यो । मनमा विभिन्न विषयहरू तर्कका रूपमा मडारिन पुगे । अनि यो बेचैनीलाई कविले अज्ञात प्रेरणा ठाने र त्यसको तीन दिनपछि अर्थात् असार बाह्र गतेबाट खण्डकाव्य लेखन प्रारम्भ भयो । मात्र राति दशदेखि एघार बजेको समयभित्र लेख्नुपरेकाले यसलाई समाप्त गर्न कविलाई साढे तीन महिना लागेको पाइन्छ । लेखिसकेपछि कुलबहादुर खण्डकाव्यको पाण्डुलिपि पढ्ने काम काव्यमर्मज्ञ एवं स्रष्टा श्रीकमलमणि दीक्षित र कवि रमेश खकुरेलले गरेको पाइन्छ । कविलाई यो काव्य प्रकाशन गर्न दीक्षित र खकुरेलकोरट हौसला र अर्का कवि प्रह्लाद पोखरेलको सक्रिय सहयोग भएको बुझ्न सकिन्छ । अन्त्यमा खण्डकाव्य तयार भएपछि प्रकाशनको सम्पूर्ण पक्ष उन्नयन प्रकाशनले जिम्मा लिएर सहयोग गरेकाले कुलबहादुर खण्डकाव्यले साहित्यिक दुनियाामा यात्रा थाल्न पायो ।

## ४.४.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

विषयवस्तुको प्रस्तुतिका आधारमा हेर्दा प्रस्तुत खण्डकाव्यको कथानक सामाजिक सेरोफेरोमा केन्द्रित छ । पूर्वी नेपालको भोजपुर जिल्लाको होम्ताङ गाउाको पूर्णबहादुर राई र उनका पारिवारका सदस्यहरूसाग यो खण्डकाव्यको विषयले सरोकार राख्दछ । घरपरिवारको कामकार्वाही र त्यसबाट भएको असन्तुष्टिगत कचमच सहन नसकी पूर्णबहादुरकी श्रीमती पोइल गएकी र त्यसको केही महिना पछि आफ्ना साना दुई जना छोरालाई

अर्काकी स्वास्नीसाग जोइल गई बसेको पाइन्छ । यसरी बालक कालमै बेसहारा बनाइएका भूमि राई (७) र कुलबहादुर (९) को सङ्घर्षपूर्ण जीवनकहानी नै कुलबहादुर खण्डकाव्यको प्रमुख विषय हो । यसमा नेपाली जनताको ज्यादै तल्लो स्तरको श्रमजीवी जीवनलाई, जनसाधारणको यथार्थलाई प्रस्तुत गरिएको छ । कामुक स्वार्थवश गरिएको प्रेमान्धताबाट स्वयम् जन्मदाता बाबुआमा पोइल र जोइल गए पछि असहाय बनेका कुलबहादुरको नौवर्षे उमेरमा सात दिनको बाटोमा साहुको भारी बोक्न आाट गर्ने निर्णयले विषयवस्तुलाई कारुणिकताको परिपाकमा पुऱ्याएको छ ।

नाबालक छोराहरूको हेरविचार गर्नुपर्ने दायित्वबाट विमुख बनेका पूर्णबहादुर र उसकी पहिली श्रीमती विपन्नतामा सम्हालिन सक्तैनन् । नेपाली समाजमा पारिवारिक कचिङ्गलका रूपमा रहेको आर्थिक विपन्नता, शिक्षा एवं चेतनाको कमी जस्ता विषयले पारिवारिक विखण्डन निम्त्याउने कुराको स्पष्ट प्रस्तुति यस खण्डकाव्यमा छ । दुःखद् अवस्थाबाट आमा र बाबु दुबैको बहुविवाह हुादा छोराछोरीले यथोचित वातावरण प्राप्त गर्न नसक्ने यथार्थतालाई खण्डकाव्यको विषय बनाइएको छ । भारी बोकेर जीविकोपार्जन गर्ने निर्णयमा पुगेको नौ वर्षको फुच्चे बालक कुलबहादुर आाटको प्रतिमूर्तिझैं लाग्दछ । सातवर्षे चिचिलो भाइलाई अभिभावकत्व प्रदान गर्दै धरान बजारदेखि भोजपुरसम्म भारी बोक्ने कुलबहादुरको हितमा काम गर्ने बालहितकारी संस्था संरक्षक आवश्यक परेका बेला कहाा
लुक्छन् थाहा हुादैन भन्ने आक्रोश विषयगत विस्तारमा पोखिएको छ । आफ्ना काकासागै वर्षासमान पसिना बगाउादै कुलबहादुले भारी बोक्नु समस्त बालअधिकारवादीहरूलाई व्यङ्ग्य गर्नु हो । ओढारमा बास बस्तै भारी बोक्ने असङ्ख्य कुलबहादुरहरूप्रति न्याय गरिनुपर्ने कुराको उठान **'कुलबहादुर'** खण्डकाव्यमार्फत् गरिएको हुनाले विषयवस्तुअनुसार खण्डकाव्यको शीर्षक सार्थक देखिन्छ ।

### ४.४.३. प्रबन्धविधान

**'कुलबहादुर'** खण्डकाव्यको सर्गगत विस्तृति हेर्दा नौवटा खण्ड वा सर्गहरू छन् । विषय वा कथालाई प्रत्येक खण्डमा युक्तिपूर्ण ढङ्गले विन्यास गरेको पाइन्छ । प्रबन्धविधानका दृष्टिले हेर्दा यस खण्डकाव्यमा राम्ररी समन्वय गरेको पाइन्छ । पहिलो खण्डमा कुलबहादुरको कुराको उठान गरिएको छ । यो खण्ड कविद्वारा गरिएको विचारको रूपमा लिन सकिन्छ । कुलबहादुरका बाबुआमाप्रति कविले पोखेका दुःखका शब्दहरू यस खण्डमा छन् । बालक जन्माउने बखत बाबुआमाले सन्तानको सुखद् भविष्यको पनि कल्पना गर्नुपर्ने, मात्र यौनानन्दमा लिप्त भएर सन्तानप्रतिको जिम्मेवारी बिर्सनु नालायकी हो भन्ने चर्चा यस खण्डमा गरिएको छ । पढ्ने र लेख्ने मन हुादाहुादै पनि कुलबहादुर जस्ता व्यक्तिले विद्यालयको ढोकासम्म पनि पुग्न नसक्ने कुरातर्फ कविको सङ्केत छ । दोस्रो सर्गमा प्रबन्धको तन्काइलाई विशेष ध्यान पुऱ्याइएको छ । कान्तिपुरले तस्वीरसहित कुलबहादुरको मन छुने जीवनकहानी छापेपछि आफूलाई असह्य वेदनामा पाएको कविको कुराबाट यो खण्ड

अगाडि बढेको छ । यो संसार चलाउने विधाताले पनि कुलबहादुर जस्ताको रक्षार्थ कुनै प्रयास नगरेको सन्दर्भ उठाई कवि आक्रोश पोख्न पुगेका छन् । दैवप्रतिको आक्रोशलाई उनले यसरी पोखेका छन् :

ठाडो प्रश्न ता दैवतत्त्वसाग हो हे मूक देवेश्वर
मेरो सम्भ्रम मेटिदैन यसमा दे प्रेमले उत्तर
सक्तैनस् यदि मानिसैसरि भए के अर्थ पूजा गरूा
आफ्नै गाास कटाउादै म महङ्गो व्यर्थै अक्षता छरूा ? (२/७)

बालभरिया प्रयोग गरेर आफ्नो काम पूरा गर्ने साहू महाजनप्रतिको असन्तुष्टि पनि यस खण्डमा उत्तिकै छ । यस खण्डमा कवि कुलेलाई होम्ताङमै भेट्ने र उसलाई जन्म दिने पिता र जननीसाग पनि एकपटक भेट्ने मन गर्दै खण्ड तुर्दछन् । खण्डकाव्यको तेस्रो खण्डमा नेपालको सुन्दरताको बारेमा बयान गरिएको छ । यही वर्णनसागै होम्ताङ गाउाको सेरोफेरोको वर्णन गरिएको छ । राई टोलमा बराहको फौज हिाडेको व्याख्या छ । परेवा डुलेका, लौका चिचिन्डा फलेको सुमधुर शब्द चित्रले काव्यात्मक रोचकता थपेको पाइन्छ । पूर्ण राईको हाटबजार डुल्ने स्वभाव र त्यहींबाट उसले प्रथम श्रीमती ल्याएको कुरा यस खण्डमा छ । तिनै श्रीमतीबाट कुलबहादुर र भूमि राई जन्मेको कुरालाई कविले स्पष्टसाग यस खण्डमा उठाएका छन् । तर, मुटुका टुक्राजस्ता छोराहरूलाई तिलजत्ति पनि माया नराखेर एकादशीहाटबजारबाट अर्कै केटीसाग भागेको जानकारी यस खण्डमा छ । तिनै श्रीमतीबाट कुलबहादुर र भूमि राई जन्मेको कुरालाई कविले स्पष्टसाग यस खण्डमा उठाएका छन् । पूर्ण राईले नयाा जीवनसङ्गिनी छानेपछिको प्रसङ्गमा चौथो खण्डको विस्तृति देखापरेको छ । तिनै जीवनसङ्गिनीको लहैलहैमा तिनीहरू धरान झर्छन् । प्रेमप्रणयका कुराहरू गर्छन् । यौनिक क्रियाकलापमा रत्तिन्छन् ।

यसै गरी पााचौ खण्डमा कुले जन्मेको सम्झना पनि गरिएको छ । पूर्णेले कुले गर्भमा रहेको बेला मनमा उठेका झलक यसमा छन् । छैटौं सर्गमा थालनी गर्दा कविले संसारिक अनित्यता तर्फको सङ्केत गरेका छन् । मानवको जीवन क्षणिक भएको दार्शनिक चिन्तन पोखेका छन् । कुले जन्मिादाको क्षणको कल्पनाले यस खण्डमा निरन्तरता पाएको देखिन्छ । कुले जन्मादा ज्वानुमसला, सुत्केरी सरजाम केही नभएको कुरालाई मनका कुनामा उठाएको छ । गरिबको झुपडीमा सम्पन्नताको आभास कहिल्यै नहुने भन्दै फेरि कान्छो छोराको जन्मको याद यस खण्डमा देखाइएको छ । खण्डकाव्यको सातौं खण्डमा पूर्णेलाई गाउा फर्कने सल्लाह दिइएको छ । त्यसरी फर्कादा बाबुआमा पनि जिल्ल पर्नेछन् भनिएको छ । आफ्नो घरवार त्यागी दुःखको बाटो रोज्नु ठीक थिएन भन्ने आर्तिबुद्धिपूर्ण कुरा सातौं खण्डको समाप्तितिर उठाइएको छ । आठौं खण्डको आरम्भ कुलबहादुर र उसको अनुजलाई बिर्सेर पूर्णले ठूलो भूल गरेको प्रसङ्गबाट भएको छ । बाबुआमाबीचको झगडाले घर मसानघाट समान भएको कुरालाई कविले छर्लङ्ग बनाएका छन् । यसै खण्डको एक प्रसङ्गमा बीस पच्चीस वर्षको खलासीसाग कुलेकी आमाको उठबस भएको र बालक कुलेलाई त्यसको अर्थ थाहा नभएको बताइएको छ । दुईटा छोराहरू टुलुटुलु हेर्दै थिए, त्यसैबेला ढोका खोलेर केही पनि नबोली बाटा लागेकी पापिनी आमाको कर्तुत यहाा देखाइएको छ ।

काव्यमा प्रयेग भएका पात्रहरूको गतिविधि र विषयवस्तु घटित स्थान, समय र परिस्थितिको समग्रतालाई परिवेशको रूपमा स्वीकार्ने गरिन्छ । कथावस्तुलाई गतिशील अवस्थामा राख्न काव्यमा परिवेश र वातावरणको महत्त्वपूर्ण भूमिका रहने पक्ष अर्को मुख्य यथार्थ हुदै हो । यसअनुसार काव्यको पात्रको क्रियाकलाप र क्रियाकलापले हुन पुग्ने स्थान, समयलाई आन्तरिक र बाह्रय परिवेशका नामले व्यवहृत गरिन्छ ।

**'कुलबहादुर'** खण्डकाव्यमा प्रयोग भएका बाह्रय परिवेशहरूको अवलोकन गर्दा पहाडी परिवेशको झलक बढी पाइन्छ । भोजपुर जिल्लाको होम्ताङ गाउाको वर्णन यसको परिवेशगत झलक हो । धरानदेखि भोजपुरसम्मको छ/सात दिनको बाटोमा भरियाको रूपमा काम गर्ने कुलबहादुरले दैनिक जसो नाप्दै हिंड्ने भोजपुर-धरानका सेरोफेरो, खोलानाला, उकालिने पहाडपर्वत, वराहक्षेत्र, रोशी, सप्तकोशी, तमोर, मझियाटार, सिम्ले, अरुणपुल, राईघाट, कावानदी भीरपाखा, पिखुवा जस्ता स्थानीय परिवेश छन् । समयको परिवेश हेर्दा रात, साझ, बिहान, टन्टलापुर घाम चर्कने मध्याह्नको समय, तारा उदाए पछिको रात, झमझम झरी परेको कष्टकर समयको झलक यस खण्डकाव्यमा छ । यस्तैखाले बाह्रय परिवेशका अतिरिक्त यस खण्डकाव्यमा आन्तरिक परिवेशको पनि लामै झलक छ । यस काव्यको मुख्य पात्र कुलबहादुरका मनमा थुप्रिएका शोक, दुःख, पीर, वेदना, एक्लोपन, सारा कथा काव्यको आन्तरिक परिवेशको उदाहरणका रूपमा रहेको पाइन्छ ।

पात्रहरूको समुचित  प्रयोगले काव्यमा कथानकलाई डोऱ्याइएको हुन्छ । काव्यका पात्रहरू अनेकथरि भूमिकामा देखा पर्ने गर्दछन् । भूमिकाको रूपमा हेर्दा कोही सक्रिय, कोही निष्क्रिय, कोही प्रत्यक्ष, कोही अप्रत्यक्ष भूमिकामा देखापर्दछन् । त्यस आधारमा हेर्दा **'कुलबहादुर'** खण्डकाव्यमा केही सक्रिय पात्रहरू छन् । 'कुलबहादुर' व्यक्ति विशेषको नाम हो । उसैको नामबाट यस खण्डकाव्यको नामकरण भएको छ । काव्यको केन्द्रीय पात्र कुलबहादुरका अतिरिक्त यसमा अर्को पात्र उसकै भाइ भूमि राई छ । कुलबहादुरको बाबु पूर्ण राई उसकी आमा, काका नाता पर्ने सन्तमान, कुलबहादुरकी आमा फकाउन आउने खलासी, कुलबहादुरकी दोस्री आमा आदि पात्रहरूको चरित्रगत क्रियाकलापबाट यो खण्डकाव्यात्मक स्वरूप तयार पारिएको छ । यसका अधिकांश पात्रहरू सक्रिय भूमिकामा छन् भने खलासी पूर्ण राईकी दोस्री श्रीमती, सन्तमानको भूमिका अरूको तुलनामा अप्रत्यक्ष र निष्क्रिय छ ।

## ४.४.४. भावविधान

खण्डकाव्यलाई पाठकमुखी बनाउन खण्डकाव्यकारले लेखनका क्रममा विशेष सजगतापूर्वक सीपको प्रयोग गरेका छन् । यहाा प्रस्तुत भएको विषयलाई अध्ययन गर्दा यसभित्र प्रायःजसो करुण भाव व्यक्त भएको छ । सात र नौ वर्षका स-साना छोराहरूलाई छाडेर जोइल-पोइल जाने बाबुआमाले बच्चाप्रति देखाएको निष्ठुरभाव पनि यसमा छादै छ । गरिब, निमुखाहरूलाई दुःखमा बाच्न विवश पारी आफू मोजमस्तीमा लाग्ने र जीवनलाई हल्का रूपमा लिनेहरूप्रति आक्रोश पनि पोखिएकाले यस खण्डकाव्यमा विद्रोही भाव प्रशस्त पाइन्छ । कुलबहादुरको बाबु पूर्णबहादुरले श्रीमती चयन गरी घुम्न निस्कादा र पच्चीसवर्षे खलासीले कुलबहादुरकी

आमासाग गरेका रसिक कुराकानीलाई श्रृङ्गरिक भावका रूपमा प्रस्तुत गर्न सकिन्छ । नेतागणले जति ठूला कुरा गरे पनि व्यवहारमा त्यसको प्रयोग शून्य भएको प्रसङ्गमा कतैकतै व्यङ्ग्यात्मक भावलाई पनि यसमा समेटिएको छ ।

कतै-कतै दश महिनासम्म कोखमा बोक्ने, आफ्ना दुग्धधारा चुसाउने, दिनभर भोकै बसेर शिशुहरूलाई अघाउन तम्सने आमाले परपुरुषमा आाखा घुमाउनु विडम्बनापूर्ण घटना भएको कुरो जोडदार रूपमा यहाा उठाइएको छ । परपुरुषको काखमा निद्रा परे पनि निद्रामा कान्छो छोरो भूमि राई नै आउाछ भन्ने उद्गार यहाा व्यक्त गरिएको छ । आमाबाबाबिनाको कुलबहादुर बेलाबेला झस्कादै भाइसाग लपक्क टाासिएर सुत्ने गरेको कथानक प्रबन्धले आठौं खण्डले विश्राम लिएको छ ।

नवौं खण्डमा बाबुआमाबिनाको कुलबहादुर सरसफाइ पनि नभएको, जुम्रा परेको, धरधर रोएर बसेको देखाइएको छ । पितामाताबाट अलग हुनु जिन्दगीमा ग्रहण लाग्नुजस्तै भएको कुरालाई यसमा उठाइएको छ । बााच्नको इच्छा भगवान्ले सबैलाई दिने तर बाााच्न सजिलै नसकिने यथार्थलाई कुलबहादुर मार्फत् देखाइएको छ । त्यसैले नौ वर्षको कुले काका सन्तमानको साथमा लागेर भाइलाई डोऱ्याउादै भारी खेप्न धरान झर्दछ । कुलबहादुरको जीवनको यस्तो दर्दनाक कहानीबाट छाती चर्कने र आाखाबाट आाशु झर्ने यथार्थ कविले यस खण्डमा राखेका छन् । र, अन्त्यमा कविले कुलेको जस्तो करुण कहानी अरू कसैका बारेमा कसैले पनि लेख्न नपरोस् भनेका छन् ।

### ४.४.५. भाषाशैली

**'कुलबहादुर'** काव्यमा प्रयोग भएका शब्दहरू तत्सम, तद्भव र आगन्तुक नै छन् । यसका अतिरिक्त अन्य शब्दहरू आगन्तुक र झर्रा नेपाली छन् । झर्रा नेपाली शब्दहरूको प्रयोगले यस खण्डकाव्यलाई रसिलो फल खाएजस्तो आनन्ददायी बनाएको पाइन्छ । विषयवस्तुको प्रस्तुतिका क्रममा कविले स्वच्छन्दतावादी शैलीलाई अपनाएका छन् । कतै-कतै प्रगतिवादको छनक दिएका छन् । छन्दको प्रयोगको क्रममा परिष्कारवादी शैलीलाई पनि पच्छ्याएका छन् भन्न सकिने प्रशस्त ठाउाहरू छन् । प्रसङ्ग अनुसारका छन्दपरिवर्तन विषयवस्तुअनुसार शैलीमा पृथकता देखिनु खण्डकाव्यको अर्को विशेषता छ । यस खण्डकाव्यलाई तृतीय पुरुषात्मक शैलीमा लेखिएको छ । कुलबहादुर काव्यभित्रका भरिया, कछाड, ढाकर, तोक्लाङ, बाबिया, पत्थर, गदाल, दौरा, चिल्थो, ढिंडो, गुन्द्रुक, धााजा, थााक्रो शब्दले स्थानीय परिवेशका वस्तुहरूको झलक दिएका छन् । यसबाट शैलीगत चमत्कारमा धेरै सहयोग पुगेको छ भन्न सकिने आधार भेटिन्छ ।

### ४.४.६. लय र छन्दविधान

करुण रसप्रधान मानिएको **'कुलबहादुर'** खण्डकाव्य संस्कृतका शास्त्रीय छन्दमा रचिएको काव्य हो । संस्कृतका मात्रिक र वर्णमात्रिक छन्दहरूमा खेल्न रमाउने कवि भुवनहरि सिग्देलले छन्दगत विविधतासागै लयगत अनेकताको स्वाद पाठकलाई चखाएका छन् । यस खण्डकाव्यको विषय जति सशक्त छ, छन्दको प्रयोग र गेयात्मकपनले यसलाई झन उत्कृष्ट कोटीको बनाएको, अन्त्यानुप्रासयुक्त छन्दका श्लोकहरूको यति र गति सागै लयमा मच्चिादा पाठकले अपार आनन्दानुभूति गर्न सक्ने प्रशस्त अवसर यसमा छन् ।

छन्द काव्यको विशेष आकर्षक तत्त्वका रूपमा पर्छ । हुन त छन्द बेगरका काव्यहरू पनि पाइन्छन् तर तिनीहरूको प्रभाव र छन्दका काव्यहरूको प्रभावमा केही फरकपन पाइन्छ । छन्दको वेगशाली प्रभावमा पाठकहरू पत्तै नपाई बहकिन्छन् । फलतः काव्यिक आनन्दानुभूतिमा तिनीहरू लट्ठिन्छन् र अपार आनन्द लिएर सुखपूर्वक रम्छन्, बााच्छन् । काव्य शिल्पीहरूको छन्दप्रयोगको सफलतामा काव्यको पनि उत्थानको सम्भावना बढी हुन्छ । **'कुलबहादुर'** खण्डकाव्यमा शास्त्रीय छन्दहरूका धेरै रूपहरूको प्रयोग गरिएको छ । ती छन्दहरू सर्गअनुसार फरकफरक छन् ।

एउटै सर्गमा पनि फरकफरक छन्दको प्रयोग भएको छ भने कतैकतै एउटा सर्गमा एउटामात्र छन्दको प्रयोग गरिएको छ । कुलबहादुर खण्डकाव्यको प्रथम खण्डमा द्रुतविलम्बित र वसन्ततिलका छन्दहरूको प्रयोग गरिएको छ । यसै गरी दोस्रो सर्गमा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको पाइन्छ । तेस्रो सर्गमा संस्कृत छन्द उपजातिको उपस्थिति रहेको छ । चौथो सर्गमा कविले मणिमाला छन्दको सहायताले विषयवस्तुलाई अगाडि बढाएका छन् । यसै खण्डमा अरू दुईवटा छन्दहरू क्रमशः द्रुतविलम्बित र मन्दाक्रान्ताको प्रयोग गरेका छन् । पााचौं सर्गको प्रस्तुतिमा भुजङ्गप्रयात छन्दको छनौट गरिएको छ । छैटौं सर्गको महत्त्वलाई मालिनीछन्दले बढाएको छ । यसै खण्डमा समावेश शार्दूलविक्रीडित छन्दले मधुरता थपेको छ । सातौं सर्गमा शालिनी छन्द र आठौं सर्गमा स्वागता छन्दहरूको प्रयोग छ । यी छन्दहरूको प्रयोग काव्यरचनाका क्रममा ज्यादै कम पाइन्छ । नवौं सर्गमा प्रचलित संस्कृत छन्दहरू शिखरिणी, स्रग्धरा र वसन्ततिलकाको राम्रो तारतम्य मिलाइएको छ । यसरी हेर्दा छन्द प्रयोगका दृष्टिले यस काव्यमा आफ्नै विशेषता पाइन्छ ।

## ४.४.७. विम्बालङ्कार योजना

**'कुलबहादुर'** खण्डकाव्य सामाजिक विषयवस्तुमा केन्द्रित भएर लेखिएको छ । समाजको सेरोफेरो र सामाजिकताको वर्णनमा आधारित हुनाले यसमा समाजविशेषकै विम्बहरू समावेश भएका छन् । गाउाको वर्णन, खोलानाला, पहाडपर्वत आदिका विम्बात्मक झलकले काव्यलाई सहज पठनीय बनाएको पाइन्छ । भारी बोक्ने डोको, त्यसलाई अड्याउने तोक्लाङ, नाम्लो आदि वस्तुले पहाडी जीवनमा निम्छरा मान्छेका जीवनीलाई विम्बित गरेका छन् । प्रेमको प्रस्तुतिमा कतै रङहरू विम्बित छन् भने सुन्दरता र पवित्रतामा हिमालहरू विम्वका रूपमा आएका छन् ।

अलङ्कार काव्यको गहना हो भन्ने मान्यता साहित्यमा रहिआएकै पाइन्छ । त्यस मान्यताले हेर्दा यस काव्यमा विभिन्न अलङ्कारहरू प्रयोग भएको पाइन्छ । उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, अर्थान्तरन्यासलगायतका

अलङ्करहरूले काव्यलाई चिरिच्याट्ट पारेको छ । प्रस्तुत काव्यमा प्रयोग भएको उपमा अलङ्कारको उदाहरण यसरी प्रस्तुत गरिन्छ :

आमा थिइन् घर थियो सब मर्किँयो त्यो
बाबा थिए अब शिशासरि चर्किँयो त्यो
आशा थियो ललित पङ्कजझैं खुलेको
पढ्ने थियो रहरका लहरा झुलेको ॥ (१/७६)

### ४.४.८. सर्गयोजना :

समग्र **'कुलबहादुर'** खण्डकाव्यको आकारलाई हेर्दा यसको विषयवस्तु छयहत्तर पृष्ठमा फैलिएको पाइन्छ । कविले विषयवस्तुको विभिन्न खण्डमा वा सर्गमा विश्राम गराउादै जम्मा नौवटा सर्गहरूको निर्माण गरेका छन् । यस खण्डकाव्यमा विभिन्न छन्दहरूका चार सय उन्नाईसवटा श्लोकहरू समावेश गरिएका छन् । सर्गअनुसार श्लोकसङ्ख्या हेर्दा प्रथम सर्गमा चौरासी श्लोकहरू, द्वितीयसर्गमा छयालीस, तृतीय सर्गमा चवालीस, चतुर्थ सर्गमा पचास र पााचौ सर्गमा उनन्चालीस श्लोकहरू रहेका छन् । छैटौं सर्गमा विषयवस्तुलाई एकतीस श्लोकमा प्रस्तुत गरिएको छ । सातौं र आठौं सर्गहरू क्रमशः तेत्तीस र त्रिचालीस श्लोकहरूका छन् भने अन्तिम सर्ग अर्थात् नवौं सर्गमा कुल उनान्चास श्लोक सङ्ख्या भेटिन्छ । श्लोक सङ्ख्याका आधारमा हेर्दा **'कुलबहादुर'** खण्डकाव्य लामो आकारको सर्गबद्ध, विषयगत परिधि समेटिएको काव्य नै देखिन्छ ।

## ४.५. 'डल्ले' खण्डकाव्यको अध्ययन

### ४.५.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन तथा प्रकाशन)

एक जना श्रमिकको जीवनमा आधारित भएर लेखिएको **'डल्ले'** खण्डकाव्य भुवनहरि सिग्देलबाट लेखिएका खण्डकाव्य कृतिहरूमध्ये पााचौं हो । नेपाल मुलुकको मध्यमाञ्चल विकास क्षेत्रको बाग्मती अञ्चलअन्तर्गत पर्ने धादिङ जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने गजुरी बजारारमा ज्यालादारी काममा भुलिंदै आएको एकजना बेसहारा डल्ले विश्वकर्माका बारेमा गजुरी ब्यारेकका तत्कालीन क्याप्टेन ज्योति खड्काको मुखबाट सिग्देलले धेरै कुरा सुनेपछि उनको मनमा केही कुरा लेख्ने प्रेरणा जाग्यो । आफ्नो भन्ने एक पाइलो जमिन नभए पनि ऊ जीवनबाट विरक्तिंदैन । ऊ कसैको छाप्रो वा रूखमुनि नै जीवन गुजारा गर्दछ । डल्लेका कोही पनि नभएका भने होइनन् तर गरिबीका पछाडि लागेर उसलाई कसैले साथ दिएनन् । डल्लेकी श्रीमती चार महिनाको छोरो छाडेर अन्यत्रै लागी । डल्लेले बजारबजार डुलेर त्यो दूधमुखे शिशुलाई हुर्कायो, बढायो । मातृहृदयमा संवेदनाका गिर्खासम्म नपाइए पनि पितृहृदय पग्लेको यस क्षणको विम्बलाई लिएर काव्यमा वाणी भर्ने काम सिग्देलले गरेका छन् ।

यसै प्रसङ्गमा कोरिएका कविताका केही पङ्तिहरूलाई कविले वि.सं. २०५८ पुसमा गजुरी ब्यारेकमानै ज्योति खड्कालाई सुनाए । तत्काल डल्लेलाई डाक्न पठाएर खड्काले डल्लेलाई कविको अगाडि खडा

गराइदिए । त्यस भेटबाट थाहा पाएका कुराहरू थपी खण्डकाव्यले पुस्तकाकार रूप प्राप्त गऱ्यो । यसरी वास्तविक विषयवस्तुलाई टपक्क टिपी काव्यसिर्जना गरेर कविले आफ्नो प्रतिभाको परिचय दिन सफलता प्राप्त गरे । यस खण्डकाव्यको प्रकाशन गर्न आवश्यक आर्थिक खङ्कलन गरेर आफ्नो नामसम्म नबताई सहयोगको हात बढाउने पाठकका लागि अज्ञात व्यक्ति र प्रकाशनको जिम्मेवारी लिइदिने आाखा प्रकाशनले गर्दा **'डल्ले'** एउटा पठनीय खण्डकाव्यका रूपमा बाहिर आउन सफल भएको पाइन्छ । एउटा भरिया, श्रमिक वा मजदूरको जीवन कहानीमा आधारित यो सामाजिक खण्डकाव्य अति नै प्यारो कृतिका रूपमा पाठकहरूका बीच परिचित छ ।

### ४.५.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

खण्डकाव्य लेखनमा गहिरो रुचि राख्ने साहित्यकार भुवनहरि सिग्देलले यसको विषय सामाजिक घटनालाई बनाएका छन् । धादिङ जिल्लाको भौगोलिक रूपमा दक्षिणी क्षेत्र पृथ्वीराजमार्गको छेउमा पर्ने कुम्पुर गाउाको गरिब र दलित भनेर चिनिने डल्ले विश्वकर्माको दिनचर्या नै **'डल्ले'** काव्यको विषय रहेको छ । डल्लेको बाल्यकालपछि गजुरी बजारतिरको बसाइा सराइ, कुनै समकक्षी कन्याका साथ भएको विवाह, विवाहका लागि गरिएको दुःखजिलोको तयारी, नयाा श्रीमतीसागको केही समयको रमाइलो उठबस, छोराको जन्म, गरिबीले छट्पटिनु पर्दाको पीडा, राम्रोसाग खानलाउन नपाउादा श्रीमान् र मुटुको टुक्रा स्वरूपको छोरो समेतलाई छाडेर अर्कै व्यक्तिसाग जाादाको विरह लाग्दो वर्णनले काव्यलाई गहन बनाउन मद्दत गरेको छ । बााच्नकै लागि जीवनमा गर्नुपर्ने सच्चा सङ्घर्षको कहानी **'डल्ले'** काव्यमा देखाइएको छ । डल्लेले आफ्नो चारमहिने शिशुलाई पिताको ममता खन्याएर हुर्काएको प्रशंसनीय कहानी, लोकदुनियाामा सबैलाई खुसी पार्न झर्को नमानी काममा खट्ने बानीलाई काव्यमा विषयवस्तुगत प्रयोगका रूपमा देखाइएको छ । देशमा राजनीतिक परिवर्तन आए पनि, सत्ता चलाउने दल र नेता फेरिए पनि गरिबको दिन नफर्केको तर्फ कवि केही विद्रोही बनेर प्रस्तुत भएका छन् । डल्लेजस्ता हजारौं दलित एवं गरिबहरूको जीवनस्तर उठाउन राज्यपक्ष गम्भीर भएर लाग्नुपर्ने सल्लाह र सुझावसहित खण्डकाव्यको समाप्ति गरिएको छ । सानो त्यान्द्रोलाई टिपेर कविले आफ्नो शिल्पीलाई प्रयोग गरी पठनीय काव्य बनाएका छन् । खण्डकाव्यको केन्द्रीय पात्र डल्लेकै नाम प्रयोग गरी काव्यको नामकरण गर्नुले यो खण्डकाव्य नायकप्रधान एक उत्कृष्ट काव्य बन्न पुगेको छ ।

### ४.५.३. प्रबन्धविधान

भुवनहरि सिग्देलको खण्डकाव्य रचनाक्रमको पााचौं खुड्किलोका रूपमा रहेको **'डल्ले'** खण्डकाव्यमा आफ्नैखालको प्रबन्धविधान रहेको पाइन्छ । कथानक सिलसिलाबद्ध क्रममा उनिएर खण्डैपिच्छे युक्तिपूर्ण तबरले रहेको अवस्था खण्डकाव्यमा देखापरेको छ । प्रबन्धात्मक तन्काइका तबरले रहेको अवस्था खण्डकाव्यमा देखापरेको छ । प्रबन्धात्मक तन्काइका क्रममा प्रथम खण्ड प्रथम श्लोकमा नै “डल्ले कुम्पुर गाउाको सकसले वोल्र्यो त्रिशुलीवर .............” भनेर डल्ले गजुरी झर्नाको कारण देखाइएको छ । आमाबाबु नदेखेको र

जन्मैदेखि दुःखी डल्लेलाई आफू जन्मेको मितिको हेक्का छैन । डल्लेको प्रायः जीवन गजुरी बजारमा बितेको कुरा काव्यको यस खण्डमा प्रस्तुत गरिएको छ । यस खण्डकाव्यको दोस्रो खण्डमा डल्लेको विवाहको चर्चा गरिएको छ । उसको बिहे अरूको भन्दा बेग्लै किसिमले भएको, बाजा नबजाइएको, जग्गे नबनाइकन अन्मेको, बेहुलीका लागि अनेकथरि वस्त्रपरिधान नलगिएको कुराको सुन्दर र यथार्थ वर्णन काव्यको प्रबन्धअन्तर्गत पर्दछ । यस खण्डमा धनीहरूको विवाह कसरी गरिन्छ भन्ने छनक दिंदै गरिबको विवशतालाई शाब्दिक चित्रणद्वारा स्पष्ट पारिएको छ ।

न विशेष उपस्थिति, न तामभामका साथ गरगहना र भतेर तैपनि गरिबको विवाह भइछाड्यो भन्ने जानकारी द्वितीय खण्डमा छ । सुहागरात मनाउन पनि डल्लेले अर्काले दिएको खरको झुप्रो प्रयोग गरेको छ । यो उसको बाध्यता हो । दाताकै गोठमा समय बिताउादै डल्ले आफ्नो कर्म अगाडि बढाउाछ । तेस्रो खण्डमा डल्ले सुत्ने कटेराको जीर्ण कहानी छ । जस्तै दुःखमा पनि सुखसाथ बााचेको कल्पनामा रमाएको छ । दुनियााले जति सम्पन्नतापूर्वक जीवन बिताउन पाएपनि डल्लेको जीवन दुःखका भुमरीमा पात घुमेझैं घुमेको छ । कविले यसै खण्डमा कर्मयोगी डल्लेलाई केही नहोस् भन्ने कामना गरेका छन् । दिनभरि नानाथरि काममा खटिनुपरे पनि रातको फुर्सदमा डल्ले श्रीमतीसागको प्रणयसुखमा रमाउन भने बिर्सादैन । श्रीमती गर्भवती हुन्छे । ऊ क्षमताले भ्याएसम्म खानपानको व्यवस्था गर्दछ र श्रीमतीलाई माया दिन्छ । आफ्नो भावी सन्तान पुत्र नै होस् भन्ने कामना डल्लेले मनमनै गरेको छ । खण्डकाव्यको चौथो खण्डमा सांसारिक दुःखसुखको चर्चाबाट कथानक अगाडि बढेको छ । गजुरी बजारमा डल्लेको परिचय नै कामले गराइदिएको हो । अनेकन गोता खाएर डल्लेले भावी प्रसूतिको खानपानको व्यवस्था मिलायो । श्रीमतीले छोरा नै पाउादा डल्ले प्रफुल्ल छ र भन्छ - “सुपुत्र मेरो युवराजतुल्य छ ।” तर, आइमाईले राम्रो लाउन र मीठो खाने इच्छा राख्छन् । यदि त्यस्तो नभएमा आफ्नो लोग्नेलाई नामर्दको दर्जामा राख्ने कुराको जानकारी डल्लेकी श्रीमतीको सोचबाट गराएका छन् । एक बिहान डल्ले काममा गएपछि बालक छोरो सुतिरहेको बेलामा डल्लेकी श्रीमती एक्लै बाटो तताउाछे । मातृवात्सल्यलाई तिलाञ्जली दिएर हिंडेकी पापिनी आमा भौतिक सुखको खोजमा भौंतारिन्छे । त्यस पछिका दिनमा डल्लेले छोरो हुर्काउन पाएको दुःखलाई यसै खण्डमा देखाउने प्रयास गरिएको छ ।

पााचौ खण्ड डल्लेको अश्रुपूर्ण अवस्थाको झलकबाट सुरु गरिएको छ । ऊ पुत्रलाई आगालेर म्वाइा खान्छ । छोरालाई बोकेर पसलपसल चहार्छ र दूध मागेर खुवाउाछ । उसको त्यो स्थिति देखेर मानिसहरूले उसलाई पुनः बिहे गर्ने सल्लाह दिएको, कसैकसैले केटी पाउन गाह्रो हुने भनी गरेको चर्चा यहाा छ । छोराले कमिजमै दिसा गरेर दुःख दिंदा पनि डल्ले अपनत्वले खुसी हुन्थ्यो । त्यस्तो शिशुलाई देशले आशीर्वाद दिनुपर्ने कुरा कविले यसै खण्डमा उठाएका छन् । छैटौं खण्डको प्रारम्भ डल्लेले गजुरी बजारमा देखाउने कर्मशील जीवनबाट गरिएको छ । डल्लेले शुद्ध श्रम बेच्यो, पसिनाको कमाइ खायो, कुनै भ्रष्टाचार गरेन, कसैलाई नमिठो बोलेन भन्ने सन्दर्भले छैटौं खण्डमा स्थान पाएको छ । धनी र उच्चस्तरका नेताहरू एकातिर भ्रष्टाचार गर्छन् भने अर्कातिर डल्ले श्रमजीवी मजदूर हो, ऊ शुद्ध श्रमको मूल्यमा बााच्न रुचाउाछ । तर, एकपटक कुनै पसलमा जाादा डल्लेलाई कोकको सिसी चोर्न आाटेको आरोप लाग्छ । यस्तो आरोपबाट

डल्ले मर्माहत बन्दछ, मजदूर नै भए पनि प्रतिष्ठामा आाच आएको महसूस गर्दछ । डल्ले नैतिकतालाई सबैभन्दा मूल्यवान् सम्पत्ति ठान्दछ ।

नेपालमा बस्ने कैयौं विदेशीले पैसाको भरमा नेपाली नागरिकता लिइसकेको कुरा सर्वत्र छ तर बिचरो डल्ले नेपालकै राजधानी नजिक जन्मेर पनि नागरिकताबिना लर्खराउन विवश छ । चोरको आरोप पनि लाग्नु र नागरिकता पनि नहुनाले डल्लेलाई जीवनदेखि नै वितृष्णा पलाएको बताइएको छ । डल्ले भित्रैदेखि रुन्छ । कविले अन्त्यमा आ-आफ्नो जीवन आ-आफूले भोग्नुपर्ने हुन्छ भन्दै जीवनमा कालो दाग लाग्न खोजे आफैं जोगिनुपर्नेतर्फ सङ्केत गरेका छन् । छैटौं सर्गको अन्त्यमा कवि स्वयंले मन्तव्य राखी डल्लेप्रति सहानुभूति प्रकट गरेका छन् ।

खण्डकाव्य जीवनको कुनै एक पाटोसाग सम्बन्धित विधाका रूपमा चिनिन्छ । खण्डकाव्यमा पात्र थोरै परिवेश र वातावरणको समुचित उपस्थिति देखाइएको हुन्छ । '**डल्ले**' खण्डकाव्यमा भुवनहरि सिग्देलले उनका यसपूर्वका खण्डकाव्यमाझैं ग्रामीण परिवेशका साथै थोरै मात्रामा सहरी झलकका रूपमा गजुरी बजारको चर्चा गराएका छन् । कथावस्तुलाई गति प्रदान गर्न यहाा प्रयोग गरिएका वातावरण र परिवेशले मद्दत गरेको छ । यस खण्डकाव्यमा वागमती अञ्चल अन्तर्गतको धादिङ जिल्ला, धादिङ भएर राजधानी र पोखरासम्म फैलिएको पृथ्वीराजमार्ग, कुम्पुर गाउा, त्रिशूली नदी, त्यहााको सलल बग्ने कञ्चन पानी, वरको रूख, गोठ, छाप्रो, गाईभैंसीको भकारो, चर्पी आदिको प्रयोग गरिएको पाइन्छ । आन्तरिक परिवेशका रूपमा खण्डकाव्यको प्रमुख पात्र डल्लेका मनमा उठेका शोक, विरह, वेदना, एक्लोपन, दिक्दारी विरक्तिजस्ता अवस्था देखाइएको छ । विभिन्न मनोदशाले डल्लेको मन खलबलिएको परिवेश सिर्जना भएको छ । एउटा व्यक्तिका जीवनमा पर्ने दुःखद् घटनाका श्रृङ्गलाहरूले मन कतिसम्म द्रवित हुन्छ भन्ने कुरा डल्लेको मानसिक उथलपुथलबाट थाहा हुन्छ ।

पात्र कुनै पनि सिर्जनात्मक कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष भूमिकामा देखापरेको पाइन्छ । साहित्यिक रचनाहरूमा प्रयोग हुने पात्र एउटै पनि हुन सक्छ र धेरै पनि । पात्र कथावस्तु अनुसारको गतिविधिमा सक्रिय भएको पाइन्छ । त्यस्तै सक्रियताका आधारमा हेर्दा यस खण्डकाव्यमा मुख्य भूमिका '**डल्ले**' को छ । यही पात्रको नामबाट कृतिको शीर्षकीकरणसमेत भएको छ । तृतीय पुरुषप्रधान शैलीमा लेखिएको यस खण्डकाव्यमा प्रत्यक्ष र अप्रत्यक्ष भूमिकामा डल्लेका अतिरिक्त अरू पात्रहरू पनि छन् । ती पात्रहरूमा डल्लेकी श्रीमती, डल्लेको छोरो आकाश, रत्नमाया (११७ मा उल्लेख) आदिको चर्चा छ । यी पात्रहरू कोही सक्रिय छन् त कोही निष्क्रिय छन् । यिनका प्रयोगले काव्य सुन्दर देखिएको छ ।

## ४.५.४. भावविधान

कवि भुवनहरि सिग्देलको **'डल्ले'** खण्डकाव्य यथार्थवादी, प्रगतिवादी, आदर्शवादी भाव र सामाजिक दार्शनिक चेतले भरिएको पाइन्छ । खण्डकाव्यमा प्रयोग भएको विषयगत सिलसिला करुण भावसाग बढी नजिक छ । तर, यसमा अन्यान्य प्रसङ्गमा धेरैखालका भावानुभूति पाठकहरूले गर्न सक्छन् । डल्लेको पारिवारिक अवस्था र दुःखद् जीवन कारुणिक भाव बोकेर देखापरेको छ भने विवाह गर्दाको भाव रमाइलो र सुखद् छ ।

श्रीमतीसागको प्रणय सुखमा रमाएको डल्लेको कहानी श्रृङ्गारिक भावमा झल्किएको पाइन्छ । देशको जिम्मा लिएर केही गर्छु भन्ने नेताहरूले डल्लेजस्ता बेसहारालाई नागरिकतासम्म दिन नसकेको प्रति तीव्र व्यङ्ग्य गरिएको छ । डल्लेले आमाले छाडेर गएको चार महिनाको छोरालाई पसलपसलबाट दूध मागेर ख्वाएको कुराले खण्डकाव्यमा वात्सल्यभाव झल्काएको महसुस हुन्छ । यस्तैखालका शोक, विरह, करुण, व्यङ्ग्य, विद्रोह, रोमाञ्च, श्रृङ्गारिक भावबाट डल्ले खण्डकाव्य बढी गहन र पठनीय भएको पाइन्छ । विभिन्न खालका भावगत स्वाद पस्किएर पाठक तान्न सक्नु काव्यकारको पूर्ण सफलता मानिन्छ ।

### ४.५.५. भाषाशैली

भाषाशैलीलाई लिएर यस काव्यको चर्चा गर्दा यसमा केही बढी तत्सम शब्दको प्रयोग भएको पाइन्छ । कुचमणि, नृत्याङ्गना, जघन, वामाङ्गना, दारुण्य, मधुनिलय, शीत्कार, कुचकलश, उटज, कामिनी जस्ता शब्दहरूले काव्यको रसास्वादनमा केही जटिलता थपेको पाइन्छ । तथापि, यस काव्यभित्र तद्भव, आगन्तुक शब्दहरू पनि छन् । केही झर्रा नेपाली शब्द र अनुकरणात्मक शब्दहरू चादुवा, खरु, जन्ती, गउन, छिट, मजेत्रो, चौबन्दी, र समस, कटकट, खटखट, मुसुमुसु, हुलुहुलु, घिनघिनघिन, लटपट जस्ता शब्दले काव्यलाई उत्कृष्ट कोटीको बनाएको छ । शैलीगत पाटोलाई कोट्याउादा परिष्कारवादी, स्वच्छन्दतावादी र प्रगतिवादी शैलीलाई यस खण्डकाव्यभित्र समेटिएको पाइन्छ ।

### ४.५.६. लय र छन्दविधान

छन्दको प्रयोग गरेर लेखिएको यस खण्डकाव्यमा मिठो लयको आभास हुन्छ । शब्द र वाक्यखण्डहरूको समुचित विन्यासले यसको लयलाई मधुर बनाएको छ । लयका विभिन्न स्वाद लिएर काव्यभित्रको मिठासमा पाठकले पेटभरि पौडी खेल्न पाउाछन् ।

डल्लेको जीवन भोगाइलाई बडो सिलसिबद्ध किसिममले प्रस्तुत गरिएको **'डल्ले'** खण्डकाव्यमा खण्डकाव्यकारले विभिन्न छन्दहरूको प्रयोग गरेका छन् । यस खण्डकाव्यको प्रथम खण्डमा शार्दूलविक्रीडित, दोस्रो खण्डमा शिखरिणी र तेस्रो खण्डमा स्रग्धरा र भुजङ्गप्रयात छन्दको प्रयोग गरिएको छ । चौथों खण्डमा उपजाति र वंशस्थ छन्दको संयोजन छ भने पााचौं खण्डमा चित्रलेखा छन्दको प्रयोग छ । चित्रलेखा छन्द प्रयोगका हिसाबले केही नौलो झैं लाग्दछ । पााचौं खण्डमा शार्दूलविक्रीडित छन्दको प्रयोग पनि छ । यस खण्डकाव्यमा रहेको अन्तिम अर्थात् छैटौं खण्डमा वसन्ततिलका छन्द र मन्दाक्रान्ता छन्दको प्रयोग भएको छ । वाक्यमा भएको छन्दगत विविधताले यसलाई पठनीय पारेको छ । यसर्थ काव्य पाठकीय ध्यानाकर्षणमा सफल छ ।

### ४.५.७. विम्बालङ्कार योजना

ग्रामीण क्षेत्रको एउटा असहाय गरिब मजदूरको जीवनीमा केन्द्रित भई लेखिएको **'डल्ले'** खण्डकाव्यमा विभिन्नखालका विम्बहरूले स्थान पाएका छन् । प्राकृतिक, सामाजिक, राजनीतिक लगायतका विभिन्न क्षेत्रका विम्बहरू, साँझ, बिहान, दिउँसो, रातका कालिक विम्बहरू पनि यस खण्डकाव्यमा समावेश भएका छन् । अलङ्कारलाई काव्यको आभूषण मानिन्छ । अलङ्कारको प्रयोगका दृष्टिले पनि यस काव्यमा विविधता पाइन्छ । प्रकृतिको चित्रणमा स्वाभावोक्ति अलङ्कारको झलक मिल्छ भने अन्य अलङ्कारहरू उपमा, अर्थान्तरन्यास, दृष्टान्त, रूपक, उत्प्रेक्षा, आदि प्रयोग गरिएका छन् । विम्बालङ्कारको प्रयोगमा कविले यस खण्डकाव्यमा विशेष ध्यान पुऱ्याएका छन् । जसमध्ये उत्प्रेक्षा अलङ्कारको उदाहरण यसरी प्रस्तुत गरिन्छ :

वसन्तको मादकता गुराँसको
मनोरमा सुन्दरता पलाँसको
गुलाफले जग्मगता दिएपछि
मनोहरा बालक पो बनेछ कि !

### ४.५.८. सर्गयोजना

भुवनहरि सिग्देलले आफ्नो पाँचौं खण्डकाव्यका रूपमा नेपाली साहित्यमा ल्याएको **'डल्ले'** खण्डकाव्यमा छवटा सर्गहरू रहेका छन् । श्लोकहरूको सङ्ख्या गणना गर्दा यसमा तीन सय तेईस श्लोक भेटिन्छन् । सर्गगत आधारमा हेर्दा पहिलो सर्गमा छब्बीसवटा श्लोक छन् । खण्डकाव्यको दोस्रो सर्गमा पचपन्नवटा कविता पङ्तिहरू छन् । तेस्रो सर्गमा पनि पचपन्नवटा पङ्तिहरू समावेश भएका छन् । काव्यको चौथों सर्गमा सत्तरीवटा श्लोकहरू छन् । गरिबीको ज्वलन्त कथालाई प्रस्तुत गरिएको यस काव्यको पाँचौं सर्गमा अठ्चालीसवटा श्लोकहरू छन् । खण्डकाव्यको अन्तिम सर्ग अर्थात् छैटौं सर्गमा रहेका श्लोकहरूको सङ्ख्या उनान्सत्तरी छ । यसरी यस खण्डकाव्यमा खण्डकाव्यकारले बडो सुझबुझका साथ छ सर्गभित्र डल्लेको पीडादायी जीवनलाई चित्रण गरेका छन् ।

## ४.६. 'समयचक्र' खण्डकाव्यको अध्ययन

### ४.६.१. कृतिगत सन्दर्भ (प्रेरणा, लेखन र प्रकाशन)

भुवनहरि सिग्देलले एक दशकको समयभित्र लेखेका विभिन्न खण्डकाव्य कृतिहरूमध्ये सबैभन्दा पछिल्लो खण्डकाव्य '**समयचक्र**' हो । आफू बसिरहेको ठाउँमा जब वातावरण अनुकूल बन्दैन तब त्यस्तो ठाउँमा  अरू लामो समयसम्म बसिरहनु राम्रो मानिदैन भन्ने उक्तिलाई कविले आफ्नो प्रेरणास्रोत मानेर यो काव्य लेखेको पाइन्छ । आजको एक्काईसौं शताब्दीमा मानवहरूबाट बिस्तारै मानवीयता हराउँदै गएको हुनाले आपसमा मित्रताको साटो शत्रुता र मिलनको साटो बिछोड र वैरभाव बढिरहेको पाइन्छ । यस्तै विषय परिस्थितिमा गुज्रादै

आएका खण्डकाव्यकारले भौतिकवादी दुनियाामा मानवीयता पातलिादै गएको सन्दर्भलाई काव्यलेखनको प्रेरणाको रूपमा लिएको पाइन्छ ।

**'समयचक्र'** खण्डकाव्यको रचना वि.सं. २०६४ मा भएको पाइन्छ । यस खण्डकाव्यको रचनाका बारेमा खण्डकाव्यकारले स्पष्ट रूपमा कतै पनि उल्लेख नगरे पनि उनीसागको कुराकानीका क्रममा जानकारी प्राप्त भएअनुसार यस खण्डकाव्यको रचना तीन/चार महिनाको समयावधिमा भएको हो र त्यसपछि रचना थालनी भएकै वर्ष अर्थात् २०६४ सालमा यसलाई प्रकाशनको तयारी गरिएपछि चैत्र महिनामा यो कृति पुस्तकाकार कृतिका रूपमा बाहिर आउन सकेको देखिन्छ । देउती शर्मा सिग्देल प्रकाशक रहेको यस पुस्तकको प्रथम प्रकाशन एक हजार प्रति भएको पनि थाहा हुन्छ ।

## ४.६.२. विषयवस्तुगत विचार र शीर्षकीकरण

**'समयचक्र'** खण्डकाव्य भुवनहरि सिग्देलको एक दशकको लामो खण्डकाव्य यात्राको अन्तिम वर्ष वि.सं. २०६४ मा प्रकाशित कम कथानक र बढी भावानात्मक विषयवस्तु समेटिएको काव्य हो । कविले यस खण्डकाव्यमा आफ्नै जीवनयापनका क्रममा बिताएका विविध आरोहावरोहहरूमध्ये बसाइका क्रममा तत्जनितस्थानहरूमा व्यहोरेका तीतामीठा प्रसङ्गहरूलाई मनमा उरालेर कलमका सहायताले खण्डकाव्यको रूप दिएका छन् । यस काव्यमा विषयवस्तुगत विस्तृती झिनो छ तापनि त्यही झिनो विषयलाई अनुभूतिको रङ्ग लगाउादै सुन्दराकृतिका रूपमा पाठकसामु बुझाउने प्रयास गरेका छन् । यस खण्डकाव्यमा कविले आफ्नो पुरानो ठाउा अर्थात् जन्मस्थल काठमाडौं उपत्यकाको पश्चिमी भन्ज्याङ बाडभन्ज्याङकै छेउमा रहेको दहचोकको प्राकृतिक सुन्दरता, त्यहााका वनपाखा, खोलानाला, साथीसङ्गी, खेतबारी, मेलापात, चराचुरुङ्गी आदिको सम्झना बडो गहिरोसाग गरेका छन् । तर, यी चीजहरूको सुन्दरताभित्र पनि असुन्दर अर्थात् खराब पक्षहरू पनि भएका र त्यस्ता खराब पक्षबाट शान्त रहन आफूले पुरानो स्थान दहचोक छाडेर ललितपुरको पाटनसम्म बसाइा सरेको कुरो कलात्मक ढङ्गबाट देखाएका छन् । समयको आरोहावरोहमा आइपर्ने हरेक समस्यासाग मानिसले भिड्नुपर्ने बाध्यता आइपर्छ । त्यस्तै अनुभवलाई कविले काव्यमा यसरी लेखेका छन् ।

जन्मभूमि छुटेको यो
    आरोह अवरोहको
तालबेतालको गीत
    बजेको लोभ मोहको ।(१/२७)

यसरी खण्डकाव्यकारले आफ्नो जीवनमा आइपरेका घटनामध्ये बाससाग सम्बन्धित घटनालाई लिएर रचेको यस काव्यको शीर्षक **'समयचक्र'** खासै नसुहाउादो छैन । चक्र घुम्छ र समयको फन्कोमा धेरैतिर घुम्न पुगेका कविले आफैाले हेरेर यसको शीर्षक छानेको पाइन्छ । त्यसैले यसको शीर्षकीकरणमा टिप्पणी गर्नुपर्ने अवस्था देखिादैन ।

### ४.६.३. प्रबन्धविधान

**'समयचक्र'** खण्डकाव्यको प्रबन्धात्मक संरचना सिग्देलका अन्य खण्डकाव्यहरूमा भन्दा पृथक पाइन्छ । क्षीण कथावस्तुमा यस खण्डकाव्यात्मक विस्तृतिले स्थान ओगटेको पाइन्छ । उनका अरू खण्डकाव्यहरूको विषयवस्तु सामाजिक भए पनि यसमा बेग्लै विषयलाई उठान गरिएको छ । मान्छेको जीवन सुखदुःखको सङ्गम हो । यिनै विषयमा मान्छेले अनुभव सागाल्न पुग्दछ । यस खण्डकाव्यमा कविले आफन्तहरूबाट केही पर बसाइ सर्दाको अनुभवलाई प्रयोग गरेका छन् । **'समयचक्र'** खण्डकाव्यको पहिलो सर्गमा कविले 'कविता' लाई सम्बोधन गरेर भावनाको निकासलाई आफूले चाहेअनुसार सरर व्यक्त गर्न सकू भन्ने आशय व्यक्त गरेका छन् । कवितासागको नाता गहिरो भए आफू कार्य गर्न सफल हुने आत्मविश्वास कविले व्यक्त गरेका छन् । खण्डकाव्यको दोस्रो खण्डमा कविले विषय वस्तुलाई कोट्याउने प्रयास गरेका छन् :

आरम्भ गर्दछु म यो रसिलो कहानी
घोटेर काव्यरसमा भरिलो भवानी
आवासको कटु विलक्षण रूपरेखा
आफ्नो अलग्ग इतिहास र कर्मरेखा ।(२/१)

आफ्नो प्यारो जन्मभूमि दहचोक सधैं प्यारो हुने कुरा कवि स्वीकार्दछन् । त्यहााको उन्नत माटो र प्राकृतिक सुन्दरता नै जन्मभूमिका आकर्षक पक्ष हुन् । पुरानो संस्कृति, ब्राह्मणहरूको रुद्रीचण्डी पढ्ने संस्कार कवि प्रफुल्ल मनले सम्झन्छन् । त्यसै ठाउामा दुःखपूर्वक एउटा घर बनाएर जीवनरथलाई अगाडि घाचेट्दै दिन बिताएको पूर्वदीप्तिमा कवि हराएका छन् । कविले बसिरहेको ठाउालाई चटक्क छाडेर अर्कै ठाउामा सर्दाको पीडा त महसुस गरेका छन् । तर, पनि उनी जन्मभूमि छाडेर अन्त गएपछि सरेको ठाउामा छरछिमेक अवश्य बन्दछन् भन्नेमा पूर्ण विश्वस्त छन् । आफ्नै छुरो रगतमा जब विनाशरूपी कीरा पर्दछन्, त्यस्ता कीराले जब दुर्गन्ध फैलन मद्दत गर्दछन् अब त्यस्तो दुर्गन्धित वातावरणबाट नाक छोपेर भाग्नुभन्दा अर्को विकल्प हुादैन । खण्डकाव्यको तेस्रो खण्डमा कविले आफ्नो पुरानो पुस्ताको आचरण ठीक भएको, तिनीहरूको कामकार्वाही प्रशंसनीय भएकोमा गर्व पनि गरेका छन् । तर, वर्तमान पुस्तामा व्याप्त स्वेच्छाचारिता, भौतिकवादी सोचमा विरक्तिसिवाय केही नभेटिने तथ्यलाई चिन्तनपरक ढङ्गबाट कोट्याएका छन् ।

खण्डकाव्यको चौथो खण्डमा  कविले विभिन्न दृष्टान्त दिादै आफ्नो छनोट सही भएको कुरा अगाडि सारेका छन् । आफू पानी जस्तै निर्मल भएको, जसरी पानीले आफ्नो बाटो आफैं निर्धारण गर्दछ त्यसरी आफू पनि आफ्नो इच्छानुसार चल्न सक्नेतर्फ कविको जोडदार अभिव्यक्ति आएको पाइन्छ । आफूले दुःख गरेर बनाएको घरमा धमिरा लाग्ला भन्नेतर्फ आफूले कहिल्यै नसोचेको सन्दर्भ कविले उठाएका छन् । यसको साङ्केतिक अर्थ समाजमा विकृति फैलाउने स्वजनहरूप्रति लक्ष्यित भएझैं लाग्छ । त्यसैले पीडैपीडा र वेदनैवेदना लिएर त्यस्ताहरूका बीचमा बस्न नसकिने कुरालाई कविले कोट्याएका छन् । पााचौं खण्डमा कवि आफूले छाडेर आएको थोत्रो घरमा गौंथलीहरू बास बस्न आउलान् तर मान्छेबिनाको रित्तो घर देखेपछि तिनीहरूलाई पनि नरमाइलो होला भन्ने कल्पनामा निमग्न छन् । यस खण्डमा गौंथली र चमेराहरूको सम्झना गर्दै कवि

जन्मघरकै यादमा रमाएका देखिन्छन् । रित्तो घर देखेर भीख माग्ने जोगी, आागनीमा चारो टिप्न आउने चराहरूले पनि यस घरका मानिस कहाा गए होला भनी सोध्लान् भन्ने चर्चा गरेका छन् । यसै क्रममा कसैले भाइबन्धु मारेर हिाड्यो, कसैले जन्मभूमि बिर्स्यो, कसैले तीर्थयात्रा गयो भन्ने कुरा सोच्लान् भन्ने कल्पना गरिएको छ । खण्डकाव्यको छैटौं खण्डमा कविले दार्शनिक विचार प्रस्तुत गर्दै संसारका हरेक चीजहरूलाई आफ्नो मार्ग तय गर्ने स्वतन्त्रता छ भनी कविले आफू पनि स्वेच्छिक निर्णय लिन सक्ने कुरा औंल्याएका छन् । सृष्टिको खेलमा हरेक वस्तुले गुड्नुपर्छ भन्दै कविले पनि आफ्नो निर्णयलाई त्यही नियतिको एउटा टुक्रा मानेका छन् । कविले आफ्नो जन्मभूमिमा पारिजातको फूलको सुवास छर्न चाहेको तर किराहरूले त्यसो गर्न नदिएको तर्फ तिक्तता पोखेका छन् । सातौं खण्डमा कवि बालपनका सजीव/निर्जीव एकएक साथीको याद हुने कुरा अगाडि सार्दछन् । उनी हिजोका दिनमा कुलको भलाइका लागि मरिमेटेर काममा खटेको कुरा सम्झन्छन् । तर, आजका दिनमा देखिने शङ्कालु कार्यप्रति कविको पनि विमति छ ।

सातौं खण्डमा जन्मभूमिको माटो बोलेको छ अर्थात् कविले माटालाई बोल्न लगाएका छन् । आखिर माटो सधैं उहीं रहन्छ, आउने जाने मात्र फेरिन्छन् भन्ने यथार्थलाई सातौं अर्थात् अन्तिम खण्डमा देखाइएको छ । कविले सातौं खण्डपछि समापन खण्ड राखेका छन् । तर यसलाई खण्डको नाम दिइएको छ । यसमा पनि कविले जसले समय बुझ्छ, दुःख सुन्छ, दुःखीहरूलाई सान्त्वना दिन्छ, शुद्ध भावना भएका, विसम कालमा सघाउन जुट्नेहरू समयचक्रका बन्धु हुन् भनिएको छ । यस खण्डकाव्यमा 'म' पात्रबाट अधिकांश खण्डमा विचार अभिव्यक्त भएका छन् भने सातौं खण्डको आठौं श्लोकदेखि तीस श्लोकसम्म माटो बोलेको छ । पात्रका रूपमा प्रष्ट रूपमा म पात्र देखापरेको यस काव्यमा अन्य अप्रत्यक्ष पात्रहरू (मानव र मानवेतर) छन् । तिनीहरूको भूमिका नगण्य छ । कविले परिवेशका रूपमा प्रयोग गरेका ठाउाहरू काठमाडौं उपत्यकाकै सेरोफेरोमा केन्द्रित छन् । दहचोक क्षेत्रका प्राकृतिक र सामाजिक परिवेशको झलक यस खण्डकाव्यमा बढी देखिन्छ । उकाली, ओराली, वनपाखा, गोठालो, रोपाइा आदिका परिवेशले काव्यमा नवीन बान्की थपेको स्पष्ट थाहा हुन्छ ।

## ४.६.४. भावविधान

**'समयचक्र'** खण्डकाव्य भुवनहरि सिग्देलको भावपरक खण्डकाव्यको रूपमा चिनिन्छ । खण्डकाव्यकारका अरू खण्डकाव्यहरूभन्दा फरकखालको देखिएको यस **'समयचक्र'**मा विभिन्न खालका भाव प्रकट भएको भनुभव गर्न सकिन्छ । समग्र खण्डकाव्यको विषयवस्तुलाई मूल्याङ्कन गर्ने हो भने यसमा कवि विरहको अनुभूतिमा तड्पिएको पाइन्छ । आफ्नो जन्मस्थल दहचोक र त्यहााका इष्टमित्रहरू छाडेर पाटनतिर बसाइा सरेका कविमा जन्मस्थलमा वाल्यकालमा गरेका कामहरूको राम्रो याद छ । ती गतिविधिको याद गर्ने क्रममा कवि पूर्ण स्वच्छन्दतावादी देखिएका छन् । अप्ठ्यारा आफन्तहरूसाग बस्नुभन्दा राम्रा पराइसाग बस्नु ठीक भन्ने निर्णय लिएर बसाइा सर्नुले कविलाई प्रगतिवादी पनि देखाएको छ । त्यसैले यस कवितामा स्वच्छन्दतावादी र प्रगतिवादी भाव लहराएको पाइन्छ । आफन्तहरूबाट टाढिएर बसाइामा निस्कनुमा कविले विस्मयकारी भाव

समावेश गराएका छन् । यसका अतिरिक्त व्यङ्ग्य, करुण आदि जस्ता भावहरूले काव्यलाई पठनीय बनाउन मद्दत गरेको छ । जेहोस्, **'समयचक्र'** खण्डकाव्यमा विभिन्न भावहरूलाई सहजरूपमा उपस्थित गराइएको छ ।

### ४.६.५. भाषाशैली

भाषा प्रयोगका दृष्टिकोणबाट हेर्दा भुवनहरि सिग्देलको यो **'समयचक्र'** खण्डकाव्य सफल खण्डकाव्यका रूपमा देखा परेको पाइन्छ । यस खण्डकाव्यमा सरल र सुन्दर भाषा शैलीको प्रयोग गरिएको छ । यहाा तत्सम, तद्भव र आगन्तुक तीनैथरी शब्दहरूको प्रयोग गरिएको छ । खण्डकाव्यभित्रका कवितांशहरू पढ्दा सलल बगेको पाइन्छ र रसप्रवाह पनि प्रभावकारी नै छ भन्न सकिन्छ । सुषुप्ति, निर्भावना, पाषाण, प्रश्वास, तन्मय लयविन्द, सिन्धु, वृषासुर, अनुराग, ध्वज, भ्रूण, शैपाल, दुर्लङ्घ्य जस्ता तत्सम शब्दहरूको शैलीगत प्रस्तुतिले केही कठिनताको महसुस गराए पनि यसमा प्रयोग भएका, ठेट नेपाली शब्दहरू, अनुकरणात्मक शब्दहरू कुल्कुली, गर्जो, झर्झराउादो, मझेरी, मुर्दा, निदाल, ठेला, कर्कलो, झर्झरी, ठोक्रो, आङ, कमिज, भुलभुले जस्ता शब्दले काव्यलाई सरस पनि बनाएको पाइन्छ । यस काव्यमा आत्मालापी कथनशैली प्रयोग गरिएको कुरा स्वयं कविले आफ्नो बारेमा बताएबाट थाहा हुन्छ । बसाइा सर्नुको कारणमा कविले लामो कहानी आफ्नै मुखबाट सुनाएका छन्, छन्द र अलङ्कारको युक्तियुक्त प्रयोगद्वारा भाषामा काव्यिक सौन्दर्यको सृष्टि गर्न खोजिएको छ । यस खण्डकाव्यको शैली रोचक एवं सुन्दर छ ।

### ४.६.६. लय र छन्दविधान

समयचक्र खण्डकाव्यमा संस्कृत परम्पराका विभिन्न लयहरू प्रयोग गरिएका छन् । बद्ध लयमा लेखिएको यस खण्डकाव्यलाई शास्त्रीय मर्यादालाई ख्याल गरी लय विधान गरिएको काव्यका रूपमा चर्चा गर्न सकिन्छ । शास्त्रीय छन्दहरूमा लय, यति र गतिको आफ्नै क्रम हुन्छ । त्यसै अनुरूपको लयगत मिठासले समयचक्र खण्डकाव्यको महिमा उठाएको छ । पाठकले रस लिएर लयको आनन्दानुभूति गर्न सक्ने शैलीमा यस खण्डकाव्यमा लय विधान गरिएको छ । लयलाई सलल बगाउन छन्दको महत्त्वपूर्ण भूमिका रहन्छ । छन्दप्रयोगका दृष्टिले हेर्दा यस काव्यमा विविधता पाइन्छ । यस खण्डकाव्यको पहिलो सर्गमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । त्यसैगरी दोस्रो खण्डमा कविले वसन्ततिलका छन्दको राम्ररी प्रयोग गरेका छन् । तृतीय सर्गको निर्माण भुजङ्गप्रयात छन्दबाट भएको छ । कवि चौथो सर्गमा शार्दूलविक्रीडित छन्दको प्रयोग गर्न रमाएका छन् । पााचौं सर्गमा संस्कृत छन्दपरम्पराको एक प्रमुख छन्द मन्दाक्रान्ताको प्रयोग गरिएको छ । यसै क्रममा छैटौं सर्गमा पञ्चचामर छन्दलाई प्राथमिकता दिइएको छ । **'समयचक्र'** खण्डकाव्यको सातौं खण्डमा शिखरिणी छन्दको प्रयोग गएिको छ । यस खण्डकाव्यको सातौं खण्डपछि समापन शीर्षक दिएर इन्दिरा छन्दका चौधवटा श्लोकहरूलाई समावेश गराइएको छ । यसरी विविध छन्दको प्रयोगबाट यस काव्यलाई आफ्नै खालको महत्त्व भएको भनी मूल्याङ्कन गर्न सकिन्छ ।

### ४.६.७. विम्बालङ्कार योजना

**'समयचक्र'** खण्डकाव्यमा समावेश विषयवस्तु सूक्ष्म छ । तथापि, भावकल्पनाका दृष्टिले यो खण्डकाव्य उत्कृष्ट मानिन्छ । प्रस्तुत खण्डकाव्यमा कविले भावनाको सुन्दर प्रस्तुतिको शब्दचित्र खडा गरेका छन् । पहाडी परिवेशको उपत्यकाली जनजीवनसाग सम्बन्धित विभिन्न विम्बात्मक झलकले काव्यशोभा बढाएको पाइन्छ । नेपाली जनजीवनको सेरोफेरो, सामाजिक रहनसहन, संस्कृति, अर्थ आदि पक्षका विम्बात्मक झलकले काव्यको अर्थको सहजता झल्किएको पाइन्छ ।

**'समयचक्र'** खण्डकाव्यमा एकातिर विभिन्न विम्बात्मक झलक छन् भने अर्कातर्फ अलङ्कारहरूको प्रयोग गरिएको छ । शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले काव्यशोभा झल्कन पुगेको छ । यस काव्यमा अन्त्यानुप्रासयुक्त, कवित्वशैली त छादै छ त्यसका अतिरिक्त उपमा, दृष्टान्त, रूपक अर्थान्तरन्यास स्वाभावोक्तिजस्ता अलङ्कारहरूले समयचक्रमा विशेष आकर्षण थपेको स्पष्ट हुन्छ । कवि सिग्देलको यो खण्डकाव्य विम्बालङ्कार योजनामा सशक्त र सफल देखिएको छ । प्रयुक्त अलङ्कारहरूमध्ये स्मरण अलङ्कारको उदाहरण यसरी प्रस्तुत गरिन्छ :

> हामी थियौं घर थियो परिवार साथ
> सन्तोष आपस थियो पसिना विराट
> सौन्दर्यको कति बखान थियो चलेको
> त्यो ज्योकिो नकल हुन्छ दियो बलेको ॥ (२/२१)

### ४.६.८. सर्गयोजना

जम्माजम्मी त्रिपन्न पृष्ठमा समावेश गरिएको **'समयचक्र'** खण्डकाव्यको निर्माण दुई सय पन्चानब्बे श्लोकहरूबाट भएको छ । यस खण्डकाव्यमा लेखकीय अर्थात् मन्तव्य पनि कवितामै व्यक्त गरिएको छ । आठवटा कवितांशमा लेखकले भूमिका तयार पारेका छन् । भूमिकाका अतिरिक्त यस काव्यको प्रथम सर्गमा अट्ठाईसवटा श्लोकहरू छन् । द्वितीय सर्गमा बयालीस श्लोकहरू छन् । तेस्रो सर्गमा पचासवटा श्लोकहरू र चौथो सर्गमा छत्तीसवटा श्लोकहरू समावेश गरिएका छन् । खण्डकाव्यको पााचौं सर्गमा एकचालीसवटा कवितांशहरू छन् । खण्डकाव्यका छैटौं सर्गमा अठ्तीसवटा श्लोकहरू छन् । सातौं अर्थात् अन्तिम सर्गमा पनि अठ्तीसवटा श्लोकहरू छन् । सर्गका अतिरिक्त समापन खण्ड भनी राखिएको अर्को चरणमा चौधवटा श्लोकहरू छन् । सातवटा सर्गहरूको समुच्च रूप यो खण्डकाव्यात्मक आकारलाई अल्पाकार नै मान्नुपर्ने देखिन्छ ।

–O–

## परिच्छेद - ५

# भुवनहरि सिग्देलका खण्डकाव्य कृतिहरूको मूल्याङ्कनात्मक निष्कर्ष

भुवनहरि सिग्देल नेपाली कविताको विकास प्रक्रियामा फुटकर कविताका रचयिताका साथै खण्डकाव्य तथा महाकाव्यको रचना एवं सार्वजनिकीकरणद्वारा स्थापित भइसकेका महत्त्वपूर्ण प्रतिभा हुन् । उनका कवित्त्वको एक महत्त्वपूर्ण अंश उनकै खण्डकाव्यकारिता हो र त्यसैका सम्बन्धमा अनुसन्धानात्मक विश्लेषण प्रस्तुत शोधका दोस्रोदेखि चौथो परिच्छेदसम्म गरिसकिएको छ । त्यसै विश्लेषणात्मक अध्ययनमा आधारित रहेर र नेपाली खण्डकाव्य परम्परासमेतलाई दृष्टिगत गरेर यस परिच्छेदमा प्रथमतः उनका खण्डकाव्य कारिताको मूल्याङ्कन गरी त्यसपछि समष्टि शोध निष्कर्ष दिइएको छ ।

## ५.१. नेपाली खण्डकाव्य परम्परामा भुवनहरि सिग्देलको मूल्याङ्कन

### ५.१.१. नेपालीखण्डकाव्य परम्परामा भुवनहरि सिग्देलको स्थान निर्धारण

खण्डकाव्य कविता विधाको एक प्रमुख उपविधा हो भन्ने विषयमा परिच्छेद तीनमा नै चर्चा परिचर्चा गरिसकिएको छ । खण्डकाव्यको चर्चा गर्दा कविताको पनि चर्चा हुने नै गर्छ । नेपाली खण्डकाव्यको लेखनको चर्चा गर्ने क्रममा नेपाली कवितालेखनको प्रारम्भको ऐतिहासिक क्षण र कविता कृतिको प्रसङ्ग अघि सार्नु युक्तिसङ्गत नै हुने देखिन्छ । नेपाली भाषाको विकास विक्रमको एघारौं शताब्दीदेखि नै भएको कुरा दामुपालको दुल्लु अभिलेख (वि.सं. १०३८) बाट थाहा हुन्छ ।[1] तर, नेपाली भाषाले लिखित साहित्यिक रूपमा भने वि.सं. १८२६ मा मात्र देखापर्न सक्यो । एघारौंदेखि अठारौं शताब्दीसम्म नेपाली साहित्य प्रायः अलिखित रूपमा नै रहेको पाइन्छ ।[2] विशेषतः अलिखित लोकसाहित्यमा लोकगाथाकै प्रमुख स्थान रहेको पाइन्छ । अलिखित लोकसाहित्यमा नेपाली साहित्यको प्रारूप पाइएको बुझिन्छ । लिखित कविताको सम्बन्ध लोक गाथासाग हुने र त्यसकै केही विस्तृत रूपमा प्रस्तुति गरिएको कवितालाई खण्डकाव्य भनिने हुनाले लोकगाथा र खण्डकाव्यको पनि सम्बन्ध देखिन आउाछ । लिखित कविताको रूपमा वि.सं. १८२६ मा पहिलो कविता कृति देखापरेको पाइन्छ । यसै कविताको आधारभूमिमा खेल्दै विभिन्न कविहरूले त्यसपछि कविताहरू लेख्तै गएको पाइन्छ । कविता लेखनकै यस परम्परामा कवितामा अनुभूतिलाई आख्यानीकरण गर्ने अभ्यास हुादै गएको पाइन्छ ।

---

१. (डा.) वासुदेव त्रिपाठी र अन्य, नेपाली कविता-४, पूवर्वत्, पृ. ९७
२. पूर्ववत्, पृ. १०१

कविहरूको यही अभ्यासले गर्दा खण्डकाव्यको कोटीमा सर्वप्रथम लिखित खण्डकाव्यका नामले दैवज्ञकेशरी अर्यालको **'अश्वशुभाशुभ परीक्षा'** चिनिने गरेको देखिन्छ । नेपाली कवितासाहित्यको प्राथमिककाल (वि.सं. १८२६-१९४०) मा लेखिएको मानिने यस कृतिको खासै प्रकाशन वर्ष उल्लेख भएको पाइादैन । नेपाली खण्डकाव्यको परम्परामा उदयानन्द अर्यालको **'बेताल पच्चीसी'** छन्दको प्रयोग गरिएको पहिलो खण्डकाव्य[३] मानिएको छ ।

लोकगाथाको अलिखित परम्पराबाट लिखित परम्परामा गाासिन पुगेको खण्डकाव्य लेखनको वि.सं. १९४०-१९७४ सम्मको समयावधि माध्यमिककालका नामले चिनिादै आएको पाइन्छ । यस काल खण्डमा नेपाली खण्डकाव्य लेखनको क्रममा श्रृङ्गारिकतालाई प्राथमिकता दिएको पाइन्छ । नेपाली खण्डकाव्य परम्परामा आधुनिकताको मोड लेखनाथ पौड्यालको **'ऋतुविचार'** खण्डकाव्य (वि.सं.१९७३) बाट थालनी भएको मानिन्छ ।[४] त्यसैबेलालाई नेपाली खण्डकाव्य लेखनको आधुनिक कालको प्रारम्भ मानेर वि.सं. १९७३ देखि हालसम्मको समयावधिलाई आधुनिक कालका रूपमा स्वीकार गर्दै आएको ंपाइन्छ । यस कालखण्डमा विभिन्न धारा र विचारबाट प्रभावित भएर खण्डकाव्यहरू लेखिएका छन् । यसै क्रममा वि.सं. २०३० यताको नेपाली कविताको विविध धारागत प्रवृत्तिका साथै कतिपय नवीन सञ्चेतनाबाट समन्वित  बनेको युगलाई उत्तर प्रयोगवादी धाराको युगका रूपमा लिने गरिएको छ ।[५] यिनै विविध धारागत प्रवृत्तिअन्तर्गत वि.सं. २०५० को दशकमा नेपाली खण्डकाव्य लेखनमा स्वच्छन्दतावादी, प्रगतिवादी प्रवृत्तिलाई आत्मसात गर्दै देखापरेका एक खण्डकाव्यकारका रूपमा भुवनहरि सिग्देलको नाम पनि लिइन्छ ।[६] नेपाली साहित्यमा निबन्ध र कथाका फुटकर रचना पहिले नै प्रकाशन गरे पनि भुवनहरि सिग्देल खण्डकाव्य कृतिका रूपमा **'आर्तनाद'** लिएर वि.सं. २०५४ को आषाढमा देखापरेका हुन् । कृषिप्रधान देश नेपालमा आषाढलाई खेतिपातीको मुख्य समय मानिने गरेको सन्दर्भमा यो खण्डकाव्य प्रकाशनलाई हेर्दा खण्डकाव्यको खेती राम्रो हुने अनुमान जो कसैले पनि गर्न सक्छ । असार महिनामा थालिएको खण्डकाव्य प्रकाशनको खेती नेपाली खण्डकाव्य लेखनको इतिहासमा क्रमशः **'खाते'** (वि.सं २०५५), **'कानी'** (वि.सं २०५५), **'कुलबहादुर'** (वि.सं २०५८), **'डल्ले'** (वि.सं २०५९) र **'समयचक्र'** (वि.सं २०६४) का नामले गाजाएको देखिन्छ । लोप हुादै जान लागेको वर्णमात्रिक छन्दमा कविता लेखेर केही हदसम्म भए पनि छन्दलाई जीवित राख्ने उद्देश्य सिग्देलले लिएको देखिन्छ । उदयानन्द अर्यालले उन्नाईसौं शताब्दीमा सर्वप्रथम छन्दमा खण्डकाव्य लेखेर थालनी गरेको छन्द प्रयोगको परम्परामा उक्त कुशल शिल्पी र छन्दवादी व्यक्तिको रूपमा एक्काईसौं शताब्दीमा सिग्देलले आफूलाई स्पष्टसाग चिनाउन सफलता पाएका छन् । यस खालको खण्डकाव्य लेखनलाई हेर्दा भुवनहरि सिग्देलका छवटै खण्डकाव्यहरूले संस्कृतको वर्णमात्रिक छन्दलाई खडेरीमा पनि राम्रोसाग जलमल गरेर बचाइरहेको देखिन्छ ।

---

३. नरेन्द्र चापागाईं र अन्य, काव्य समालोचना, प्र.सं. (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, वि.सं. २०५२) पृ. १९९
४. (डा.) महादेव अवस्थी, पूर्ववत्, पृ.७५
५. (डा.) महादेव अवस्थी, पूर्ववत्, पृ. ८२
६. पूर्ववत्, पृ. ८३

वि.सं. २०५४ देखि थालिएको खण्डकाव्य लेखनले वि.सं. २०६४ मा एक दशकको बिट मारेको छ । यस खण्डमा निस्किएका खण्डकाव्यहरू सामाजिक विषयको सेरोफेरोमा नै केन्द्रित भएको पाइएकाले एकै चरणमा मात्र उनको खण्डकाव्य लेखनलाई राखेर प्रकाशित भएका खण्डकाव्यहरूको सङ्क्षिप्त ढङ्गबाट मूल्याङ्कन र निष्कर्षलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१.२. भुवनहरि सिग्देलका खण्डकाव्यहरूको मूल्याङ्कन

खण्डकाव्यलेखनका क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भुवनहरि सिग्देल (वि.सं २००७) को समग्र खण्डकाव्यकारिताको अध्ययन गरी तयार पारिएको यस शोधपत्रको प्रथम खण्डमा शोधपत्रको परिचय तथा रूपरेखालाई प्रस्तुत गरिएको छ । जसबाट शोधपत्रको उद्देश्य, तयार पार्ने विधि, शोधपत्रमा रहने खण्डहरू आदिको स्पष्ट झलक प्राप्त हुन्छ । त्यसै गरी शोधपत्रको द्वितीय खण्डमा खण्डकाव्यकार भुवनहरि सिग्देलको जीवनी, व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । उहााको जन्मदेखि आजसम्मका जीवनका उतारचढावका यावत कुराहरूलाई सूक्ष्मढङ्गबाट खोतल्ने प्रयास द्वितीय खण्डमा गरिएको छ । यस खण्डबाट उनको खण्डकाव्यलगायत अरू साहित्यिक कृतिहरू तयार पार्ने थालनी र निरन्तरताका बारेमा जानकारी मिल्दछ ।

शोधपत्र तयार पार्ने क्रममा तेस्रो परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक चर्चा गरिएको छ । संसारको सबैभन्दा प्राचीन विधाका रूपमा रहेको कविता विधाको एक उपविधाको रूपमा रहेको खण्डकाव्यको पूर्वीय र पाश्चात्य साहित्य परम्परामा आफ्नै खालको महत्त्वपूर्ण स्थान छ । खण्डकाव्यको विशेषता लगायतका कुराहरूलाई तेस्रो परिच्छेदमा उठाइएको छ । पाश्चात्य जगत्मा भन्दा पूर्वी जगत्मा खण्डकाव्यको चर्चा परिचर्चा विभिन्न कोणबाट भएकाले तिनै मध्येका महत्त्वपूर्ण मानिएका केहीलाई यस परिच्छेदमा स्थान दिइएको छ । जसबाट खण्डकाव्य लेखनका क्रममा भुवनहरि सिग्देलले उक्त मान्यतालाई कुन हदसम्म पच्छ्याएका छन् भन्ने कुरा बुझ्न सजिलो भएको छ । खण्डकाव्यको सैद्धान्तिक कसीमा सिग्देलका खण्डकाव्यलाई घोट्न र निष्कर्ष निकाल्न सजिलो हुने गरी तेस्रो परिच्छेद तयार पारिएको छ ।

यस शोत्रपत्रको चौथो खण्डमा भुवनहरि सिग्देलका खण्डकाव्यहरूको अध्ययन गरिएको छ । वि.सं. २०५४ देखि २०६४ सम्मको एकदशकको अवधिमा सिग्देलले लेखेका छ वटा खण्डकाव्य कृतिहरूको विभिन्न कोणबाट अध्ययन गर्ने काम चौथो परिच्छेदमा भएको छ । यस परिच्छेदले शोधपत्रमा सबैभन्दा बढी स्थान ओगटेको देखिन्छ । स्वच्छन्दतावादी र प्रगतिवादी शैलीबाट बढी प्रभावित सिग्देलका सामाजिक विषयसाग सम्बन्धित पााचवटा र अन्य क्षीण कथावस्तुलाई भावपरक रूपमा उठाइएको एउटा गरी जम्मा ६ वटा खण्डकाव्यहरूको सङ्क्षिप्त रूपमा गरिएको अध्ययनबाट नेपाली साहित्यमा भुवनहरि सिग्देलको स्थान र खण्डकाव्यलेखनमा उनका विशेषताहरू बाहिर आउन सकेका छन् भन्ने लाग्दछ । नेपाली खण्डकाव्यका अध्येताहरूलाई यस शोधपत्रले पनि धेरथोर पृष्ठपोषण दिनेछ भन्ने लाग्दछ । यस खण्डकाव्यको पााचौं परिच्छेद अर्थात् अन्तिम परिच्छेदमा भुवनहरि सिग्देलको खण्डकाव्यकारिताको मूल्याङ्कन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

संस्कृतका शास्त्रीय छन्दहरूका प्रयोगमा खुबै रमाउने छन्दप्रेमी व्यक्तित्व सिग्देलले आफ्ना खण्डकाव्यहरूमा समेटेका विभिन्न दुर्लभ छन्दहरू पढ्न पाइएबाट छन्दको संरक्षणमा सिग्देलको विशेष चिन्ता र चासो रहेको थाहा हुन्छ । छन्द भने पछि नाक खुम्च्याउने आजको स्थितिमा छन्दमै सरर बहन सक्ने खुबी भएका सिग्देल देखापर्नु नेपाली साहित्यलाई गौरवको विषय हो ।

निबन्ध, कविता, खण्डकाव्य, महाकाव्य, कथा जस्ता विविध विधामा कुशलतापूर्वक कलम चलाउने सिग्देलका तीनवटा महाकाव्य, एउटा कथासङ्ग्रह (प्रेसमा), एउटा कवितासङ्ग्रह र छवटा खण्डकाव्यहरू प्रकाशन भई पुस्तकाकारका रूपमा बजारमा आइसकेका छन् । ती सबै बजारमा आइसकेका भए पनि उनका मात्रै खण्डकाव्यहरूको चर्चा परिचर्चा यस शोधपत्रमा गर्ने उद्देश्य राखिएबाट त्यसको वास्तविकता छर्लङ्ग हुन पुग्दछ । यस परिच्छेदमा सिग्देलद्वारा लिखित तिनै खण्डकाव्यहरूको मूल्याङ्कन र निष्कर्ष प्रस्तुत गर्ने प्रयास यहाा भएको छ ।

## क. ‘आर्तनाद’ खण्डकाव्यको मूल्याङ्कन

भुवनहरि सिग्देलले सबैभन्दा पहिले लेखेका **‘आर्तनाद’** खण्डकाव्यले  खण्डकाव्यकै सिद्धान्त बमोजिमको मझौलापन ओगटेको छ । विषयवस्तुगत, स्वरूपगत, पात्रगत, परिवेशगत, भावगत, सर्गगत आदि दृष्टिकोणबाट हेर्दा **‘आर्तनाद’** एउटा उचित खण्डकाव्यका रूपमा देखापर्दछ । नेपाली समाजको आर्थिक समस्यालाई केन्द्रमा राखी तयार पारिएको खण्डकाव्य भएको हुनाले **‘आर्तनाद’** एउटा प्रभावकारी खण्डकाव्यझैं लाग्दछ । दयनीय आर्थिक अवस्थाकै कारणले नेपालभरबाट बर्सेनी हजारौं नेपालीहरू सानाठूला विदेशी मुलुकहरूमा पसिना पोख्न पुग्दछन् । तर, देशमा सोचेजस्तो विदेशमा हुादैन भन्ने कुरालाई सशक्त रूपमा खण्डकाव्यको पात्र श्यामेमार्फत् प्रस्तुत गरिएको छ । नेपाली सामाजिक परिवेशमा आइपरेका आर्थिकलगायत, सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक विकृतिको यथार्थ प्रस्तुतिमा सिग्देलको कलम सफल देखिएको पाइन्छ । आर्थिक विपन्नताले ग्रसित नेपाली समाजको दयनीय स्थितिप्रति सिग्देल गम्भीर बनेका छन् । संस्कृतका शास्त्रीय छन्दहरूको प्रयोगबाट सुमधुर बन्न पुगेको यस **‘आर्तनाद’** खण्डकाव्यमा समावेश विम्बात्मक झलकहरूले कविको खुवीलाई उजिल्याएको छ भने काव्यमा समेटिएको शब्दालङ्कार र अर्थालङ्कारले ‘सुनमा सुगन्ध’ थपेझैं महसुस हुन पुग्दछ । कताकती देखिने छन्दको क्रमभङ्गबाहेक **‘आर्तनाद’** खण्डकाव्यका अन्य पक्षहरू आफैंमा प्रभावशाली र सशक्त रूपमा देखापरेका छन् ।

## ख. ‘खाते’ खण्डकाव्यको मूल्याङ्कन :

प्रकाशनका क्रममा दोस्रो ठहरिएको **‘खाते’** भुवनहरि सिग्देलको सामाजिक विषयवस्तु भएको अर्को खण्डकाव्य हो । हुन त भूमिकाकार कृष्णप्रसाद पराजुली र स्वयं खण्डकाव्यकारले ‘खाते’ लाई ‘नव्यकाव्य’ भन्ने पदबाट विभूषित गरेर हेरे पनि स्वरूपगत, विषयगत, श्लोकसङ्ख्यागत आदि खण्डकाव्यीय मान्यताअनुसार हेर्दा यसमा त्यस्तो खासै ‘नव्यकाव्य’ को विशेषता भेटिंदैन । नेपाली साहित्यमा बिरलै पाइने नव्यकाव्यको **नामबाट ‘खाते’** लाई चिनाउन खोज्नुलाई एउटा रहरको रूपमा पनि लिन सकिन्छ । लेखनाथ पौड्यालले लेखे**का**

**'तरुण तपसी'** कै हाराहारीमा **'खाते'** ले नव्यकाव्यात्मक मान्यता प्राप्त गर्न खोज्नु आफ्नो ठाउाबाट ठिकै ठानिए पनि उत्कृष्ट खण्डकाव्यका रूपमा रही विवादरहित हुनु उचित हुने देखिन्छ ।

'खाते' खण्डकाव्य पनि सामाजिक विषयसाग सम्बन्धित छ । **'आर्तनाद'** सामाजिक भइकन पनि वैदेशिक रोजगार र चेलीवटी बेचबिखनसाग सम्बन्धित थियो भने **'खाते'** विशुद्ध स्वदेशी समाजको बालअधिकारसाग सम्बन्धित छ । समाजमा बाबुआमाको उचित रेखदेख पुगेन भने बच्चाहरू कसरी बेवारिसे बन्न पुग्दछन् भन्ने यथार्थ पाटोलाई पारदर्शी रूपमा प्रस्तुत गर्न काव्यकार सफल देखिएका छन् । मानवसमाजको अवस्थालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको **'खाते'** खण्डकाव्यमा मानवसमाजको निर्दयी स्वभावको राम्रोसाग चित्रण गरिएको छ । विषयवस्तु, शीर्षकीकरण, पात्रप्रयोग, परिवेशगत छनोट, भाव, छन्द, अलङ्कार, विम्ब, गुण, रस आदिका दृष्टिकोणबाट हेर्दा पनि **'खाते'** खण्डकाव्य उत्कृष्ट देखिन्छ । भावगत प्रस्तुति र करुण रसको परिपाकले यस खण्डकाव्यलाई सफल बनाएको पाइन्छ । छन्दका विभिन्न स्वादहरूले पाठकलाई काव्यभित्रै हराउन मद्दत गरेको पाइन्छ ।

## ग. 'कानी' खण्डकाव्यको मूल्याङ्कन

**'कानी'** खण्डकाव्य भुवनहरि सिग्देलले लेखेर पुस्तकाकार रूप दिएको तेस्रो खण्डकाव्यकृति हो । यसको प्रकाशन वि.सं. २०५५ को फागुनमा भएको पान्छ । यो वर्ष कविले तीनवटा कृति बाहिर ल्याएर आफ्नो काव्यकौशल प्रदर्शन गरेको पाइन्छ । यस सालको प्रारम्भमा **'खाते'** खण्डकाव्य यसै साल **'धरणीधर'** महाकाव्य र फागुनमा **'कानी'** खण्डकाव्य प्रकाशन गरेबाट कविको कवित्व प्रतिभा झल्कन पुग्दछ । **'कानी'** खण्डकाव्य पनि यस अघिका अरू खण्डकाव्यझैं सामाजिक विषयवस्तुमाथि केन्द्रित भएर लेखिएको छ । गरिबीका कारण विदेसिन बाध्य भएका चेलीबेटीहरू विदेशमा कतिसम्म नारकीय जीवन बिताउन बाध्य हुन्छन् भन्ने झलक **'कानी'** सेर्पामार्फत् प्रस्तुत गरिएको छ । नेपाली नारीहरू पितृसत्तात्मक संस्कारबाट पीडित त छादै छन् । तिनमा पनि रुढिवादी, गरिबी, अशिक्षा, अचेतना, दलालको प्रलोभन आदि कारणबाट ठगिन पुगेको घटनालाई विषयवस्तुका रूपमा संयोजन गरी **'कानी'** मा प्रस्तुत गरिएको छ । आफ्नो नारी अस्मितालाई जोगाउन प्रतिवाद गर्ने क्रममा कुवेतमा त्यहीाको साहूले कानीलाई घरको छतबाट मिल्काइदिएको र त्यसकै कारण उनको ज्यान गएको कारुणिक कहानीलाई विभिन्न रसिला छन्दहरूको प्रयोगबाट वर्णन गर्न कवि सफल देखिएका छन् । परिवेशगत झलक, भाषाशैली, सर्गयोजना, पात्र, विम्बालङ्कार योजना, विषयवस्तुगत प्रबन्धविधानजस्ता पक्षबाट मूल्याङ्कन गर्दा नारीचरित्रप्रधान खण्डकाव्यको रूपमा '**कानी**' देखापारेको छ ।

## घ. 'कुलबहादुर' खण्डकाव्यको मूल्याङ्कन

**'कुलबहादुर'** पात्रको नामबाट शीर्षकीकरण भएको खण्डकाव्य हो । यस खण्डकाव्यको केन्द्रीय प्रतिभा कुलबहादुर नौ वर्षमात्र पुगेको बालभरिया हो । आफ्नी आमा पोइल र बाबु जोइल गएपछि सातवर्षको सानो

भाइ भूमिलाई अभिभावकको माया दिदै आफ्नो रोजिरोटीको जोहो गर्न उसले कोशी अञ्चलको धरानदेखि भोजपुरसम्मको दूरीमा भारी बोकेर हिाड्दछ । 'कान्तिपुर' राष्ट्रिय दैनिकमा प्रकाशित भएको फोटो समेतको समाचार विवरणबाट प्रभावित भएर कविले **'कुलबहादुर'** खण्डकाव्य तयार पारेका हुन् । खण्डकाव्यमा समेट्नुपर्ने एकदेशीय परिवेश, जीवनको एक खण्डको प्रस्तुति, चरित्रगत मझौलोपन, सर्गयोजना, भाषाशैली, छन्दलय आदिको युक्तियुक्त संयोजन यसमा भएको छ । नेपाली समाजको पारिवारिक अवस्थाको चित्रण गर्दै बाबुआमाको असन्तुलित परिणाम र बिछोडजन्य
स्थितिले जीवनलाई कतिसम्म आसुमय पार्दछ भन्ने सन्देश **'कुलबहादुर'** मार्फत् प्रस्तुत गरिएको छ ।

कुलबहादुरजस्ता निम्नस्तरीय मानिस भोजपुरमा मात्र होइन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर रहेका छन् । तिनीहरूको विपन्नतालाई बुझ्न नसक्नु राज्यको कमजोरी हो भन्ने प्रसङ्ग उठाएर कविले यसमा व्यङ्ग्यात्मक अभिव्यक्ति दिलाएका छन् । काव्यात्मक शैलीमा नेपाली निम्नमध्यम वर्गीय समाजको यथार्थ चित्रण गर्नु नै **'कुलबहादुर'** खण्डकाव्यको मूल प्रवृत्ति हो भन्न सकिन्छ । शब्दालङ्कार अर्थालङ्कार, प्रसादगुण, करुण, वीर, शान्त रस आदिको प्रयोग गरिएको **'कुलबहादुर'** खण्डकाव्यलाई एक सशक्त सामाजिक कारुणिक काव्यको स्थान दिनुपर्ने देखिन्छ ।

## ङ. 'डल्ले' खण्डकाव्यको मूल्याङ्कन

सामाजिक विषयवस्तुमा आधारित भएर भुवनहरि सिग्देलद्वारा लेखिएका खण्डकाव्यहरूमध्ये **'डल्ले'** पााचौं खण्डकाव्य हो । भुवनहरि सिग्देल कतै विदेसिएका नेपाली दाजुभाइका कहानी बटुल्छन् भने कतै बालअधिकारको कुरा गर्नेहरूप्रति ठाडो व्यङ्ग्य गर्न पुग्दछन् । उनी समाजका विपन्न वर्गको विपन्नताविरुद्ध कलम उठाउाछन् । सम्बन्धित पक्षमाथि न्याय नभएको तर्फ सबैको ध्यानाकर्षण गराउादछन् । त्यसैले यिनको **'डल्ले'** खण्डकाव्य पढ्दा पनि सबैलाई यही कुराको राम्रो ज्ञान हुन्छ । धादिङ जिल्लाको गजुरी बजारमा मजदूरी गरेर समय बिताउादै आएको **'डल्ले'** श्रीमतीबाट पनि त्यक्त बालटुहुरो हो । अरूको सम्पत्तिमा कहिल्यै लामो हात नगर्ने श्रमजीवी डल्ले आफ्नै पौरखमा रमाउाछ । अरूले काम गर्न बोलाउादा ऊ जान्छ । पसिनाको मूल्य जति मिल्छ त्यति ल्याउाछ र श्रीमतीले चार महिनामै छाडेर गएको छोरोलाई पालनपोषण गर्दछ । डल्लेको आफ्नो भने त्यही छोराबाहेक कोही छैन । ऊ कर्मयोगी सन्त मजदूरको रूपमा काव्यभरि देखापर्दछ ।

डल्लेको विपन्नताको शब्दचित्र प्रस्तुत गरेर कविले राज्य हााक्नेहरूको ध्यानाकर्षण गराएका छन् । सुकुम्बासी आयोगका नाममा हजारौं विघा जग्गा दायााबायाा गर्ने र करोडौं रूपैयाा बगाउने राज्यद्वारा निर्मित सकुम्बासी आयोगहरू डल्लेजस्ता सच्चा सुकुम्बासीको समस्यामा किन आाखा चिम्लन्छन् भनी ठाडो प्रश्न तेर्स्याएका छन् । टड्कारो विषयवस्तु मिहिन भाषाशैली, छन्दालङ्कारको उचित प्रयोग, एकदेशीय प्रस्तुति, परिवेशगत सन्तुलन, प्रबन्धगत तारतम्य, भावको उचित समायोजन, पात्रहरूको सही मात्राको प्रयोग, सरल, सरस, ठेट नेपाली शब्दहरूको प्रयोग आदिले गर्दा **'डल्ले'** खण्डकाव्य एक पठनीय काव्यका रूपमा नेपाली साहित्यमा चिनिएको छ ।

## च. 'समयचक्र' खण्डकाव्यको मूल्याङ्कन

एकदशक (वि.सं.२०५४-२०६४) लामो खण्डकाव्य लेखनका क्रममा नेपाली साहित्यका पाठकहरूबीच भुवनहरि सिग्देलले ल्याएको अन्तिम खण्डकाव्य कृति हो **'समयचक्र'** । यस खण्डकाव्यलाई अरू खण्डकाव्यहरूसागै राखेर हेर्दा यसमा विषयगत व्यापकता भन्दा चिन्तनगत गहनता पाइन्छ । सिग्दलले क्षीण कथानकलाई बडो सुन्दर ढङ्गले खण्डकाव्यको मालामा उनेका छन् । यसमा उनको कल्पनाशीतलाको प्रयोग भएको छ । जसले गर्दा यो काव्य अन्य काव्यभन्दा पृथक् देखिन पुगेको छ । यस काव्यमा कविले भौतिवादी चिन्तनबाट दिग्भ्रमितहरूले गर्दा परिवार वा आफन्तजनबाटै कति दुःख खेप्नुपर्छ भन्ने कुरालाई राम्ररी देखाएका छन् । लामो समयदेखि अनेक कष्ट सहेर बस्तै आएको ठाउामा आफ्नै भनाउादाहरू वैरीको रूपमा देखापर्दा कविलाई त्यहाा बस्न मन लाग्दैन ।

आफ्नो जन्मस्थल सुन्दर, शान्त र मनोहर भए पनि त्यहााका सदस्यहरूको खराव चरित्रबाट कवि वाक्क भएको सहजै बुझिन्छ :

> लज्जा रहन्न जब बन्धु समाजसाथ
> पुछ्दै पुछिन्न जुन दाग रहन्छ माथ
> धोई हुादैन किन ? नैतिक धोइादैन
> गाााठो बनेर कसियो  तर फोइादैन ।(२/३०)

यसप्रकार आफू जन्मेको ठाउा दहचोकबाट पाटनमा बसाइा सरेका कविमा मानवीयता ज्यूादो, जाग्दो, रूपमा देखिन्छ । उनी आफ्नो पुरानो घरमा माग्न आउने जोगी, गीत गाएर अन्न बटुल्ने गाइनेलाई त्यस बन्द घरमा नजान सम्झाउाछन् । यतिसम्म कि उनले बार्दलीमा गुाड बनाएर बस्ने गौथली चरालाई पनि पाटनसम्म हरर्र उडी चारो लिन निम्ता दिएका छन् । यी भावनाबाट आध्यात्मिकताप्रति कविको झुकाव देखिन्छ । सत्चरित्रता, इमान्दारिता, मित्रता आपसी सहयोग, मृदुभाषी व्यवहारप्रति कविको मोह देखिन्छ । वर्षौंदेखि बस्तै आएको ठाउामा यी कुराहरू नपाइएपछि कविमा विरक्तिको भाव देखिएको छ । जीवन यात्रा हो, यात्राका क्रममा भेटिएका हरेक क्षणका असल मान्छे घनिष्ट साथी बन्न पुग्छन् भन्ने कविको विश्वास छ । यिनै विश्वासलाई कवि भुवनहरि सिग्देलले विभिन्न छन्दका सुललित लय, मीठो भाषाशैली, विषयवस्तु अनुसारको परिवेश, सर्गयोजना आदिको पूरापूर ख्याल गरेर लेखिएको '**समयचक्र**' मा चरित्रगत उपस्थितिमा भने न्यूनता रहेको पाइन्छ ।

## ५.२. समष्टि शोध-निष्कर्ष

वि.सं. २०५४ बाट खण्डकाव्य लेखन यात्राको प्रारम्भ गरेका भुवनहरि सिग्देलले झन्डै एक दशक लामो साहित्यिक यात्रामा छवटा खण्डकाव्य लेखेर नेपाली साहित्यको वाटिकामा सुम्पेका छन् । साहित्यका कथा, निबन्ध, कविता, खण्डकाव्य र महाकाव्यजस्ता विधामा कलम चलाइसकेका सिग्देलका आधा दर्जन खण्डकाव्यहरूको अध्ययन गर्दा तिनीहरूको आफ्नो छुट्टै उचाइ कायम भएको पाइन्छ । खण्डकाव्य

लेखनका क्षेत्रमा विभिन्न शैलीहरू भित्र्याइएको सन्दर्भ एकातिर छ भने सिग्देलले अबलम्वन गरेको शैली तीभन्दा पृथक् देखिन्छ । विशेष गरेर पूर्वीय साहित्य दर्शनको सिद्धान्तलाई आफ्नो काव्यलेखनको आधार बनाउने सिग्देल पाश्चात्य साहित्य सिद्धान्तलाई समेत केही हदमा चियाउादै काव्य रचना गर्न पुग्दछन् । तैपनि, उनको काव्यकारिताले पूर्वीय साहित्य सिद्धान्तको मियोमै घुमेको स्पष्ट रूपमा थाहा पाइन्छ । आफ्ना रचनाहरूमा सिग्देलले नेपाली समाजकै विषयवस्तुलाई प्राथमिकता दिएका छन् । सामाजिक रुढिवादी चिन्तन, प्रशासनिक भद्रगोल, राजनीतिक गाईजात्रा, धार्मिक संस्कार, सांस्कृतिक पक्ष जस्ता कुनाकन्दराभित्र पसेर सिग्देलले यीविरुद्ध हुनसम्मको विषवमन गरेका छन्, व्यङ्ग्य प्रहार गरेका छन् ।

खण्डकाव्यकार भुवनहरि सिग्देलको काव्यलेखन पहाडी झर्नाको वेगमा कुदेको पाइन्छ । यस्तो गतिलाई देवकोटेली शैलीसाग दााज्न सकिन्छ । ग्रामीण जनजीवन, त्यहााका पात्र, तिनीहरूसाग गाासिएको गरिबी, अभावका श्रृङ्खलालाई काव्यकथा बनाएको पाइन्छ । उनी कतै अध्यात्मवादको वकालत गर्दै भौतिकवादी चिन्तनबाट ग्रस्त भएर मानवीयता गुमाउनेहरूका विरुद्धमा देखिएका छन् । लेख्न त उनले महाकाव्य, निबन्ध, कथा पनि लेखेका छन् तर यी सबैभन्दा बढी सफल स्रष्टाका रूपमा सिग्देल खण्डकाव्यमै जमेका छन् भन्न सकिन्छ । आफ्ना काव्यहरूमा निम्नस्तरका पात्रहरूको प्रयोग गरी तिनीहरूको जीवनका विविध समस्याहरूलाई बोल्नुले कविलाई स्वच्छन्दतावादीका अतिरिक्त प्रगतिवादी काव्यकारका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । उनको काव्यलेखन यात्रा उत्तरार्धतिर आइपुग्दा शैलीगत परिष्कार पनि देखापरेको भेटिन्छ । भुवनहरि सिग्देलका खण्डकाव्य कृतिहरूको अध्ययनपश्चात् उनका काव्यात्मक प्रवृत्तिलाई बुादागत रूपमा देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

क) पूर्वीय काव्यसिद्धान्तअनुसार काव्यको रचना,
ख) सामाजिक घटना र समाजभित्रैका यथार्थ पात्रको चयन,
ग) विषयवस्तुगत यथार्थतामा जोड,
घ) निम्नमध्यम वर्गीय समाजको समस्या चित्रण,
ङ) सामान्य पात्रका समस्यालाई मार्मिक शैलीमा प्रस्तुत,
च) पुरातनवादी सामन्ती सोचमाथि सशक्त कव्यात्मक अभिव्यक्ति,
छ) छन्द, रस, गुण र अलङ्कार आदिको बौद्धिक प्रयोग,
ज) सरल, सरस, प्राञ्जल भाषाशैलीमा जोड,
झ) सामाजिक कुसंस्कार र वर्गीय भेदभावको तीव्र आलोचना,
ञ) सामाजिक बेथिति र चेतनाको स्तरमा व्यापक सुधारको अपेक्षा,
ट) भाषा र भावको युक्तिपूर्ण संयोजन,
ठ) विसङ्गति र भ्रष्टाचारमाथि तीव्र प्रहार,
ड) मानवतावादी चिन्तनमा जोड,
ढ) परिष्कारोन्मुख लेखन कला,
ण) आशुकवित्व एवं द्रुत लेखन,
त) नारीसमस्यामाथि केन्द्रित भई काव्य रचना,
थ) धनी र गरिबबीचको विभेदलाई प्रस्तुत,
द) वैचारिक एवं दार्शनिक पक्षबाट जनजीवनको चित्रण,

ध) वर्गीय विभेदको कलात्मक प्रस्तुति,

न) भौतिकतावादी अन्धसमर्थनको विरोध,

प) ह्रासोन्मुख मानवीयताको संरक्षणमा जोड,

फ) पदीय दायित्यबोध हुनुपर्ने तर्फ सतर्कता,

ब) मित्रता र बन्धुत्वमाथि आाच पुऱ्याउन नहुनेतर्फ सङ्केत,

भ) असल चरित्राबाट कहिल्यै विमुख हुन नहुने सन्देश,

म) नैतिकताको मार्गबाट लर्खराउन नहुने कुराको जोडदार प्रस्तुति ।

यसरी पूर्वीय दर्शन र चिन्तनका धारा आगाली शास्त्रीय छन्दको विशिष्ट काव्यकलाका प्रयोक्ता खण्डकाव्यकार भुवनहरि सिग्देलको खण्डकाव्यकारितामाथि यो शोध अध्ययन गरिएको छ । यस शोधकार्यका परिच्छेदहरूबाट उनको खण्डकाव्यकारिताका बारेमा एउटा स्पष्ट दृष्टिकोण प्राप्त हुने कुरामा विश्वस्त हुन सकिन्छ । सिग्देलका खण्डकाव्यका अन्य धेरै पक्षहरूमाथि आगामी दिनमा यस्तै शोधकार्य वा गहन अध्ययन गर्न सकिने सम्भावना झन् बलियो रूपमा रहिरहेको छ । आगामी दिनमा भुवनहरि सिग्देलका खण्डकाव्यहरूसाग सम्बन्धित निम्नानुसारका सम्भावित शीर्षकहरूमा शोधकार्य गर्न सकिने देखिन्छ :

क) पूर्वीय काव्यसिद्धान्तका आधारमा भुवनहरि सिग्देलको खण्डकाव्यकारिता,

ख) भुवनहरि सिग्देलका खण्डकाव्यहरूमा सामाजिकता,

ग) छन्द प्रयोगका दृष्टिले भुवनहरि सिग्देलका खण्डकाव्यहरूको विश्लेषण,

घ) चरित्रचित्रणका दृष्टिकोणबाट भुवनहरि सिग्देलका खण्डकाव्यहरूको अध्ययन,

ङ) भुवनहरि सिग्देलका खण्डकाव्यहरूको रसगत/वादगत/समालोचनाप्रणलीगत अध्ययन,

–O–

## सन्दर्भ ग्रन्थसूची


थापा, हिमांशु (२०५५), **साहित्य परिचय,** चौ.सं., काठमाडौं, साझा प्रकाशन,

विश्वनाथ (१९८८), **साहित्यदर्पण,** ते.सं., वाराणसी, चौखम्बा विद्याभवन,

(डा) अवस्थी, महादेव **(२०६४), आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, प्र.सं. काठमाडौं इन्टलेक्चुयल बुक प्यालेस,

(डा) त्रिपाठी, वासुदेव र अन्य (२०५३) (सम्पा.), **नेपाली कविता-४,** वि.स, काठमाडौं, साझा प्रकाशन,

(डा) त्रिपाठी, वासुदेव र अन्य (२०४०) (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र.

सिग्द्याल, सोमनाथ (२)१६), **साहित्यप्रदीप** प्र.सं., काठमाडौं, नेपाल एकेडेमी, वि.सं. २०१६,

घिमिरे, माधवप्रसाद, (२०३१), (सम्पा.), **पच्चीस वर्षका खण्डकाव्य** प्र.सं. काठमाडौं : ने.रा.प्र.प्र.,

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान**, प्र.सं., काठमाडौं ने.रा.प्र.प्र.,

आचार्य, कृष्णप्रसाद र अन्य, (२०६१), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, प्र.सं.दीक्षान्त पुस्तक प्रकाशन,

डब्ल्यु एच अब्राहम्स, (१९९३), **ए ग्लोसरी अफ लिटरेटी टर्मस्,** एघारौं सं.,

न्यौपाने, टङ्कप्रसाद, (२०३८), **साहित्यको रूपरेखा**, दो.सं.. काठमाडौं साझा प्रकाशन,

वर्मा, धीरेन्द्र र अन्य, (२०२०) (सम्पा.), **हिन्दी साहित्यकोश भाग-१,** दो.सं., वाराणसी ज्ञानमण्डल लिमिटेड,

**श्रीमद्भागवद्गीता**, गोरखपुर : गीता प्रेस,

ज्ञवाली, रामप्रसाद र अन्य, (२०६४), **नेपाली कविता र काव्य,** प्र.सं., भाुडीपुराण प्रकाशन,

पोख्रेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : मूलचन्द्र शर्मा,

गुप्त, शान्तिस्वरूप, (१९९२), **पाश्चात्य काव्यशास्त्रको सिद्धान्त**, दो.सं., दिल्ली अशोक प्रकाशन,

पन्त, भरतराज, (२०५६), **नेपाली अलङ्कार परिचय**, प्र. सं. काठमाडौं : ने.रा.प्र.प्र.,

(डा) अधिकारी, हेमाङ्गराज (२०५६), **पूर्वीय समालोचना सिद्धान्त**, छै.सं., काठमाडौं : सा.प्र.,

सिग्देल, भुवनहरि (२०५४), **आर्तनाद,** प्र.सं., काठमाडौं : लेखक स्वयं

.........., (२०५५),**खाते** प्र.सं. पकाठमाडौं : हेरसक,

......... (२०५५), **कानी** प्र.सं., काठमाडौं : कर्म शर्पा तथा आदरणीय गुरु,

.......... (२०५८), **कुलबहादुर**, प्र.सं. काठमाडौं : अन्नयन प्रकाशन,

............ (२०५९), **डल्ले**, प्र.सं., काठमाडौं : आाखा प्रकाशन,

............ (२०६४), **समयचक्र** प्र.सं., काठमाडौं : देउती शर्मा सिग्देल,

ढुङ्गाना, सुधाकर (२०६१), **भुवनहरि सिग्देलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौं, एम्. ए. शोधपत्र, त्रि.वि.त्रि.ब.क्या, घण्टाघर,

सिग्देल, पुरुषेत्तम (२०६१) (सम्पा.) **सिग्देल वंशावली**, काठमाडौं : अखवार,

**सन्दर्भपत्रिकासूची:-**

ज्ञवाली, हेमराज (वि.सं.२०५५), *'मर्मस्पर्शी खण्डकाव्य कानी'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, वर्ष ६, चैत्र) पृ. ४

ज्ञवाली, हेमराज (वि.सं.२०५५), *'मार्मिक नव्यकाव्य खातें'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, वर्ष ६, साल जेष्ठ ३० शनिवार) पृ. ६

ज्ञवाली, हेमराज (वि.सं.२०५९), *'वसन्त काव्य गोष्ठी: एक मीठो सम्भना'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, वर्ष १०, , बैशाख १४ शनिवार) पृ. १

दाहाल, कृष्णप्रसाद (वि.सं.२०५९), *'डल्ले'* (**"गोरखापत्र"** दैनिक, वर्ष १०२, अङ्क १९४, मङ्सिर) पृ. ४

अर्ज्याल, डिल्लीरमण शर्मा (वि.सं.२०५९), *'वरिष्ठ कवि भुवनहरि सिग्देल,'* (**"युवामञ्च"** वर्ष १५, अङ्क ७, पुष) पृ. ५६

खनाल, हरि (वि.सं.२०५९), *'काव्यशिल्पको उत्कृष्ट नमुना डल्ले'* (**"सत्याग्रह"** वर्ष ४, अङ्क २, पूर्णाङ्क १४५, भदौ) पृ. १०

खनाल, हरि, 'शास्त्रीय छन्दका कुशल प्रयोक्ता कवि' (**"सत्याग्रह"** वर्ष ४, अङ्क २, पूर्णाङ्क १४६, २०५९ भदौ) पृ. १०

दाहाल, बद्री (वि.सं.२०५९), *'डल्ले खण्डकाव्यमा दृष्टिविन्दु'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, वर्ष १०, अङ्क १८१, भदौ २ गते) पृ. ५

विपश्वी, विष्णु (वि.सं.२०५९), *'यथार्थ जीवन सुन्दर सिर्जना'* (**"नेपाल समाचारपत्र"** वर्ष २, अङ्क २६०, साउन ६) पृ. ७

शर्मा, त्रिनेत्र (वि.सं.२०५६), *'कानीको कथामा उनिएको व्यथा'* (**"प्रकाश"** साप्ताहिक जेष्ठ २४ सोमवार) पृ. ६

शर्मा, हरिचरण (वि.सं.२०५५), *'आर्तनाद खण्डकाव्यको मूल सन्देश'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, भाद्र १३ गते ) पृ. ६

नेपाल, शैलेन्दुप्रकाश (वि.सं.२०५६), *'भुवनहरि र कानीको कुरो'* (**"नेपाल समाचारपत्र"** राष्ट्रिय दैनिक, असार ४) पृ. ख

भट्टराई, अच्युतम (वि.सं.२०५९), *'हराउादै गएको संवेदना र नेपाली साहित्य'* (**"आवाज"** साप्ताहिक, भदौ २०) पृ. ५

भण्डारी, कृष्णप्रसाद (वि.सं.२०५८), *'कुलबहादुर खण्डकाव्य'* (**"गोरखापत्र"** राष्ट्रिय दैनिक, मङ्सिर ३) पृ. ख

वाग्ले, अनन्त (वि.सं. २०६१), *'पात्र र परिवेश'* (**"कान्तिपुर"** राष्ट्रिय दैनिक, मङ्सिर ५) पृ. ७

पाण्डे, हेमराज अभागी (वि.सं.२०६२), *'रो कविता'* (**"गोरखापत्र"** साउन १५ गते, शनिवार) पृ. ख

शर्मा, ठाकुर (वि.सं.२०६२), *'विभुधारा महाकाव्य र भुवनहरि'* (**"रोडम्याप"** साप्ताहिक, वर्ष २, अङ्क २, असार २ गते बिहीवार) पृ. ५

न्यौपाने, दैवज्ञराज (वि.सं.२०५६), *'आधुनिक नेपाल महाकाव्य परम्परामा धरणीधर महाकाव्य'* **"रजहास"** वर्ष ६, अङ्क ६, पृ. ५

–O–